◆ **सम्पादकीय-**

- महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली ! - २

◆ **आवरण**

- साझा सुरुवात : प्रजातन्त्र जिन्दावाद ! – **प्रदीप नेपाल** - ३
- राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा - ५

◆ **अन्तर्वार्ता**

- यो संवाद होइन, आन्दोलनको समय हो – **माधवकुमार नेपाल** - ७
- निरङ्कुशतन्त्रले घुँडा टेक्नु अनिवार्य छ – **झलनाथ खनाल** - ९

◆ **आन्दोलन**

- 'माघ १९' पछिका तीन महिना र पार्टीको भूमिका – **भानुभक्त ढकाल** - ११

◆ **सरोकार**

- शाही कदमको उपज : राष्ट्रसङ्घको निगरानी – **सूर्य थापा** - १३

◆ **विश्व सम्बन्ध**

- शाही 'कू' र अन्तर्राष्ट्रिय चासो– **विष्णु रिजाल** - १५

◆ **घटना**

- केन्द्रीय कार्यालयमा सरकारी आक्रमण - १७

◆ **प्रतिक्रिया**

- शाही कदमपछिका धारणाहरू - १८

◆ **बहस**

- समावेशी प्रजातन्त्र के हो ? - **खगेन्द्र प्रसाईं** - १९

◆ **स्मृति**

- वर्तमान सन्दर्भमा जननेता मदन भण्डारीलाई सम्झँदा - **माधवकुमार नेपाल** - २१

◆ **व्यक्तित्व**

- सामूहिक नेतृत्वका प्रतीक– **कोमल भट्टराई** - २३

◆ **अर्थ**

- प्रस्तावित शान्ति ऋणपत्र नोक्सानदायी – **डा. गोविन्दबहादुर थापा** - २४

◆ **चिनारी**

- राणा शासनविरोधी क्रान्तिका जिउँदा इतिहास – **कमला पराजुली** - २६

◆ **मोफसल**

- भोजपुरमा कम्युनिस्ट आन्दोलन – **शेरधन राई** - २८

◆ **अन्तर्राष्ट्रिय वाम आन्दोलन**

- गुयना : संसदीय सङ्घर्षको उदाहरण - **भक्त गुरुङ** - ३०

◆ **कृति**

# महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली !

*जननेता मदन भण्डारी र उहाँका घनिष्ट सहयोद्धा जीवराज आश्रितको हत्या भएको १२ वर्ष बितिसकेका छन् । उहाँहरूको हत्यामा प्रयोग गरिएका औजारहरू या त नास गरिएका छन्, या तिनलाई खिया लगाएर भुत्ते बनाउने काम भइरहेको छ । तर, मृत्युले उहाँहरूलाई नास गर्न सकेन । ती अनुहारहरू झन्झन् देदीप्यमान भएर हाम्रो चेतनामा घुमिरहेका छन् ।*

*तर, मृत्युले उहाँहरू दुवैलाई नेपाली राजनीतिबाट खोसेर लैजान सकेन । प्रतिगमनको खबरदारी गर्ने मदन भण्डारी र त्यो खबरदारीप्रति सचेत भएर सङ्गठन सञ्चालनमा निरन्तर खटिरहने जीवराज आश्रितको अभाव अहिले झनै गहिरो गरी खड्किएको छ । मदन भण्डारीको भविष्यवाणी पूरा भयो, हाम्रो पार्टी सङ्गठनको ढाँचा चिताइनसक्नुको लुलो भयो भनेर यसो भन्न खोजिएको होइन । हाम्रो पार्टीमा उहाँहरूले छोडेर जानुभएको नासोलाई विकास गर्ने त कुरै छाडौं, तिनको उचित ढङ्गले रक्षा पनि गर्न सकिएन ।*

*प्रजातन्त्रको १२ वर्षको अभ्यास र प्रतिगमनको विनासकारी आक्रमणले नेपाली राजनीतिमा फेरि जनताको बहुदलीय जनवादको सार्थकतालाई पुष्टि गर्ने काम गरेको छ । जुनसुकै रूपको भए पनि एकदलीय तानाशाही अबको विश्वमा असम्भव भइसकेको छ र उदार प्रजातन्त्रको नाममा जनतामाथि थोपरिने केन्द्रीकरणको मान्यता पनि संसारमा असफल सावित भइसकेको छ । सबैखाले श्रमजीवी जनतालाई आफ्नो आधार मान्ने जनताको बहुदलीय जनवादी मान्यता र पार्टी सङ्गठनलाई जनतामा आधारित कार्यकर्ताहरूको पार्टी बनाउने नेताद्वयको योजनाका बारेमा अब गम्भीर छलफल गर्ने मात्रै होइन, त्यसलाई आफ्नो कामको मार्गदर्शक बनाउने काममा हाम्रो पार्टी पङ्क्तिले आफूलाई समर्पित गर्नुपर्नेछ ।*

*मदन भण्डारी र जीवराज आश्रितका विचारहरूलाई जनतामा स्थापित गर्ने जिम्मा लिएको हाम्रो पार्टी र यससँगसँगै कदम मिलाएर हिँडिरहेको मदन-आश्रित स्मृति प्रतिष्ठानले विचारको क्षेत्रमा गर्दै आएका कामहरू प्रशंसित छन् । मदन भण्डारी र जीवराज आश्रितका नाउँमा केन्द्रदेखि जिल्लाहरूमा धेरै प्रतिष्ठानहरू निर्माण गरिएका छन् । नेपालको राजनीति अत्यन्तै गहिरो सङ्कटमा परेको र सबैले जनताको बहुदलीय जनवादलाई आफ्नो मार्गदर्शक बनाउनुपर्ने अवस्था उत्पन्न गएको वर्तमान घडीमा मदन भण्डारी र जीवराज आश्रितलाई सम्मान गर्ने सबै प्रतिष्ठानले जनताको बहुदलीय जनवादको सम्पुष्टि गर्ने खालका कामहरू गरुन्, यी महान् नेताको नामलाई श्राद्धको तर्पण अथवा व्यवसायवृद्धिमा खुम्च्याउने काम कतैबाट नहोस् भन्ने अपेक्षा गरौं ।*

*महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली !*

***(गत माघ १९ गतेको राष्ट्रिय संकटकालका कारण हामीले फागुन, चैत र वैशाख अङ्क प्रकाशित गर्न सकेनौं । यसका कारण पाठकहरुमा पर्न गएको असुविधाप्रति हामी दुःख प्रकट गर्दछौं ।)***

# साझा सुरुवात : प्रजातन्त्र जिन्दावाद !

**' प्रदीप नेपाल**

**रा**जनीति र आन्दोलन दुवै, परिस्थितिसँग सङ्गति राख्ने विषय हुन् । परिस्थितिको सही विश्लेषण हुनसकेन भने दिइएका नाराहरूले सार्थक प्रतिफल दिन सक्दैनन् । राजाको तेस्रो सरकारले तयार गरेको ४३ बुँदे सुधारको कार्यक्रमले राज्यसत्ता सञ्चालनमा भोगेको असफलता र १८ बुँदे कार्यक्रमले आन्दोलन सञ्चालनमा खेपेको असफलताले माग र नाराहरूले परिस्थितिसँग सङ्गति राख्नुपर्ने सच्चाइलाई पुनः उद्घाटन गरेका छन् । मनोगत आधारमा थालिने राजनीतिले कहिल्यै सफलता पाउन सक्दैन भन्ने सत्यलाई माओवादीको आन्दोलनले स्थापित गरिसकेको छ । त्यसैले अहिले मुलुकको अवस्था र त्यसबाट सही दिशातिर उन्मुख हुने राष्ट्रिय मुद्दाका बारेमा हामी सबैले छलफल गर्नुपर्ने वाध्यात्मक अवस्था उत्पन्न भएको छ ।

२०५९ सालको असोज १८ पछि नेपाली राजनीतिमा प्रतिगमन आरम्भ भयो । सरकार ढल्ने अर्थमा मात्र यो प्रतिगमनलाई लिनुहुँदैन । जेठ १८ को उद्घोष थियो- राजनीतिमाथि अराजनीतिको नेतृत्व । त्यसै हुनाले राजाले अराजनीतिक व्यक्तिहरूको मन्त्रिपरिषद् गठन गरे । तर, राजाको यो पहिलो कदम नौ महिनाको असफल अभ्यासपश्चात् खारेज भयो । गैरराजनीतिक

व्यक्तिहरूलाई कर्मचारी बनाउन सकिन्छ, राजनीतिको जिम्मा दिएर देश बनाउन सकिँदैन भन्ने निष्कर्ष नै पहिलो सरकारको पतन थियो ।

आफ्नो पहिलो प्रयत्न असफल भए पनि राजाबाट राजनीतिक दलहरूको भूमिका बुझ्ने कोसिस त्यसपछि पनि भएन । त्यतिबेला दलहरूले सहकार्यको खोजी गरिरहेका थिए तर राजाबाट त्यसलाई लत्याउँदै आफ्नै इच्छामा दोस्रो सरकार गठन गर्ने काम भयो । राजनीतिक दलहरूको तेजोबध गर्ने उद्देश्यमा गठन गरिएको राजाको त्यो दोस्रो सरकारले पनि केही गर्न सकेन । न त्यसले शान्ति स्थापना गर्न सक्यो, न त विकास निर्माणका कुनै सार्थक कामहरू नै आरम्भ गर्न सक्यो । राजइच्छामा गठन गरिएको सरकार पार्टीका नेताहरूकै भए पनि असफल हुन्छ भन्ने सच्चाइको निष्कर्ष थियो दोस्रो सरकारको पतन ।

नक्कली कामले पनि राजनीतिलाई अघि बढ्न दिँदैन भन्ने सच्चाइको घोषणा हो राजाद्वारा गठित तेस्रो सरकार । चार दलहरू समाहित भएको भनिएको राजाको तेस्रो सरकारमा राजाका प्रतिनिधिहरूको उपस्थिति बाँसमा पलाएको ऐजेरु थियो । त्यसै हुनाले त्यो सरकारले पनि प्रजातन्त्रको रक्षाका सन्दर्भमा कुनै काम गर्नसकेन ।

राजाको इच्छामा गठन गरिएका यी तीनओटै सरकारले स्थानीय निकायको पुनर्बहाली गर्न सकेनन्, प्रतिनिधिसभाको पुनर्बहाली गर्न सकेनन् । पुनर्बहालीको कुरो एकछिन छोडिदिने हो भने पनि तीनओटै सरकारले जनताको प्रतिनिधित्वको जिम्मा लिएको राष्ट्रियसभालाई समेत क्रियाशील तुल्याउन सकेनन् । यी तीनओटै सरकारले जीवित रहेको राष्ट्रियसभालाई क्यान्सरको रोगी तुल्याएर मार्ने काममै मद्दत पुऱ्याए । त्यसै हुनाले यी तीनओटै सरकारहरू जनताको सन्दर्भमा इतिहासका भार भए । जहाँसम्म राजापक्षको कुरो हो, यी तीनओटै सरकारले त्यसलाई गजक्कै काँधमै बोकेर हिँडे ।

आफ्ना तीन जना प्रधानमन्त्री र पाँच दर्जन मन्त्रीहरूको कामबाट मुलुकले केही पाउन सकेन भनेरै फरवरी १ तारिखमा राजा स्वयम् अध्यक्ष रहेको चौथो सरकारको गठन भयो । सय दिन सत्ताको कुर्सीमा निदाइसकेको यो सरकारले जनता र राष्ट्रको पक्षमा एउटा सिन्कोसम्म भाँच्न सकेको छैन । आसेपासेलाई दानापानी छर्नेबाहेक यसले कुनै काम गर्नै सकेको छैन ।

किन यस्तो भएको हो ? किनभने राजाका यी चारै पाइलाले परिस्थितिसँग सङ्गति राख्न सकेनन् । यी चारै सरकारले नेपाल कता गइरहेको छ, विश्व कता गइरहेको छ र आफूले कता जानुछ भनेर दिशा ठम्याउनै सकेनन् ।

आन्दोलन गर्न चाहने कार्यकर्ता र आन्दोलनरत दलहरूले पनि परिस्थितिलाई ठीक ढङ्गले बुझ्न सकेनन् भने उनीहरूको आन्दोलनले पनि असफलताको दोसल्ला मात्रै ओढिरहनुपर्ने हुन्छ ।

यतिबेलाको परिस्थिति ठ्याक्कै यस्तो छ- नेपालमा राजनीति कमजोर भएको छ । त्यसै हुनाले पुनः जनताको विश्वास प्राप्त गर्न राजनीतिक दलहरूले आफूमा आमूल परिवर्तन ल्याउनुपर्छ । हाम्रो देशका पार्टी र नेताहरू सत्तालोलुप छन् भन्ने जनतालाई लागेको छ । दलहरूले जनतालाई यो दुस्वप्नबाट मुक्त पार्नुपर्छ । सत्ताको होडबाजीबाट दलहरू पूर्ण रूपले अलग भए भन्ने विश्वास जनतालाई दिन नसक्ने हो भने दलहरूले जनतालाई आन्दोलनका लागि सडकमा ओराल्न सक्छौँ भन्ने सपना नदेखे पनि हुन्छ । राजनीति भनेको त्याग, तपस्या र बलिदानको जीवन हो भन्ने मान्यतालाई आफूमा लागू गर्न नसक्ने हो भने नेपालका राजनीतिक दल तथा नेताहरूले राजनीति गर्नै छोडिदिए हुन्छ ।

अहिले नागरिक समाज र सङ्घसंस्थाहरूको भूमिका अत्यन्तै धेरै बढेको छ । राजनीति कमजोर भएको हुनाले मात्रै यस्तो भएको होइन, अन्तर्राष्ट्रिय रूपमै गैरसरकारी सङ्गठनहरूको भूमिका बढेको छ । यतिबेला संयुक्त राष्ट्रसङ्घीय निकायहरूको भूमिका तेस्रो विश्वका मुलुकहरूमा अत्यन्तै प्रभावकारी भएको छ । यो सच्चाइलाई नेपालको वर्तमानले राम्ररी पुष्टि गरिरहेका छन् ।

नेपाली राजनीतिले बुझ्नुपर्ने अर्को पक्ष हो- नेपालप्रति अन्तर्राष्ट्रिय जगत्मा बढेको चासो । नेपालको प्रजातन्त्रलाई अहिले अन्तर्राष्ट्रिय समुदायले टेवा दिएर उभ्याउने कोसिस गरिरहेको छ । जति लज्जाजनक वाक्य लागे पनि सत्यलाई तिरस्कार गर्न मिल्दैन । गएको सय दिनमा नेपालभित्र भएका सानातिना आन्दोलनका घटनाले भन्दा पनि जेनेभाको बैठकमा भएका बहसले सरकारलाई चरम निरङ्कुशतातर्फ आफ्ना पाइला बढाउन रोकेको छ । नेपालभित्रको आन्दोलनको दबाबका कारण नेपालको सङ्कटकाल हटाइएको होइन, नेपालबाहिरका दातृसंस्था र दातृराष्ट्रको चर्को दबाब थेग्न नसकेर अनि मुलुक चलाउने पैसा बटुल्नका लागि अन्तर्राष्ट्रिय जगत्मा प्रजातन्त्रको भ्रम दिन सकिन्छ भनेरै सैनिक अथवा गैरसैनिक तर सरकारी सहयोग प्राप्त गर्नका लागि मात्रै कागजमा सङ्कटकाल हटाइएको छ । नेपाल अहिले अन्तर्राष्ट्रिय एजेन्डामा चढिसकेको छ । संयुक्त राष्ट्रसङ्घका महासचिवले समेत नेपालमा प्रजातन्त्रको पुनःस्थापना अनिवार्य भएको घोषणा गरेर नेपालको परिचय पृथ्वीभरि छरिदिएका छन् । विश्वव्यापी रूपमै नेपाल प्रताडित भएको छ । त्यो प्रताडनाबाट बच्न सकिन्छ कि भनेर मात्रै नेपालमा ओठे प्रजातन्त्रको गीत गाउने काम भइरहेको छ ।

प्रजातन्त्रको पक्षमा, राजनीतिक दलहरूको पक्षमा यस्तो सकारात्मक अन्तर्राष्ट्रिय सद्भाव र सहयोगको वातावरण हुँदा पनि किन आन्दोलन उठ्न सकिरहेको छैन ? किनभने नेपालभित्र राजनीतिक दलका नेता र कार्यकर्ताहरूमै पनि त्रास र अविश्वासको चेतना बढेको छ । किन आउन मान्दैनन् पार्टी सदस्यहरू सडकमा ? यसलाई राजनीति गर्नेहरूले बुझ्नु जरुरी छ । राज्यको आततायी चरित्रसँग प्रत्येक नागरिक डराएको छ, सन्त्रस्त छ र त्यसको छाप सबै पार्टीका सदस्यहरूमा पनि परेको छ ।

जसरी हिजो राजाका तीनओटा सरकारले जनताको समर्थन पाउन सकेका थिएनन्, यो चौथोको हालत पनि त्यस्तै भएर समाप्त हुनेछ । कम्तीमा हिजो त अन्तर्राष्ट्रिय मित्रहरूको समर्थन सरकारले पाएको थियो, अहिले त त्यो पनि छैन भन्ने

सबैलाई थाहा छ । प्रत्येक व्यक्ति आफ्नो परिचय खोजिरहेको यस एक्काइसौँ शताब्दीमा नेपालमा गरिएको सत्ताको चरम केन्द्रीकरण सफल हुने कुनै सम्भावनै छैन । नेपालमै पनि परिचयको खोजीले गम्भीर रूप लिइसकेको छ । मानिसहरू सङ्घात्मक नेपालको चेतनामा पुगिसकेको अवस्था हो यो । यस्तो अवस्थामा शोषणमुखी केन्द्रीकरण कसरी सफल हुन्छ ? नेपालका राजनीतिक दलहरूले विकेन्द्रीकरणलाई गाउँ तहसम्मै पुऱ्याउने प्रतिबद्धता जाहेर नगर्ने हो भने लामो समयसम्म नेपालमा आन्दोलनको वातावरण नै बन्नसक्दैन ।

नेपाली राजनीतिको एउटा गम्भीर त्रुटि फेरि नदोहोरियोस् । नेपाली राजनीतिमा भाषण धेर हुन्छ, काम पटक्कै हुँदैन भने पनि हुन्छ । राजाको प्रतिबद्धता भनेर मन्त्रीहरूले फरवरी १ तारिखको शाही घोषणालाई प्रत्येक दिन बिहानको गायत्री जसरी रटिरहेका छन् । तर, बहुदलीय प्रजातन्त्रप्रति प्रतिबद्धता जाहेर गरेको त्यो घोषणापत्रको वास्तविक रूप अहिले पनि झ्यालखानहरूमा खोज्न जानुपर्दछ । प्रजातन्त्रप्रति सर्वाधिक निष्ठा जाहेर गर्ने दलका नेताहरू मात्र यतिबेला झ्यालखानमा कोचिएका छन् । ती नेतामध्येका नब्बे प्रतिशतलाई प्रजातन्त्रप्रति निष्ठा जाहेर गरेकै 'अपराध' मा थुनिएको छ भने बाँकीलाई जाली मुद्दा लगाएर दुःख दिने काम भइरहेको छ । बोली एकातिर व्यवहार अर्कातिरको यो प्रदर्शन पछिल्लो निकम्मा सरकारको मात्र परिचय होइन । यो त दशकौं लामो नेपाली राजनीतिक यात्राको निरन्तरता मात्र हो । नेपालमा मन्त्रीले गर्ने भाषणको त कुनै अर्थै हुँदैन । स्वयम् राजाको घोषणलाई समेत पत्याउन नसकिने अवस्था नेपालमा उतपन्न भएको छ । यो निष्कर्ष फरवरी १ तारिखको शाही घोषणाको अनुहार हेरेर गरिएको होइन । दुई दशकभन्दा पहिले नेपालका राजाले ०४२ सालको चैत मसान्तसम्म नेपालका सबै जिल्ला सदरमुकाममा मोटरबाटो पुगिसक्ने घोषणा गरेका थिए । बिचरा तीसको दशकान्तमा घोषणा गरिएका सदरमुकामहरूमा अहिले निर्धारित गरिएको लक्ष्यलाई बीस वर्षले नाघिसक्दा पनि बाटो पुग्न सकेको छैन ।

भाषण निरङ्कुशतन्त्रको मात्र विशेषता हो भन्ने भ्रम कसैलाई नपरोस् । बितेको प्रजातान्त्रिक शासनका बेलामा पनि भाषणमा धेरै सडक बने, प्रशासनमा ठूलै सुधार भए तर जनताले अनुभूत गर्नसक्ने गरी तत्सम्बन्धी काम त्यसको दशाङ्स पनि भएन । आगामी दिनमा यस्तो नहोस् । पार्टीका नेताहरू मात्र होइन, सिङ्गो पार्टीपङ्क्ति राजनीतिक स्खलनमा गएको यो १२ वर्षको तीतो अनुभव हो । अब यस्तो पनि नहोस् । जनताले केन्द्रीय वा स्थानीय नेतालाई आफ्ना लागि मरिमेट्ने व्यक्तिका रूपमा चिन्नुनपरोस्, जनताका आँखामा सबैखाले नेताहरू त्याग र तपस्याका प्रतिमूर्ति बनून् ।

अहिलेको मूल नारा के हो ? प्रजातन्त्र । नेपालको युवापुस्ताले यद्यपि गणतन्त्रको आग्रह गरिरहेको छ । तर, मागकै आधारमा गणतन्त्रको स्थापना हुन्छ र ! चार दिन सडकका चोकहरूमा छड्के जुलुस निकालेर अथवा एकाधपटक आन्दोलनका ज्वालाहरू दन्काउँदैमा गणतन्त्र स्थापना हुन्छ र ! अहँ, हुँदैन । त्यो लामो तपस्याको कार्य हो । अहिलेको अवस्थामा गणतन्त्रको नारालाई प्रचारात्मक नाराका रूपमा बुझ्नु गलत हुँदैन तर त्यो क्रियात्मक नारा बन्न सक्दैन । चरित्रमा आतङ्कवादी प्रमाणित भइसकेको माओवादीले गणतन्त्र भनेकाले हामीले गणतन्त्रको नारा दिनुहुँदैन भनेर यहाँ स्पष्टीकरण दिन खोजिएको होइन । माओवादीको लडाइँसँग जोड्ने हो भने त गणतन्त्रलाई जनताविरोधी, अविवेकी, ज्यानमारा र सम्पूर्ण रूपमा असफल नारा भनिदिए हुन्छ, सभ्य मानिसले कहिल्यै लाउन नहुने नारा भनिदिए हुन्छ । तर, माओवादीहरू राजनीतिका निर्धारक होइनन् । उनीहरूले गणतन्त्रको नारा लाएर व्यवहारमा निरङ्कुशतन्त्रलाई बलियो बनाएको हुनाले गणतन्त्रको नारा माओवादीको राजनीतिसँग जोडिनै सक्दैन ।

नेपाल र नेपालीलाई चाहिएको नारा प्रजातन्त्रकै हो । यसप्रति नेपाली जनताको ममता छ । यद्यपि, प्रजातन्त्र नागरिकको आफ्नो अधिकार हो तर अहिले प्रजातन्त्र पार्टीहरूकै जिम्मेवारी हो भन्ने नागरिकलाई लागे पनि त्यो जनताले चाहेको प्रणाली हो । नेपालभित्र एक जनाले पनि प्रजातन्त्र मुर्दावाद भन्दैन ।

नेपालभित्रको मात्र कुरो होइन, नेपालबाहिर पनि सबै मित्रशक्तिहरूले नेपालमा प्रजातन्त्रको बहाली नै मागिरहेका छन् । हामी आफ्ना निजी मागहरू लिएर अन्तर्राष्ट्रिय समुदायमा टिक्न सक्दैनौं । उनीहरूसँग तालमेल कायम गर्ने हो भने, हाम्रो आन्दोलनमा उनीहरूलाई आफ्नो पक्षमा उभ्याउने हो भने हामीले उनीहरू र हाम्राबीच राजनीतिक मुद्दा र नाराको सामिप्यता पनि कायम गर्नुपर्छ ।

# राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा

देश र जनता यतिबेला गम्भीर सङ्कटबाट गुज्रिनुपरिरहेको कुरा सबैलाई विदितै छ । मुलुकमा बहुदलीय प्रजातन्त्र स्थापना भएको पाँच वर्ष नपुग्दै नेकपा (माओवादी) ले सुरु गरेको सशस्त्र द्वन्द्वले जन्माएको हिंसा र प्रतिहिंसाको क्रममा अहिलेसम्म १२ हजारभन्दा बढी नेपाली नागरिकहरूको ज्यान गइसकेको छ, सयौं मानिसहरू बेपत्ता भएका छन्, हजारौं मानिसहरू अपाङ्ग बनेका छन् र लाखौंको सङ्ख्यामा विस्थापित छन् । यो समस्याको राजनीतिक समाधान पहिल्याउनुपर्ने आवश्यकता विपरीत माघ १९, २०६१ मा राजाबाट बलात् शाही घोषणामार्फत प्रत्यक्ष रूपमा सम्पूर्ण सत्ता आफ्नो हातमा लिने काम भयो । त्यसपछि मुलुकको स्थिति झन् द्वन्द्वग्रस्त र जटिल बन्दै गएको छ । देश राजनीतिक रूपमा झन् बढी विभाजित हुँदै गएको छ । जनताका मौलिक हकहरू निलम्बित गरिएका छन्, राजनीतिक दलका नेता र कार्यकर्ताहरू, सञ्चारकर्मीहरू, मानवअधिकारवादीहरू र प्रजातन्त्रको पक्षमा आवाज उठाउनेहरू बन्दी बनाइएका छन् । भ्रष्टाचार नियन्त्रण गर्ने नाममा असंवैधानिक तबरले शाही आयोग गठन गरी राजनीतिक नेता, कार्यकर्तासमेतको तेजोबध गरिने क्रम सुरु भएको छ । प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाइएको छ । नेपाली नागरिकहरू राज्यको अवाञ्छित दबाब र बन्देजबाट पीडित पारिएका छन् । यही कारणले गर्दा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र प्रतिष्ठामा समेत गम्भीर क्षति पुग्न गएको छ । मुलुकमा लगाइएका सङ्कटकाल हाल आएर हटाउन बाध्य भए पनि देशको समग्र स्थितिमा कुनै सुधार भएको छैन ।

१८ असोज ०५९ को असंवैधानिक र प्रतिगामी शाही घोषणाका विरुद्ध राजनीतिक दलहरू, पेसागत सङ्घसंस्थाहरू, नागरिक समाज र नेपाली जनता आ-आफ्ना ढङ्गले आन्दोलित रहँदै आएका थिए ।

माघ १९, ०६१ को शाही घोषणा राजाद्वारा निरङ्कुश रूपमा प्रत्यक्ष शासन चलाउन गरिएको घोर अप्रजातान्त्रिक, असंवैधानिक र प्रतिगामी कदम हो । यसका विरुद्ध सात राजनीतिक दल शान्तिपूर्ण, संयुक्त र सशक्त जनआन्दोलनको आवश्यकतामा सहमत भएका छौं । यसै पृष्ठभूमिमा हामी राजनीतिक दलहरू पूर्ण प्रजातन्त्र एवं दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति गर्दै देशलाई अग्रगमनतर्फ डोऱ्याउन निम्नबमोजिमको साझा सहमति र प्रतिबद्धताका आधारमा एकताबद्ध भएको घोषणा गर्दछौं ।

**विगतको संक्षिप्त मूल्याङ्कन**

०४६ सालको संयुक्त जनआन्दोलनले मुलुकमा ऐतिहासिक परिवर्तन ल्याएको थियो । त्यसले देशमा प्रजातान्त्रिक र राष्ट्रिय विकासको प्रक्रियालाई एउटा नयाँ उचाइमा उठाएको थियो । देशमा लोकतान्त्रिक अभ्यासलाई अघि बढाउने, कानुनी राज्यको अवधारणा र विकेन्द्रीकरणको प्रक्रियालाई विस्तार गर्दै लाने, साधनको बाँडफाँट गर्ने परिपाटीमा परिवर्तन ल्याउने, विकासको भौतिक पूर्वाधारहरू निर्माण गर्ने र शिक्षा, स्वास्थ्य, सञ्चार, बिजुली र खानेपानीको विकास र विस्तार गर्ने क्षेत्रमा उल्लेखनीय प्रगति भएका छन् । त्यति हुँदाहुँदै पनि महिला, जनजाति, दलित, मधेसी समुदाय, पिछडिएका क्षेत्र, गरिब र विपन्न वर्गलाई परिवर्तनको व्यापक अनुभूति दिलाउने गरी प्रजातन्त्रलाई अझ गहिरो, व्यापक, उन्नत र समावेशी बनाउने तथा सामाजिक-आर्थिक रूपान्तरण गर्ने दिशामा कमी-कमजोरी रहन गए । यस अवधिमा संसद्द्वारा सुशासन र भ्रष्टाचार नियन्त्रणका दिशामा संस्थागत व्यवस्था गरियो तर पनि भ्रष्टाचारको समस्या हाम्रो समाजमा विद्यमान रह्यो । हिंसात्मक द्वन्द्वको व्यवस्थापन गर्ने र प्रतिगमनको खतरालाई समयमै महसुस गरेर त्यसका विरुद्ध सजग र सतर्क हुनुपर्ने कुरामा पनि कमी-कमजोरीहरू रहन गए ।

आ-आफ्ना कमी-कमजोरीप्रति आत्मआलोचित हुने र तिनीहरूलाई फेरि दोहोरिन नदिने सङ्कल्प गरी ०४६ सालको आन्दोलन तथा प्रजातन्त्र पुनःस्थापनापछिका वर्षहरूको उपलब्धिहरूको रक्षा गर्दै हामी प्रजातन्त्र र राष्ट्रिय विकासको प्रक्रियालाई अझ उन्नत बनाउन संयुक्त प्रयासलाई अघि बढाउने प्रतिबद्धता प्रकट गर्दछौं ।

**१. अतिवाद होइन, प्रजातान्त्रिक मार्गको अवलम्बन**

यतिबेला नेपाली जनता र राष्ट्र राजाको प्रत्यक्ष शासनबाट सुरु गरिएको दक्षिणपन्थी अतिवाद र नेकपा (माओवादी) ले सञ्चालन गरिरहेको उग्रवामपन्थी अतिवादबाट आक्रान्त बनेका छन् । यी दुवै अतिवादबाट मुलुकलाई मुक्त गरी संवैधानिक र जनप्रतिनिधिमूलक शासन र प्रजातान्त्रिक मार्गतर्फ नलगुन्जेल देश र जनताको कुनै पनि समस्याहरू समाधान गर्न सकिन्न । प्रजातन्त्र र जनप्रतिनिधिमूलक शासन नै राष्ट्रिय राजनीतिमा कार्यरत सबै शक्तिहरूबीचको राष्ट्रिय सहमतिको मूल आधार हो ।

**२. राजाको निरङ्कुश शासनको अन्त्य : आजको आवश्यकता**

राजाको प्रत्यक्ष शासनले संविधान र संसद्को सर्वोच्चता र जनअधिकारलाई लत्याएर देशलाई निरङ्कुशतातर्फ डोऱ्याएको छ । एक्काइसौं शताब्दीको नेपालमा पनि निरङ्कुशताको पुरातन र बर्बर प्रयोग हुनुले नेपाल र नेपाली जनताको राष्ट्रिय प्रतिष्ठालाई विश्व जनमतका सामु गम्भीर रूपमा क्षति पुऱ्याएको छ । त्यसैले मुलुकलाई संवैधानिक र प्रजातान्त्रिक राजनीतिक मार्गतर्फ उन्मुख गराउन सर्वप्रथम सम्पूर्ण राजनीतिक बन्दीहरूको रिहाइ, मौलिक हक तथा प्रेस स्वतन्त्रताको बहाली र सम्पूर्ण राजनीतिक दलहरूलाई निर्बाध रूपले क्रियाशील हुने उन्मुक्त वातावरणको निर्माण र निरङ्कुश शासनको अन्त गरी संविधानलाई क्रियाशील बनाउने र जनप्रतिनिधि शासनको बहाली गर्दै अग्रगामी दिशातर्फ अघि बढ्नुपर्दछ ।

मुलुकको शासनाधिकार जनतामा रहनुपर्दछ र जनप्रतिनिधि संस्था क्रियाशील नरहेको अवस्थामा नेपालको समग्र परिवर्तन र विकासमा ऐतिहासिक भूमिका पूरा गरेका र जनअनुमोदित राजनीतिक दलहरू नै जनताका प्रतिनिधि हुन् भन्ने वास्तविकतालाई स्वीकार गरिनुपर्दछ । वर्तमान परिस्थितिमा जनताको शासनाधिकारको माग गर्ने राजनीतिक दलहरूको यो सहमति र प्रतिबद्धताले जनताको अधिकार र आकाङ्क्षालाई प्रतिनिधित्व गर्दछ ।

**३. जनप्रतिनिधि शासनका लागि प्रतिनिधिसभाको पुनःस्थापना**

देश जनप्रतिनिधिविहीन भएको मौका पारेर अहिले निरङ्कुशता थोपरिएको छ । राजाको प्रत्यक्ष शासनले समग्र संवैधानिक व्यवस्था र जनअधिकार क्षतविक्षत भएको छ । यसका साथै विद्यमान असुरक्षाको भयावह स्थितिमा जनप्रतिनिधिहरूको स्वतन्त्र,

निष्पक्ष र भयमुक्त निर्वाचन हुनसक्ने अवस्था छैन । यस्तो स्थितिबाट मुलुकलाई मुक्त गरी संविधानलाई पूर्ण रूपमा क्रियाशील गराउन, अवरुद्ध भएको प्रजातान्त्रिक एवं विकास प्रक्रियालाई गतिशील बनाउन, हिंसात्मक द्वन्द्वलाई व्यवस्थापन गर्दै स्थायी शान्ति स्थापित गर्न तथा मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अग्रगमनतर्फ लैजाने जस्ता उद्देश्य प्राप्तिका लागि संसद्को उपस्थिति र क्रियाशीलता अपरिहार्य भएकाले विघटित प्रतिनिधिसभाको पुन:स्थापना अहिले देशको साझा माग र अनिवार्य आवश्यकता भएको छ भन्ने कुराप्रति हामी प्रतिबद्धता व्यक्त गर्दछौँ ।

४. **राष्ट्रिय सङ्कट समाधानका निम्ति केही प्रमुख कार्यसूची**

मुलुकको विद्यमान सङ्कट समाधान गर्ने दिशामा पुन:स्थापित संसद्ले राजनीतिक दल र नागरिक समाजको व्यापक शक्ति र समर्थन प्राप्त गर्दै निम्न बमोजिमका कार्य सम्पादन गर्नेछ :

(**क**) **संसद्प्रति उत्तरदायी सरकार** : मुलुकमा विद्यमान सबैखाले द्वन्द्वको समाधान गर्न, राजनीतिक स्थायित्व र अग्रगामी परिवर्तनलाई अघि बढाउन पुन:स्थापित प्रतिनिधिसभाद्वारा संसद्प्रति उत्तरदायी व्यापक सहमतिको सर्वदलीय सरकारको गठन गरिनेछ ।

(**ख**) **हिंसात्मक द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना** : माओवादी सशस्त्र द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना अहिलेको एउटा प्रमुख राष्ट्रिय आवश्यकता हो । अग्रगामी राजनीतिक निकासद्वारा जनतालाई पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउँदै हिंसात्मक द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना नै संसद् र सर्वदलीय सरकारको मूल एजेन्डा हुनेछ । मुलुकका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक प्रश्नहरूको समाधानका लागि प्रजातान्त्रिक निकासको साझा प्रस्ताव निर्माण गरी माओवादीलाई शान्तिपूर्ण प्रक्रियामा सरिक हुन आवश्यक वातावरण सिर्जना गरिनेछ । यस सन्दर्भमा मानवअधिकार आचारसंहिताको निर्माण गरी द्वन्द्वरत सबै पक्ष सहमत हुने र शान्ति प्रक्रियामा क्रियाशील सबै जिम्मेवार राजनीतिक दल र नागरिक समाजले सकारात्मक योगदान गर्न सक्ने वातावरण तयार गरिनेछ ।

(**ग**) **अग्रगमनको कार्यक्रमसम्बन्धी प्रतिबद्धता** : प्रजातान्त्रिक प्रक्रियामा अघि बढ्दा वा द्वन्द्व व्यवस्थापन र दिगो शान्तिका लागि राजनीतिक समझदारी र प्रबन्धमा जाँदा जनतामा निहित सार्वभौमसत्ता, जनता नै राजकीय शक्तिको स्रोत रहने मान्यताको अक्षुण्णता, बहुदलीय संसदीय शासन प्रणाली, हिंसा एवं त्रासबाट मुक्त बहुदलीय प्रतिस्पर्धा, कानुनको शासन तथा न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षता कहिल्यै अपहरित नहुने गरी पूर्णत: सुनिश्चित गरिनेछ । यसका साथै राष्ट्रिय महत्त्वका विषयमा जनमत सङ्ग्रहको प्रावधान, सेना जननिर्वाचित सरकारप्रति जवाफदेही हुने व्यवस्था, राज्यको पुनर्संरचना गरी यसलाई थप सहभागितामूलक, प्रतिनिधिमूलक र मुलुकका सामाजिक, सांस्कृतिक, भौगोलिक, जातीय र भाषिक सुनिश्चितता, पूर्ण रूपले पारदर्शी आर्थिक प्रशासनको स्थापना, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, महिला, दलित, पिछडिएका जनजाति, मधेसी समुदाय, पिछडिएका क्षेत्र र जनताका निम्ति न्यायपूर्ण आरक्षणको व्यवस्था, उपयुक्त आधार वर्ष तय गरी नागरिकता समस्याको समाधान, समानुपातिक विकासको अवधारणा, प्रगतिशील भूमिसुधार, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य सुलभ र समुचित बन्दोबस्त, राजनीतिक दलहरूको पारदर्शी, प्रजातान्त्रिक एवं उत्तरदायित्वपूर्ण सञ्चालनलगायतका विषयहरू पनि भावी संवैधानिक संरचनाका विषय बनाउने कुराप्रति हामी प्रतिबद्धता प्रकट गर्दछौँ ।

(**घ**) **संविधानसम्बन्धी प्रश्नको निरूपण** : नेपाल अधिराज्यको संविधान २०४७ ले जनतालाई राज्य शक्तिको स्रोत मान्नुका साथै सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा नै निहित रहेको तथा तिनको प्रयोग संविधानबमोजिम हुने व्यवस्था गरेको छ । ०४६ सालको आन्दोलनको यो मूल उपलब्धि कुनै पनि बहानामा नखोसिने गरी जनतालाई थप सबल तथा पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउन र देशलाई अग्रगमनतर्फ लैजान ठोस आधार तय गर्ने प्रतिबद्धता प्रकट गर्दछौँ ।

मुलुकका सबै राजनीतिक शक्तिहरूलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउनका लागि अग्रगमनको साझा कार्यक्रमका आधारमा संविधानसम्बन्धी प्रश्नको निरूपण गरिनुपर्दछ । मुलुकमा विद्यमान सबै द्वन्द्वलाई समाधान गर्न संविधानसभालगायत सबै प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्न तयार रहने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

(५) **अग्रगमनको आधार : नेपाल अधिराज्यको संविधान २०४७** : नेपाल अधिराज्यको संविधान २०४७ लाई आधार मानी मुलुकको राजनीतिक सङ्कटको निकास र अग्रगमनतर्फ अघि बढ्ने प्रतिबद्धता प्रकट गर्दछौँ ।

(६) **राष्ट्रिय निर्वाचनको आयोजना** : संवैधानिक प्रश्नको निरूपण गर्दै निश्चित अवधिभित्र राष्ट्रिय निर्वाचनको आयोजना गरिनेछ । यस्तो निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष, भयमुक्त र सुव्यवस्थित गर्न अन्तर्राष्ट्रिय अनुगमन र सहयोगसमेत सुनिश्चित गर्न सकिनेछ ।

साझा सहमति र प्रतिबद्धताको यस प्रक्रियाबाट मुलुकको वर्तमान गम्भीर सङ्कटको निकास निस्कन सक्छ भन्ने हाम्रो विश्वास छ । यो प्रक्रियाबाट मुलुकको सङ्कट समाधान गरी पूर्ण प्रजातन्त्रको स्थापना गर्नु नै शान्तिपूर्ण जनआन्दोलनको लक्ष्य हो । यस्तो लक्ष्य लिएर संयुक्त जनआन्दोलनमा अघि बढेर मात्र निरङ्कुशतन्त्रलाई अन्त्य गर्न सकिनेछ । यो लक्ष्य प्राप्त गर्न हामी निम्नलिखित दलहरू आन्दोलनको साझा कार्यक्रम र आचारसंहिता निर्माण गरी शान्तिपूर्ण आन्दोलनका निम्ति प्रतिबद्ध भएको घोषणा गर्दछौँ ।

# यो संवाद होइन, आन्दोलनको समय हो

**माधवकुमार नेपाल**, महासचिव

*० ९० दिनपछि नजरबन्दमुक्त हुँदा बाहिरको अवस्था कस्तो लाग्यो ?*

- खासै फरक लागेको छैन । अहिले पनि जनताका आधारभूत अधिकारहरू कुण्ठित छन्, प्रजातन्त्रको हत्या गरिएको छ, राजनीतिक दलमाथिको थुनछेक कायम छ, प्रेसमाथिको सेन्सरसिप जारी छ, नागरिकको जीवन अस्तव्यस्त छ ।

*० तर, सङ्कटकाल त हट्यो नि !*

- कागजमा मात्रै हटेको छ । सुरक्षा तैनाथी, दलहरूका गतिविधिमाथिको रोक, निषेधाज्ञाजस्ता कुराले अहिलेको अवस्था के छ भन्ने स्पष्ट पार्दछ ।

*० रिहा भएकोमा खुसी हुनुहुन्छ ?*

- खुसी हुनुपर्ने कुनै कारण छैन । अहिले म रिहा भए पनि प्रजातन्त्र कस्टडीमै छ । हाम्रो पार्टीका स्थायी र केन्द्रीय कमिटीका सदस्यका साथै अन्य दलका नेताहरू कस्टडीमै हुनुहुन्छ । यो अवस्थामा मेरो रिहाइबाट खुसी हुनु आवश्यक छैन ।

*० 'माघ १९' को १० बजेसम्म मुलुकमा यस्तो होला भन्ने लागेको थियो ?*

- केही आशङ्काहरू थिए । दरबारियाहरूका गतिविधि, प्रतिक्रिया, अन्तर्वार्ता र भनाइले त्यस्तो संकेत गरेका थिए । राजाले 'टेकओभर' गर्छन् कि भन्ने लागेको थियो ।

*० रोकथामबारे केही छलफल भएन ?*

- सत्तामा भएका दलहरूबीच यसबारे कुराकानी भएका थिए । मैले त राजासँगको भेटघाटमा पनि कुराकानी गरेको थिएँ । केही कदम चाल्न सकिन्छ कि भनेर तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग कुराकानी पनि भएका थिए । तर, थाहा छैन, उहाँको के बाध्यता थियो, कुनै कदम चाल्न तयार हुनुभएन ।

*० राजासँग संवाद गर्नुहुन्न ?*

- अहिले यो प्रश्नै होइन । अहिले आन्दोलन मात्रै हाम्रो उद्देश्य हो । निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापना नै हाम्रो एकल एजेन्डा हो । अब हामी आशामुखी होइन, आन्दोलनमुखी हुनुपर्छ ।

*० तर बढी आशामुखी भएको आरोप त तपाईंमाथि नै लाग्छ नि !*

- कुनै निश्चित बिन्दुमा केही गल्ती भएका छन् भने तिनकै गीत गाउने होइन, शिक्षा लिएर अगाडि बढ्नुपर्छ ।

*० वार्ता नगर्ने तपाईंहरूको नीति हो त ?*

- कस्तो कुरा गर्नुभएको ! अहिले वार्ता र संवादको कुरा गर्ने बेलै होइन । प्रजातन्त्रको हत्या भएको छ, साथीहरू जेलमा छन्, नागरिक हक अपहरण भएको छ, राजाले ज्यादती गरेका छन् । हामीले वार्ताको कुरा गर्दै हिंड्न सुहाउँछ ? आन्दोलनले नै सबै कुराको ठेगान लगाउँछ ।

*० यसबारेमा दलहरूबीच सहमति कायम हुन्छ ?*

- हुन्छ र हुनुपर्छ । प्रजातन्त्रको विषयमा एकमत हुनैपर्छ । पार्टी, प्रबुद्ध समुदाय, नागरिक समाज, मानवअधिकारवादी सबै मिल्नुपर्छ । अहिले एकता त्योसँग सम्भव छ, जसले प्रजातन्त्र मान्छ । जनताको फैसला निःसर्त रूपमा सबैले मान्ने अवस्था सिर्जना गर्नुपर्छ । जनताभन्दा कोही माथि छैन ।

*० त्यसको प्रस्थानबिन्दु संसद् पुनःस्थापना हुनसक्छ ?*

- त्यसबारे छलफल गर्नुपर्छ । यो पहिले पनि विवादको विषय बनेको थियो । त्यसकारण नै हामीले 'सर्वदलीय सरकार वा संसद् पुनःस्थापना' भनेका थियौं । सबभन्दा मुख्य कुरा सार्वभौमसत्ता जनताको हातमा कसरी ल्याउने भन्ने नै हो । राजाको हातबाट शासन कसरी खोस्ने भन्ने नै हाम्रो उद्देश्य हो । सिङ्गो राज्य र समाजको प्रजातान्त्रीकरण र नयाँ संरचना निर्माण नै हाम्रो लक्ष्य हो ।

*० यी कुरा अहिलेको संविधानमा अटाउँछन् त ?*

- त्यसका लागि नयाँ संविधानमा जानुपर्छ भन्ने हाम्रो मान्यता छ । हामीले विभिन्न प्रस्ताव पनि ल्याएका थियौं विगतमा । संविधानसभाबाट समाधान निस्किन्छ भने त्यसमा जान पनि तयार हुनुपर्छ भन्ने हाम्रो धारणा हो ।

*० प्रस्ताव धेरै ल्याउने तर पार नलगाउने तपाईंहरूको चलन छ नि !*

- हामी लचिलो बनेका हौं । अरूले हठ नछोडेपछि हामी लचिलो बन्छौं । जब एक्लै जान सक्ने अवस्था छैन भने सहमतिका लागि कसै न कसैले केही त छोड्नुपर्‍यो । हामी जिम्मेवार बनेका हौं ।

*० तपाईंहरू कुन कित्तामा, 'शान्तिवादी' कि 'आतङ्कवादी' ?*

- हामी यस्तो दुईकित्ते चिन्तनमा विश्वास गर्दैनौं । पहिले माओवादीले यस्तै भन्थे, अहिले दरबारियाहरू भन्दैछन् । हामी शान्तिपूर्ण राजनीतिमा विश्वास राख्छौं, कुनै किसिमको अधिनायकवाद स्वीकार्दैनौं ।

*० गाउँमा माओवादीको प्रभाव छ, सहरमा सेनाको, यस्तो बेला कसरी हुन्छ आन्दोलन ?*

- गाउँमा माओवादीको प्रभाव होइन, आतङ्क छ, सदरमुकाममा सेनाको आतंक छ । हामी दुवै अतिवादका सिकार भएका छौं । यसबाट जनतालाई मुक्त गर्न आन्दोलन गर्छौं ।

*० विगतमा आन्दोलन गर्नुभयो । तर, सरकार बनाउने बेलामा फुट आयो, अब त्यस्तो हुँदैन भन्ने के ग्यारेन्टी ?*

- आन्दोलनमा यस्ता उतारचढाव संसारभरि नै आउँछ तर अब हामीले सुस्पष्ट रूपमा एजेन्डा तय गर्नुपर्छ । केके सवालमा के गर्ने भन्ने पहिल्यै निर्क्योल गर्नुपर्छ ।

*० तीन महिनामा राजनीतिक दलभित्र पुनर्गठन र पुनर्संरचनाको मुद्दा जोडतोडका साथ उठिरहेको छ । यसलाई कसरी लिनुभएको छ ?*

- मलाई यसबारेमा विस्तृत रूपमा जानकारी छैन । तर, म एउटा कुरा भन्न सक्छु- विगतमा भएका कमी-कमजोरीप्रति जसको जिम्मेवारी जे छ, त्यो स्वीकार्नुपर्छ । यसको विश्लेषण गर्दा पनि हामी अतीतमुखी होइन, भविष्यमुखी हुनुपर्छ । आजको एजेन्डामा कसरी सहमत हुन सकिन्छ भन्ने बारेमा ध्यान केन्द्रित हुनुपर्छ ।

० आजको स्थिति आउनमा राजनीतिक दलको नेतृत्व असफल भएको कुरा स्वीकार्नुहुन्न ?

- यो त विषयवस्तुलाई मोड्ने प्रचार मात्रै हो । गल्ती राजाले गर्ने, दोष हामीले लिनुपर्ने ? जहाँसम्म नेतृत्व परिवर्तनकै कुरा छ, यसका पनि निश्चित विधि र प्रक्रिया छन् । महाधिवेशन र केन्द्रीय कमिटीले नीतिहरू पारित गरेका छन् । त्यसको आधारमा मूल नेतृत्वले जिम्मा लिने कुराबाट कोही पन्छिन मिल्दैन । राम्रो मात्र होइन, नराम्रो कुराको पनि जिम्मेवारी लिनुपर्छ ।

*० त्यसका लागि तपाईं तयार हुनुहुन्छ ?*

- महाधिवेशन र केन्द्रीय कमिटीका निर्णयका आधारमा मैले जिम्मेवारीबाट पन्छिन मिल्दैन । इमानदारी र निष्ठाका साथ मूल्यांकन गर्नुपर्छ । फेरि पनि एमाले भएकोमा गौरवबोध गरेर मात्रै निष्कर्षमा पुग्नुपर्छ । हाम्रो पार्टी अहिले पनि आन्दोलनको आधारस्तम्भ हो भन्ने कुरामा उभिएर निष्कर्ष निकाल्नुपर्छ । एमालेप्रति अहिले पनि ठूलो आशा र जनविश्वास छ ।

*० पछिल्लोपटक सरकारमा गएर त्यो छवि बिगार्‍यौं भन्ने लाग्दैन ?*

- आशा र छविमा केही नोक्सानी र क्षति भएको होला । सरकारमा भएका बेला पनि कुराहरू उठेका थिए । त्यहाँ गएर ठीक भयो/भएन भन्ने समीक्षा होला । तर, ती सबै काम गर्दा पनि पार्टीलाई समाप्त गरेर होइन, माथि उठाउने गरी गर्नुपर्छ । १४ वर्षको मात्रै गीत गाएर त्यसभन्दा अगाडिका गल्तीलाई ढाकछोप गर्न पाइँदैन । समीक्षा समग्रमै गर्नुपर्छ ।

*० गल्ती गर्नुभएकै छैन त ?*

- गल्ती भयो भनेर चौतारीमा गीत गाएर सच्चिन्छ त ? फेरि पनि हामीले कुनै अपराध गरेका छैनौं । काम गर्दा गल्ती हुन्छन् भन्ने मान्यतामा उभिनुपर्छ । हामी कुनै जड संस्था होइनौं, जसले आफ्नो गल्ती अस्वीकार गर्छ । आफूलाई सच्याउँदै हामी अगाडि बढ्छौं । हामीले के अपराध गरेका छौं ? नौ महिने सरकारमा काम गरेर देखाएकै हौं । काम गर्छ/गर्दैन भन्ने मूल्यांकन त्यहाँबाट गर्नुहोस् न ! हामीले चम्किलो ताराको रूपमा काम गरेका थियौं ।

*० यसलाई त पछिल्लो सरकारका कामले ओझेलमा पारेनन् र ? सेनाको खर्च बढायो, मूल्य बढायो, भ्याट बढायो !*

- आजको प्रश्न त्यो होइन । जहिले पनि मूल विषयबाट दायाँ-बायाँ गर्ने प्रयत्न गरिन्छ, यो खराब प्रवृत्ति हो । हिजोका कामको समीक्षा गरौंला तर आज घाँटी अँठ्याइसक्यो, प्रजातन्त्र निलिसक्यो । प्रजातन्त्रका लागि एकताबद्ध भएर अघि बढ्ने कि नबढ्ने ? अहिलेको प्राथमिकता के हो ? हिजोका मात्र गीत गाएर आन्दोलनबाट भाग्न पाइँदैन । खोसिएको प्रजातन्त्र बहाल गर्नु पहिलो प्राथमिकता हो । हामी अतीतमुखी बन्ने कि भविष्यमुखी ? अतीतको समीक्षा गर्नुपर्छ, भविष्यप्रति आशावादी बन्नुपर्छ । म त भविष्यप्रति निकै आशावादी छु । अहिलेको तुवाँलो हटाउन सक्यौं भने हाम्रो भविष्य उज्यालो छ ।

*० राजाले तीन वर्षमा निर्वाचन गरेर प्रजातन्त्र फर्काउने कुरा गरेका छन् नि ! प्रतीक्षा गर्न सकिन्न ?*

- किन गर्ने ? निर्वाचनका लागि प्रजातन्त्रलाई निलम्बन गर्नुपर्छ ? जनताभन्दा माथि कोही छैन । कसैलाई घमण्ड छ भने जनताको फैसला स्वीकार गर्न किन हिच्किचाउने ? जनताभन्दा माथि कोही हुन पाउँछ ? नेपाल कसको हो, नेपाली जनताको होइन ? जनताको नेपाल हो भने जनताले फैसला गर्न पाउने कि नपाउने ? दिउँ न त जनतालाई फैसला गर्न ! एक्काइसौं शताब्दीमा जनतालाई रैती बनाउने र निरङ्कुशता लाद्ने लाजमर्दो र लाक्षी कुरालाई हामी कसरी स्वीकार्न सक्छौं ? तीन वर्षको त कल्पनै नगर्नुहोस् ।

*० आन्दोलनप्रति जनसमर्थन छैन, विदेशीको बुईं चढेर आन्दोलन गर्दैछन् भन्ने आरोप छ नि !*

- विदेशीको बुईं चढ्न पाउँ भनेर निवेदन गर्नेहरूले नै यस्तो हल्ला चलाइरहेका छन् । त्यस्ताको फुइँको कुनै अर्थ छैन । ००७ सालमा जनताले नै राणाशाहीलाई फालेका हुन्, ०४६ सालमा जनताले नै निरङ्कुश पञ्चायती व्यवस्थालाई ध्वस्त गरेका हुन् । अब पनि जनता उठ्छन्, त्यसको मूल्य क-कसले चुकाउनुपर्छ ? हामी तयार छौं, अरू पनि तयार भए हुन्छ । न्यायपूर्ण र प्रजातान्त्रिक आन्दोलनप्रति विदेशी मित्रहरूको सद्भावलाई लिएर जनतालाई होच्याउन पाइँदैन ।

◆

# महिला योद्धा साधनाको निधन

काठमाडौं । अब साधना अधिकारी स्मृतिमा मात्र बाँच्नुहुनेछ । तीन साता लामो बिमारीपछि गएको वैशाख ११ गते नेपालकी प्रथम निर्वाचित महिला जनप्रतिनिधि एवं नेकपा (एमाले) का तत्कालीन अध्यक्ष मनमोहन अधिकारीकी सहयात्री अधिकारीको ८०

वर्षको उमेरमा निधन भयो । मधुमेह र उच्च रक्तचापबाट पीडित अधिकारीको शिक्षण अस्पताल महाराजगन्जमा बिहान ११.३० बजे निधन भएको थियो ।

दिवङ्गत अधिकारीलाई अन्तिम श्रद्धाञ्जली दिन वैशाख १२ गते नेकपा (एमाले) केन्द्रीय कार्यालयमा सयौँ मानिसहरू उपस्थित थिए । बिहान १० देखि अपराह्न २ बजेसम्म अन्तिम श्रद्धाञ्जलीका लागि राखिएको शवमा अन्तिम श्रद्धाञ्जली व्यक्त गर्न एमालेका नेता, कार्यकर्ता, अन्य राजनीतिक दलका शीर्षस्थ नेताहरू र विभिन्न संस्थाका व्यक्तिहरू उपस्थित थिए । सो दिन नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, राप्रपा अध्यक्ष पशुपतिशमशेर राणा, पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा, नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेलगायतका नेताहरू उपस्थित हुनुहुन्थ्यो । नेकपा (एमाले) का स्थायी समिति सदस्यहरू भरतमोहन अधिकारी, साहना प्रधान, प्रदीप नेपाल, केपी शर्मा ओलीलगायतका नेताहरूले अधिकारीलाई अन्तिम श्रद्धाञ्जली दिनुभएको थियो ।

दिवङ्गत अधिकारीको निधनमा विभिन्न राजनीतिक दल र सङ्घसंस्थाहरूले शोक वक्तव्य जारी गरेका छन् । त्यतिबेला नजरबन्दमा रहनुभएका एमाले महासचिव माधवकुमार नेपालले शोक वक्तव्य जारी गर्दै उहाँको निधनले ठूलो क्षति पुगेको बताउनुभएको छ । महासचिव नेपालको वक्तव्यमा भनिएको छ-“अधिकारी नेपालको महिला आन्दोलन र प्रजातान्त्रिक आन्दोलनकी अग्रणी योद्धा हुनुहुन्थ्यो । निरङ्कुश जहानियाँ राणा शासन र सामन्तवादले जकडिएको तत्कालीन नेपालमा महिलाहरू घरबाहिर निस्की सामाजिक सुधार र राजनीतिक परिवर्तनका निम्ति क्रियाशील हुनु ठूलो चुनौती र साहसको काम थियो । त्यसमा पनि जनतालाई दास, रैती र कमारा ठान्ने र देशलाई आफ्नो बिर्ता ठान्ने तथा सबै किसिमका प्रजातान्त्रिक र मौलिक अधिकार हनन गरेर निरङ्कुश हुकुमी शासन लादेको सामन्ती राणा शासनविरुद्ध सङ्घर्षमा उत्रने आँट गर्नु कम जोखिमको कुरा थिएन । त्यस्तो चुनौतीपूर्ण, साहसिक, राजनीतिक र सामाजिक अभियानबाट उहाँले आफ्नो राजनीतिक यात्रा सुरु गर्नुभएको थियो ।”

नेकपा (एमाले) का तत्कालीन कार्यवाहक महासचिव झलनाथ खनालले एक शोक वक्तव्यमार्फत भन्नुभएको छ- “उहाँ जीवनपर्यन्त नेपालको कम्युनिस्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनप्रति निष्ठावान रहनुभयो । उहाँका असल गुणहरूबाट सबैले शिक्षा लिनुपर्छ । उहाँको निधनले राष्ट्रले एक होनहार नागरिक गुमाएको छ भने हाम्रो पार्टीले एक ममतामयी अग्रज गुमाएको छ ।” ‘माघ १९’ देखि महाराजगन्ज बन्दीगृहमा बन्दी जीवन बिताइरहेका एमालेका नेताहरू वामदेव गौतम, राजेन्द्र पाण्डे, कृष्णगोपाल श्रेष्ठ, महेन्द्र पाण्डे, राजेन्द्रकुमार राई, यज्ञराज सुनुवार, रूपनारायण श्रेष्ठ र राजन राईले एक संयुक्त श्रद्धाञ्जली वक्तव्य जारी गर्दै अधिकारीले नेपालको प्रजातान्त्रिक र कम्युनिस्ट आन्दोलन, महिला हकअधिकारको आन्दोलनमा निष्ठाका साथ दिनुभएको योगदानलाई उच्च मूल्याङ्कन गरिने बताउनुभएको छ । उपत्यका समन्वय कमिटीका सचिव योगेश भट्टराई, राष्ट्रिय प्रजातन्त्र पार्टी, अनेरास्ववियु, जिल्ला विकास समिति महासङ्घ, सञ्चारिका समूह, भूतपूर्व विद्यार्थी काउन्सिल, अनेरास्ववियुलगायतका दल एवं सङ्घसंस्थाहरूले शोक व्यक्त गरेका छन् ।

दिवङ्गत अधिकारीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा उल्लेख्य भूमिका निभाउनुभएको थियो । ००४ साल वैशाख ७ गते तत्कालीन राणा शासनविरुद्ध पर्चा छर्ने र भाषण गर्ने क्रममा उहाँलाई समातेर केही दिन हिरासतमा पनि राखिएको थियो । उहाँ ००४ सालमा गठित नेपाल महिला सङ्घ र ००८ सालमा स्थापित नेपाल महिला सङ्गठनको संस्थापक सदस्यसमेत हुनुहुन्थ्यो । ००८ सालमा सम्पन्न काठमाडौं महानगरपालिकाको निर्वाचनमा उहाँ कम्युनिस्ट पार्टीको तर्फबाट भाग लिई प्रथम निर्वाचित महिला जनप्रतिनिधिसमेत बन्नुभएको थियो । राजनीतिबाहेक केही समय पत्रकारितामा पनि लाग्नुभएकी अधिकारी नेपालको प्रथम महिला सम्पादकसमेत हुनुहुन्थ्यो ।

# निरङ्कुशतन्त्रले घुँडा टेक्नु अनिवार्य छ

**झलनाथ खनाल**, स्थायी समिति सदस्य

o **तीन महिना कार्यवाहक महासचिवको जिम्मेवारी सम्हाल्दा कस्तो अनुभव गर्नुभयो ?**

हामी क्रान्तिकारी प्रजातन्त्रवादीहरूका निम्ति पद, प्रतिष्ठा, ओहदा र कुर्सीजस्ता कुराहरू काँधमा रहेका जिम्मेवारीहरूलाई बहन गर्ने साधनका रूपमा मात्र रहेका हुन्छन् । ती कुराहरू उपरोक्त उद्देश्यको प्राप्तिका निम्ति उपयोग गरियो भने मात्र देश, जनता, प्रजातन्त्रका निम्ति सार्थक हुन पुग्छन् । म महासचिव वा कार्यवाहक महासचिवको पद र जिम्मेवारीलाई त्यसरी नै हेर्ने गर्छु । त्यस पदमा पुग्ने वा रहने व्यक्तिले त्यही पदलाई प्राथमिकता दिने, त्यसैलाई ठूलो ठान्ने र त्यस पदबाट युग र समयले माग गरिरहेको जिम्मेवारीचाहिँ पूरा हुन नसकेको स्थिति रहन गयो भने त्यो पद प्राप्ति निरर्थक हुन्छ र संस्थाको उन्नतिका निम्ति बाधक पनि हुन्छ । मैले विगतमा करिब सात वर्ष महासचिवकै पदमा रहेर जिम्मेवारी निर्वाह गर्ने र पार्टीलाई अगुवाइ गर्ने काम गरिसकेको हुनाले पनि मेरा निम्ति कार्यवाहक महासचिव बन्ने कुरा अनौठो र आश्चर्यलाग्दो केही थिएन । मैले कार्यवाहक महासचिव बनेर विगत तीन महिनाको कालखण्डमा फेरि नेकपा (एमाले) लाई अगुवाइ गर्नुपर्ला भनेर कहिल्यै सोचेको पनि थिइनँ । तर, परिस्थितिको विकासले हाम्रो पार्टी, कम्युनिस्ट अन्दोलन, प्रजातान्त्रिक आन्दोलन र सिङ्गो देशलाई एउटा अत्यन्त कठिन र जटिल बिन्दुमा पुऱ्याएका बेला मैले त्यो जिम्मेवारीलाई काँधमा बोक्नु पऱ्यो । कठिनाइका बेलामा नै समयले हामीसँग कठिनभन्दा कठिन जिम्मेवारीको माग गरिरहेको हुन्छ । कठिनाइका घडीहरू नै हाम्रा निम्ति परीक्षाका घडी पनि हुने गर्छन् । त्यस्तो बेलामा पार्टीले, केन्द्रीय कमिटी र स्थायी समितिका सदस्यहरूले एकमतका साथ मेरो काँधमा त्यो जिम्मेवारी बोकाइदिनुभयो र ममाथि विश्वास गरेर जुन जिम्मेवारी सुम्पिनुभयो, त्यसका लागि म उहाँहरूलाई हार्दिक धन्यवाद दिन

चाहन्छु। सिङ्गो पार्टी परिवारका तर्फबाट यस अवधिमा पार्टीलाई अगुवाइ गर्ने काममा जुन विश्वास, सहयोग, सद्भाव र माया मलाई प्राप्त भयो, ती कुराहरूलाई म अत्यन्त उच्च मूल्याङ्कन गर्न चाहन्छु।

**० तपाईं कार्यवाहक महासचिव रहेको तीन महिनामा भएका मुख्य कामहरू के के हुन् ?**

प्रथमतः शाही घोषणापछिको तत्कालिक स्थिति अत्यन्त अन्योलग्रस्त, अस्पष्ट, भद्रगोलपूर्ण र आतङ्कपूर्ण पनि थियो। सूचनाका सम्पूर्ण माध्यमहरू बन्द गरिएको, मौलिक हक बन्देज गरिएको, प्रेस स्वतन्त्रता अपहरण गरिएको र जनताको सार्वभौमसत्ता खोस्ने र सङ्कटकालको घोषणा गरी हुकुमी शासन थोपरिएको त्यो क्षण सिङ्गो पङ्क्ति, आन्दोलन, केन्द्रीय नेतृत्व र आमजनताकै निम्ति अन्योलग्रस्त र अस्तव्यस्त थियो। त्यो अवस्थालाई सफलतापूर्वक चिर्दै पार्टी केन्द्रलाई पुनर्व्यवस्थित गर्ने र क्रमशः व्यवस्थित पार्ने काम भयो।

दोस्रो, शाही घोषणाले देशमा उत्पन्न गरेको नयाँ परिस्थितिको सन्दर्भमा बदलिँदो अन्तर्राष्ट्रिय परिस्थिति, त्यसभित्र विकसित भैरहेका प्रवृत्तिहरू, खासगरी निरन्तर खुला बन्दै र अन्तरनिर्भर बन्दै गइरहेको विश्व परिस्थितिको ठोस विश्लेषण अघि सारियो र बदलिँदो विश्व परिस्थितिमा शाही सत्तापलट लामो समयसम्म टिक्न नसक्ने निष्कर्ष निकालियो।

तेस्रो, त्यसरी नै शाही घोषणापछि उत्पन्न भएको नयाँ परिस्थितिमा नेपाली समाजको प्रधान अन्तरविरोधको स्थितिमा आएको परिवर्तन, राजाले आफूलाई निरङ्कुश राजतन्त्रका रूपमा गरेको रूपान्तरण, देशमा देखापरेको त्रिपक्षीय सङ्घर्षको स्थिति, देश, जनता र राष्ट्रको सम्पूर्ण अग्रगति र प्रगतिको मुख्य बाधकका रूपमा देखापरेको निरङ्कुशतन्त्र र देशका सम्पूर्ण प्रजातान्त्रिक शक्ति र आमजनताले त्यसका विरुद्धमा सम्पूर्ण सङ्घर्षहरूलाई केन्द्रित गर्नुपर्ने आवश्यकताका बारेमा विश्लेषण गरियो र निरङ्कुशतन्त्रलाई समाप्त पार्नका निम्ति संयुक्त जनआन्दोलनबाहेक अर्को विकल्प छैन भन्ने कुरालाई अघि सारियो।

चौथो, मुलुकको बदलिएको परिस्थितिअनुरूप शक्ति संरचनाको स्थिति, प्रजातान्त्रिक शक्तिहरूको स्थिति, हाम्रो पार्टीको स्थिति, नागरिक समाजको स्थिति र सम्पूर्ण देशको स्थितिका बारेमा विश्लेषण गर्दै पार्टीको वर्तमान कार्यनीतिक कार्यदिशा अघि सारियो। त्यसअनुरूप निरङ्कुशतन्त्रलाई मुख्य निशाना बनाउने, पूर्ण प्रजातन्त्रलाई लक्ष्य बनाउने, पार्टीलाई हरेक हिसाबले आन्दोलनका निम्ति तयार पार्ने, त्यसमा अन्य सम्भव हुने सबै शक्तिहरूलाई एकताबद्ध पार्दै देशव्यापी रूपमा संयुक्त जनआन्दोलन विकास गर्न पहल गर्ने निर्णय गरियो र तदनुरूप पार्टी शक्तिलाई परिचालित गरियो।

पाँचौं, यो कार्यनीति र कार्यदिशाअनुरूप यतिबेला जारी संयुक्त जनआन्दोलनको केन्द्रीय वा प्रमुख नाराका रूपमा निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापनालाई सूत्रबद्ध गरियो। अहिले सिङ्गो पार्टी त्यही कुरालाई लिएर सङ्घर्षमा लाग्ने र अझ ठूलो सङ्घर्षको तयारीमा तीव्र रूपले जुटिरहेको छ।

छैटौं, उपरोक्त कार्यदिशाअनुरूप जनआन्दोलनलाई देशव्यापी रूपमा उठाउनका निम्ति त्यसलाई दुई चरणबाट अघि बढाउने निर्णय गरियो। पहिलो तयारीको काल र दोस्रो जनपरिचालन तथा आन्दोलनको काल। यी दुवै चरणमा सम्भव हुने आन्दोलन पनि गर्ने र तयारीलाई अझ फराकिलो पनि पार्दै लाने नीति अघि सारिएको छ र त्यसअनुरूप हाम्रो पार्टी अघि बढ्दैछ।

सातौं, पार्टीका उपरोक्त धारणाहरूलाई पार्टीको तल्लो तहसम्म पुऱ्याउने, पार्टीवरिपरि रहेका जनसङ्गठन तथा वर्गीय तथा पेसागत सङ्गठनहरूलाई क्रियाशील पार्ने र व्यापक दायराबाट आन्दोलनको तयारीलाई अघि लाने काम भइरहेका छन्।

आठौं, यसरी पार्टी पङ्क्तिलाई तयार पार्ने कामका साथै विभिन्न राजनीतिक दलहरूसँग संवाद गर्ने र उनीहरूलाई पनि संयुक्त सङ्घर्षमा सामेल हुन सघाउने काममा पनि हामीले सुरुदेखि नै पहलकदमी लियौं। त्यसको परिणामस्वरूप १५ फागुन ०५१ देखि पाँच दलको संयुक्त सङ्घर्ष सुरु भएको छ र त्यो झन् विकसित र विस्तृत बन्दै जाँदैछ। त्यस काममा हामीले राष्ट्रियस्तरबाट सङ्घर्षका विभिन्न शृङ्खलाहरू पनि विकास गर्दै आएका छौं।। ती शृङ्खलामध्ये २६ चैतका दिन देशव्यापी रूपमा आमसभा, जुलुस र विरोधका कार्यक्रमहरू भए र मई दिवसका दिन राजधानीमा मात्र १० हजारभन्दा ठूलो श्रमिकहरूको प्रदर्शन भयो।

नवौं, हामीले आफूलाई तयार पार्नुका साथसाथै अन्य राजनीतिक शक्तिहरूलाई संयुक्त बनाउनका निम्ति सुरु गरेको १५ फागुनदेखिको सङ्घर्षलाई अझ उन्नत र व्यापक पार्नका निम्ति पाँच पार्टीहरू मात्र नभएर सात पार्टीका बीचमा वार्तालाई अघि बढाउने काम भयो। त्यस प्रक्रियामा साझा सहमतिका न्यूनतम आधारहरू तयार गर्ने काम भए।

दसौं, उक्त संयुक्त कार्यक्रम र साझा प्रतिबद्धता निर्माण गर्नका निम्ति पनि केन्द्रीय कमिटीको आठौं बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनको मार्गदर्शनअनुरूप मुलुकलाई राजनीतिक निकास दिनका निम्ति एउटा प्रस्ताव तयार गर्न कार्यदलसमेत बनाइएको थियो। त्यसले उपरोक्त सम्बन्धमा प्रस्ताव तयार पार्ने काम गऱ्यो र त्यस प्रस्तावका सारवस्तुका आधारमा विभिन्न राजनीतिक दलहरूसँग वार्ता भए र साझा आधार तयार पार्ने काम भयो।

एघारौं, यसरी पार्टी आज निरङ्कुशतन्त्रका विरुद्ध सङ्घर्षमा अघि बढ्न थालेको छ भने आज देशमा यस्तो स्थिति किन आयो, विगतमा हामीले कहाँ र कस्ता गल्तीहरू गर्न पुग्यौं, विगत १४ वर्षका अनुभवहरू के हुन्, तिनीहरूले हामीलाई के पाठ सिकाउँछ भन्ने बारेमा समीक्षा गर्न अति नै जरुरी भएको छ। तदनुरूप आठौं बैठकले विगतको समीक्षा गर्ने कार्यदलसमेत बनाएको छ र त्यसले आफ्ना कार्यलाई जारी राखेको छ। यस कामलाई सफलतापूर्वक सम्पादन गर्ने कामले पार्टीलाई नयाँ भविष्यतिर अघि बढ्न अझै गहिरो रूपले सघाउन सक्नेछ।

बाह्रौं, केन्द्रीय कमिटीको आठौं बैठकको निर्णयअनुरूप हामीले जनआन्दोलनको निम्ति राष्ट्रिय जनमतलाई गहिरो पार्न निरङ्कुशतन्त्रविरोधी भण्डाफोर अभियानलाई तीव्र बनाउँदै जाने र त्यसका लागि एउटा पुस्तिकासमेत प्रकाशित गर्ने निर्णय गरेका छौं।

तेह्रौं, यतिबेला नेपाली कम्युनिस्ट आन्दोलनमा समग्र रूपले हेर्दा उग्रवामपन्थी भड्काउ प्रमुख रूपमा रहेको छ र त्यसले कम्युनिस्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलन दुवैभित्र अत्यन्त दूषित प्रभाव पारिरहेको छ। त्यसको सिद्धान्तनिष्ट खण्डन र आलोचनालाई अघि बढाउनु र पार्टी तथा आन्दोलनलाई उग्रवामपन्थबाट मुक्त पार्नु अत्यन्त जरुरी छ।

चौधौं, यसरी देशभित्र विभिन्न क्षेत्रमा गर्न पर्ने कामहरूलाई अघि बढाउँदै हामीले अन्तर्राष्ट्रिय मोर्चामा पनि नेपाली जनताको प्रजातान्त्रिक आन्दोलनको पक्षमा समर्थन र सहयोग जुटाउन दृढ प्रयत्न गरिरहेका छौं। विश्वका विभिन्न महत्त्वपूर्ण केन्द्रमा विभिन्न कमरेडहरू दृढतापूर्वक खटिनुभएको छ र आफ्ना कामलाई जारी राख्नुभएको छ।

पन्ध्रौं, यस सिलसिलामा हालै जेनेभामा भएको संयुक्त राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी ६१औं वार्षिक सम्मेलनमा शाही सरकारको तीव्र विरोध र अवरोधका बाबजुद आइटम- १९ पारित भएको छ। यसले नेपाली प्रजातान्त्रिक तथा मानवअधिकारसम्बन्धी आन्दोलनलाई अघि लान महत्त्वपूर्ण सकारात्मक योगदान गर्नेछ। त्यसका निम्ति तीन पार्टीबाट निकालिएको संयुक्त वक्तव्य एउटा महत्त्वपूर्ण आधार बनेको थियो।

सोह्रौं, हाल जारी रहेको संयुक्त आन्दोलन केवल पार्टीहरूको संयुक्त आन्दोलन मात्र होइन, यो सुरुदेखि नै सञ्चारकर्मीहरू, मानवअधिकारकर्मीहरू, गैरसरकारी संस्थाहरू, पेसेवर सङ्गठनहरू, विभिन्न वर्गीय तथा पेसागत सङ्गठनहरू र विभिन्न सांस्कृतिक सामाजिक सङ्गठनहरूको समेत संयुक्त आन्दोलनका रूपमा विकसित हुँदैछ। त्यसलाई अझ प्रभावकारी बनाउँदै लानु आवश्यक छ। सत्रौं, यी सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रभाव र दबाबको परिणामस्वरूप शाही सरकार अत्यन्त कब्जियत शैलीमा खासखास पक्षमा पछि हट्न बाध्य हुँदै पनि गएको छ। प्रेसमाथिको अङ्कुश अलिअलि गर्दै खुकुलिँदै जानु, विभिन्न नेता तथा कार्यकर्ताहरूलाई छोड्न बाध्य हुँदै जानु, बारबारका प्रयासबाट पनि शाही सरकारले समर्थन भन्दा अन्तर्राष्ट्रिय जगत्‌बाट विरोध मात्र पाउँदै जानु, राजनीतिक पार्टीहरू क्रमशः निकट आउँदै जानु र संयुक्त सङ्घर्षले विस्तारै गति लिँदै जानुले आखिर सङ्कटकाल पनि अन्त्य गर्न बाध्य भएको छ र हाम्रो पार्टीका महासचिवलगायतका केही नेताहरूलाई नजरबन्दबाट मुक्त गर्न पनि बाध्य भएको छ। अब नेता, कार्यकर्ताहरूलाई देश भ्रमणमा जान, कार्यकर्तासँग जान र जनतासम्म जान दिन पनि बाध्य हुन पर्नेछ। त्यसबाट अघि बढेर जनताको संयुक्त सङ्घर्ष विकसित हुँदै जाँदा निरङ्कुशतन्त्रले घुँडा टेक्नु पनि त्यत्तिकै अनिवार्य छ। यी तीन महिनाका अवधिमा हामीले गरेका केही महत्त्वपूर्ण कामहरू हुन् र ती कामहरूले विस्तारै परिणामहरू जन्माउन पनि थालेका छन्। ती कामहरूलाई अझ विकसित र विस्तृत बनाउँदै अघि बढ्नु आवश्यक छ।

**० अहिले सबै पार्टीहरू यो स्थितिलाई हेर्दा आमजनताले फेरि पनि एमालेप्रति नै आशा गर्नुपर्ने स्थिति देखिएको छ। यतिबेला यत्रो आन्दोलनलाई हाँक्ने पार्टीको स्थिति चाहिँ कस्तो रहेको छ ?**

नेपालको प्रजातान्त्रिक आन्दोलनको वास्तविक नेता भनेको हाम्रो पार्टी नै हो। त्यसले नै यो आन्दोलनलाई विजयको चुलीसम्म पुऱ्याउन सक्छ र निरङ्कुशतन्त्रको अन्त्य तथा पूर्ण प्रजातन्त्रको स्थापना गर्ने सङ्घर्षमा पनि हाम्रो पार्टीले नै नेतृत्वदायी भूमिका खेल्नुपर्छ। तर, हाम्रो पार्टी पनि विगत लामो कालदेखि जसरी चल्दै वा चलाइँदै आएको छ, त्यसले गर्दा पार्टीभित्र विभिन्न पक्षमा गम्भीर समस्याहरू पनि रहेका छन्। मैले विगत तीन महिनामा महासचिवको धरातलबाट पार्टीलाई हेर्दा पार्टी जीवनका विभिन्न पक्षहरूमा गम्भीर समस्याहरू रहेको पाएको छु। यतिबेला पार्टी पङ्क्तिभित्र पार्टीका दृष्टिकोण, रणनीतिक लक्ष्य र कार्यनीतिक लक्ष्यकै बारेमा स्पष्टता नरहेको, त्यसलाई स्पष्ट पार्ने प्रयास र सामग्रीहरू माथिबाट तल नगएको, पार्टीभित्र उग्रवामपन्थी भड्कावको प्रभाव बढ्दै गएको, पार्टीको क्रान्तिकारी कार्यदिशा र उग्रवामपन्थी कार्यदिशाबीचमा नै व्यापक अस्पष्टता र भ्रम रहेको, पार्टीको सङ्गठनात्मक आकारअनुरूप वा मात्राअनुसारको गुणको विकास नभएको, कयौं जिल्लामा कमिटीहरू चल्न नसकिरहेको, पार्टीको माथिल्लो पङ्क्तिमा नै सुविधाभोगी चिन्तन र सजिला कामतिर मात्र केन्द्रित हुने चिन्तन बढ्दै गएको, विभिन्न तहका कमिटीहरू अपेक्षाकृत रूपले भद्दा र ठूला रहेको, आन्दोलनको कालमा बैठक बस्न पनि गाह्रो हुने देखिएको, पार्टी कमरेडहरूबीचमा आत्मीयता र बन्धुत्वपूर्ण सम्बन्ध कमजोर हुँदै गएको, अध्ययन, चिन्तन, अन्वेषणको प्रवृत्ति निजी इच्छामा निर्भर हुँदै गएको, पार्टी कार्यालयदेखि लिएर विभिन्नखाले पार्टी सम्पत्तिहरूको राम्रो सदुपयोग नभइरहेको, पार्टीका विभिन्न तहमा आर्थिक समस्या जटिल बन्दै गएको, पार्टीभित्र विभिन्नस्तरका गुटबन्दीहरू जारी रहेको, पार्टी नेताहरूबाट पार्टी निर्णयका विपरीत जथाभावी बोल्ने कामले पार्टीमा अत्यन्त गहिरो पीडा उत्पन्न हुने गरेको, पार्टी कामका अनुभवहरूको समीक्षा गर्ने र गल्ती कमीहरूप्रति आत्मआलोचना गर्दै सिक्ने परम्परा हट्दै गएको, सङ्घर्षमा भन्दा सहमति र संवादलाई जोड दिने प्रवृत्ति नेतृत्वमै रहेको, मुलुकमा कस्तोसम्म स्थिति आउन सक्दछ भनेर दूरदृष्टि राख्न नेताहरूले नसकेको, निरङ्कुशतन्त्रसँग समयदेखि नै सतर्क हुन नसकेको, पार्टी नेतृत्व नै क्रान्तिकारी कार्यदिशा र सुधारवादका बीचको भिन्नतालाई देख्न नसक्ने अवस्थामा रहेको, काम गर्न सकिन्न भन्ने कुरा विचारै नगरी सरकारमा गएको र सरकारमा गएर भएका कामले सिङ्गो पार्टी बदनाम भएको, यी कामहरूको तुरुन्त समीक्षा गर्नुपर्ने भएको जस्ता असन्तुष्टि र आलोचनाहरू पार्टी पङ्क्तिमा व्यापक रहेका थिए र छन्। हामीले बीचमा जारी गरेको अपानि ८ र ९ तथा केन्द्रीय कमिटीको आठौं बैठकको राजनीतिक प्रतिवेदन पढेपछि भने अब नयाँ आशा जागेको छ र पार्टी यसरी नै अघि जान सक्छ कि सक्दैन भन्ने टिप्पणीहरू बढी आउन थालेका थिए। उपरोक्त कुराले के देखाउँछ भने पार्टीभित्र वैचारिक, राजनीतिक, सैद्धान्तिक, सङ्गठनात्मक, कार्यशैलीगत र व्यवस्थापनका विभिन्न क्षेत्रमा दक्षिणपन्थी स्वभावका वैचारिक समस्याहरू चुलिएका छन्। यी सबै कुराका बारेमा नेतृत्वले तलको पङ्क्तिसम्म गएर जाँचपडतालका काम गर्नुपर्छ, कार्यकर्ताका विचारहरू राम्ररी सुन्नुपर्छ, धैर्यतापूर्वक विश्लेषण गर्नुपर्छ र पार्टीको वर्तमान कार्यनीतिक कार्यदिशाका आधारमा व्यापक रूपले सम्झाउने, बुझाउने र वैचारिक पुनर्गठन गर्ने काम गर्नुपर्छ। अहिले पार्टीमा देखापरेका उपरोक्त समस्याहरू जटिल जरुर छन् तर तिनीहरूलाई वैचारिक, राजनीतिक र सैद्धान्तिक रूपान्तरणको प्रक्रियाबाट समाधान गर्न सकिन्छ। यी कामहरूमा नेतृत्वले ठोस योजना बनाएर दृढतापूर्वक लाग्न सक्नुपर्छ र पार्टीलाई नयाँ धरातलबाट पुनर्निर्माण गर्ने काममा एकताबद्ध भएर अघि बढ्नुपर्छ।

**० तपाई पार्टीको स्थिति यस्तो बताउनुहुन्छ अनि आन्दोलन कसरी अघि बढ्छ त ?**

हामीले यतिबेला पहिले पार्टी बनाइसक्ने अनि आन्दोलन गर्ने दृष्टिकोण बनाउनुहुँदैन। पार्टी भनेको वर्ग सङ्घर्षको उपज हो। जनताको निरङ्कुशतन्त्रविरोधी सङ्घर्षकै क्रममा हाम्रो पार्टी जन्मिएको हो र त्यो सङ्घर्षकै क्रममा नै विकसित र विस्तृत पनि बन्दै आएको छ। यो बीचको कालखण्डमा हामीले जस्ता नीतिहरू लिएर अघि बढ्न खोज्यौं, तिनीहरूले नेतृत्वलाई आमकार्यकर्ताबाट अलगथलग पार्ने र सिंगो पार्टीलाई आमजनताबाट अलगथलग पार्ने परिणाम ल्याउँदै गएको छ। हामीले त्यो प्रक्रियालाई समयमै पूर्ण रूपले उल्टाउन सक्नुपर्छ। अहिले निरङ्कुशतन्त्रविरोधी जुन सङ्घर्षको थालनी भएको छ, यो पार्टी निर्माण गर्ने कामका निम्ति एउटा ठूलो औसर पनि हो। यो सङ्घर्षकै दौरानमा पार्टी नेतृत्वले आमकार्यकर्ताबीचमा पुग्नुपर्छ, उनीहरूसँग पार्टी र आन्दोलन दुवैको भविष्यका बारेमा व्यापक बहस र छलफल गर्नुपर्छ, कार्यकर्तामा रहेको असन्तोष र विरोधलाई रूपान्तरण गर्नुपर्छ, कर्याकर्ताका सुझावहरूलाई ध्यानपूर्वक सुन्नुपर्छ र पार्टीलाई वैचारिक तथा राजनीतिक रूपले रूपान्तरण गर्ने प्रक्रियालाई तीव्र पार्नुपर्दछ। पार्टीका कार्यदिशा र नीतिहरूको व्यापक व्याख्या गर्नुपर्छ, पार्टीका प्रकाशनहरूलाई प्रभावकारी रूपले अघि बढाउनुपर्छ, समय-समयमा सिंहावलोकन, सटिक प्रस्टीकरण वा आलोचना पनि गर्दै जानुपर्छ। यो आन्दोलनकै दौरानमा हामीले व्यापक जनताका बीचमा पुग्नुपर्छ, आमजनतासँग पार्टीमा सम्बन्धहरूलाई घनिष्ट पार्नुपर्छ र त्यही दौरानमा पार्टी निर्माणका कार्यलाई व्यापक पार्दै जानुपर्छ। सङ्घर्षबाट विकास भएको पार्टी नै खारिएको स्टिलजस्तो हुन्छ। त्यसैकारण सङ्घर्षका दौरानमा पार्टी निर्माण गर्ने र त्यस्तो पार्टीद्वारा अझ ठूलो सङ्घर्षको सङ्गठन गर्ने काम गर्नुपर्छ। सङ्घर्ष र सङ्गठनको विकास र अन्तरसम्बन्धको द्वन्द्वात्मक सिद्धान्त भनेकै यही हो। अन्यथा हामी पार्टी निर्माणको विज्ञानसम्मत मार्क्सवादी नीतिबाट विमुख बन्न पुग्छौं। यसमा सबै होसियार हुनुपर्छ।

**० त्यसैकारण पार्टीमा पुनर्गठन भनिएको हो त ?**

यो पुनर्गठन भन्ने कुरालाई पनि सही ढङ्गले बुझ्नुपर्छ। '१९ माघ' भन्दाअघिको स्थिति अहिले छैन। परिस्थिति वस्तुगत रूपले नै भिन्न छ। बदलिएको परिस्थितिमा पार्टीले अघि सारेको कार्यनीतिक कार्यदिशाअनुरूप सिङ्गो पार्टीलाई वैचारिक, राजनीतिक, सैद्धान्तिक सबै क्षेत्रमा पुनर्गठन गर्न जरुरी छ। पहिलेका धारणालाई छोड्न र नयाँ धारणाले आफूलाई पुनर्गठित गर्न जरुरी छ। पार्टीको

सङ्गठनात्मक र कार्यशैलीगत क्षेत्रमा पनि पुनर्व्यवस्थापन गर्न, आन्दोलनको आवश्यकताअनुरूप ढाल्दै लान र निरङ्कुशतन्त्रविरोधी सङ्घर्षका दौरानमा पार्टीलाई पुनर्निमाण गर्न जरुरी छ । अहिलेको अवस्थामा पुनर्गठन भनेको यही हो ।

**० अहिले व्यापक रूपमा आन्दोलन किन उठिरहेको छैन, के जनचेतना नभएर नै हो ?**

बिलकुल होइन । नेपाली जनता १४ वर्षको प्रजातान्त्रिक अभ्यासलाई देखिसकेका जनता हुन् । उनीहरू शाही कदमका पक्षमा छैनन् । त्यसका विरोधमा उठिहाल्न सकेका पनि छैनन् । तर, यता राजनीतिक पार्टीहरूप्रति उनीहरूमा विगतमा जुन आकर्षण थियो, त्यो पनि घटेको छ । खास गरेर पार्टी नेतृत्वप्रति जनतामा पनि अविश्वास छ । त्यसमाथि यत्रो सङ्कट आउँदा पनि समयमै संयुक्त हुन नसकको देख्दा उनीहरूको मन खिन्न बनेको छ । तर, जब पार्टीहरूले आफूबाट भएका गल्तीहरू सच्याउँछौं भन्छन्, संयुक्त भएर साझा प्रतिबद्धताका साथ सडकमा आउँछन् र उनीहरू पूर्ण प्रजातन्त्र प्राप्त नभएसम्म आन्दोलनमा लाग्ने प्रतिज्ञा लिएर आउँछन्, तब नेपाली जनताले आन्दोलनमा साथ दिन्छन् ।

# ‘माघ १९’ पछिका तीन महिना र पार्टीको भूमिका

## ’ भानुभक्त ढकाल

**आन्दोलन र एमाले**

‘माघ १९’ देखि नै नेकपा (एमाले) ले संयुक्त रूपले आन्दोलन अघि बढाउन पहलकदमी लिंदै आएको छ । सबैभन्दा पहिले आफैंलाई व्यवस्थित गर्ने सन्दर्भमा माघ २१ गते उपलब्ध केन्द्रीय सदस्यहरूको बैठक बसी हाम्रो पार्टीले संस्थागत रूपमा नै निरङ्कुशतन्त्रका विरुद्ध आन्दोलनमा उत्रने निर्णय गऱ्यो । बदलिएको परिस्थितिमा आन्दोलनको रूप, आन्तरिक तयारी, आन्दोलन परिचालनका संयन्त्र र संयुक्त आन्दोलनका लागि सङ्गठित पहल हाम्रोतर्फबाट समयमा नै भएको कुरा छर्लङ्ग नै छ । पार्टी केन्द्रीय कमिटीको आठौं बैठकले फागुन २२ गते नै निरङ्कुशतन्त्रको अत्य र पूर्ण प्रजातन्त्रका लागि संयुक्त आन्दोलनको नारासमेत तय गरिसकेको छ, जुन नारा आज संयुक्त आन्दोलनको ब्यानर बनेको छ । आन्दोलनलाई प्रभावकारी र योजनाबद्ध रूपले नेतृत्व गर्न कार्यवाहक महासचिव जेएन खनालको संयोजकत्वमा ४७ सदस्यीय आन्दोलन परिचालन कमिटी, १७ सदस्यीय त्यसको सचिवालयसमेत पार्टी स्थायी समिति आफैंले निर्माण गरी पार्टी कामको केन्द्रबिन्दु आन्दोलन नै हो भनी किटानीसमेत गरेको छ । आन्दोलनलाई अघि बढाउन पार्टी कार्यालयहरू खुला राख्ने, सेल्टरहरूको निर्माण गर्ने, जोगिएर काम गर्ने, दुवैखाले अतिवादका विरुद्ध प्रचार सामग्री निकाली भण्डाफोर गर्ने र जनसङ्गठनहरूलाई सङ्गठित रूपबाट परिचालन गर्ने नीति पार्टीले आन्दोलनलाई अघि बढाउने सन्दर्भमा लिएको छ । जिल्लाहरूमा संयुक्त आन्दोलन परिचालन कमिटीहरू बनाउने, जनता आन्दोलनमा सरिक हुन थालेपछि मात्र आमगिरफ्तारी दिने नीतिका आधारमा अघि बढ्ने योजना छ ।

**संयुक्त आन्दोलनको पहल**

शाही ‘कू’ भएकै दिन पार्टीका तर्फबाट संयुक्त जनआन्दोलनका लागि आह्वान गर्दै यसको पहलका लागि हाम्रो पार्टी क्रियाशील बन्यो । अन्य पार्टीहरू आफैंमा अन्योलमा रहनु र आफैं संस्थागत ढङ्गले चल्न लामो समया लाग्नु तथा आन्दोलनमा केही पार्टीहरूको सङ्कीर्ण दृष्टिकोणका कारण यसको गति जति हुनुपर्ने थियो, त्यति हुनसकेन । अविरल प्रयत्नपछि फागुन १५ गते पाँच पार्टीका तर्फबाट संयुक्त भएर अघि बढ्ने घोषणा गरियो । अन्तर्राष्ट्रिय महिला दिवसका दिनदेखि संयुक्त कार्यक्रम गर्दै चैत १, ८, २४, २६ मा केन्द्रिकृत कार्यक्रम तथा अन्य स्थानीयस्तरमा समेत संयुक्त आन्दोलनका कार्यक्रमहरू सम्पन्न भएका छन् । कार्यक्रमलाई संयुक्त रूपले अघि बढाउनेमा अनेरास्ववियु, प्रजातान्त्रिक राष्ट्रिय युवासङ्घ, अखिल नेपाल महिला सङ्घ, नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) लगायतका सङ्गठनहरूको भूमिका राम्रो मान्नुपर्छ । मई दिवसको संयुक्त कार्यक्रम अहिलेसम्मको जनप्रदर्शनको दृष्टिले उत्कृष्ट मान्नुपर्छ । आन्दोलनलाई योजनागत रूपले प्रभावकारी बनाउनका लागि बैठक बसिरहेको स्थानबाट नै पाँच जना नेताहरूलाई गिरफ्तार गरेको छ ।

**नेतृत्वको गिरफ्तारी**

शाही घोषणा हुनुपूर्व नै पार्टीका महासचिव कमरेड माधवकुमार नेपाललगायत पाँच जना पार्टी स्थायी कमिटीका सदस्यहरू नजरबन्दमा पर्नुभयो । यसरी नजरबन्दमा पर्नुभएका कमरेडहरूमा साहना प्रधान, केपी ओली, अमृतकुमार बोहरा र भरतमोहन अधिकारी हुनुहुन्छ । पार्टी कार्यालय परिसरबाट प्रचार विभाग प्रमुख प्रदीप नेपाललाई सोही दिन राजाको घोषणासँगै गिरफ्तार गरियो । वामदेव गौतमलाई गिरफ्तार गरी कस्टडीमा लगियो भने अर्का सदस्य एवं आपूर्तिमन्त्री ईश्वर पोखरेललाई सप्तरीमा नै गिरफ्तार गरियो । केन्द्रीय कमिटी सदस्य अष्टलक्ष्मी शाक्यलाई घरमा नै नजरबन्द गरियो भने कृष्णगोपाल श्रेष्ठ, राजेन्द्रप्रसाद पाण्डे र महेन्द्र पाण्डेलाई हिरासतमा राखियो ।

समयसँगै आन्दोलनका कार्यक्रमलाई गति दिने क्रममा सडक सङ्घर्षबाट केन्द्रीय नेतृत्वमध्ये सबैभन्दा पहिला गिरफ्तारी दिनेमा केन्द्रीय सल्लाहकार कमिटीका सभापति कमल कोइराला हुनुभयो भने केन्द्रीय कमिटीमा विद्या भण्डारी । आन्दोलनको नेतृत्व गर्ने क्रममा स्थायी समिति सदस्यद्वय केशव बडाल र मोदनाथ प्रश्रितले गिरफ्तारी दिनुभयो । केन्द्रीय सदस्य शान्ता मानवी , रणध्वज कन्दङ्वा र वैकल्पिक केन्द्रीय सदस्य रत्नेश्वर गोइत र लालबाबु पण्डितले समेत सङ्घर्षको मोर्चाबाटै गिरफ्तारी दिनुभयो । राजेन्द्र श्रेष्ठ गिरफ्तारीमा पर्नुभएको छ भने संयुक्त आन्दोलनको बैठकस्थलबाट पार्टीका केन्द्रीय सदस्यद्वय सुवास नेम्वाङ र रघुजी पन्तलाई गिरफ्तार गरेको छ । केन्द्रीय सल्लाहकार समितिबाट हालसम्ममा पाँच जना गिरफ्तारीमा पर्नुभएको छ भने अञ्चल सचिवहरूमा गण्डकीका खगराज अधिकारी र नारायणीका अनन्त पौडेल हुनुहुन्छ । गिरफ्तारीमा पर्ने अञ्चल कमिटीका १५ जनामध्ये गण्डकीमा तीन, नारायणीमा पाँच, जनकपुरमा दुई, सेती, भेरी, राप्ती र सगरमाथामा एकएक जना हुनुहुन्छ । गिरफ्तार हुनुभएका जिल्ला सचिव एवं उपसचिवहरूमा ११ जना जिल्ला सचिवहरूमा सप्तरी, रूपन्देही, तनहुँ, उदयपुर, डोटी, ललितपुर स्याङ्जा, गौर्खा, बारा, रामेछाप र बाँके रहेका छन् भने १२ जना उप-

सचिवहरूमा रूपन्देही, कास्की, बागलुङ, सुनसरी, उदयपुर, तनहुँ, मोरङ, गार्खा, चितवन, दाङ, भक्तपुर र पर्वत रहेका छन् । हालसम्म एक सय १९ जना जिल्ला कमिटी सदस्यहरू गिरफ्तारीमा पर्नुभएको छ। भूतपूर्व विद्यार्थी काउन्सिल अनेरास्ववियुका पाँच जना केन्द्रीय सदस्यहरू गिरफ्तारीमा पर्नुभएको छ। गतिविधि र गिरफ्तारीका हिसाबले जनसङ्गठनहरूमा अनेरास्ववियु अग्रपङ्क्तिमा छ भने गिरफ्तारीमा अनेमसङ्घ दोस्रो स्थानमा छ । आन्दोलनका क्रममा हालसम्म ३५ जिल्लामा धरपकड भएको समाचार प्राप्त भएको छ भने सबै जिल्लामा कार्यक्रम गरी गिरफ्तारी दिने अञ्चलमा नारायणी रहेको छ । गिरफ्तार नेताहरूमध्ये सबैभन्दा पहिले रिहा हुनेमा स्थायी समिति सदस्य साहना प्रधान हुनुहुन्छ भने छोटो समयमा नै रिहाइ हुनेमा रघुजी पन्त हुनुहुन्छ । केन्द्रीय सदस्यहरूमा मुद्दा हाली रिहाइ हुनेमा लालबाबु पण्डित जेठो हुनुहुन्छ भने तीन महिनाको अवधि पूरा गरेर पुनः पुर्जी प्राप्त गर्ने कार्यकर्ताहरूको सङ्ख्या पनि ठूलै छ ।

**सञ्चारमाथिको सेन्सरसिप र प्रचार कार्य**

सैन्यबलको आधारमा असंवैधानिक रूपमा मन्त्रिपरिषद्को अध्यक्षको जिम्मेवारी राजा आफैँले लिएको घोषणा गरेलगत्तै टेलिफोनसेवा अवरुद्ध गरियो, अघोषित रूपमा पत्रिकाहरूमा सैनिक सम्पादक नियुक्त गरियो । सूचनाका माध्यमका रूपमा रहेका एफएमहरूलाई सूचना सम्प्रेषण गर्न रोक लगाइयो । यस्तो कहालीलाग्दो सूचनाविहीन अवस्था सिर्जना गरी लागू गरिएको सङ्कटकालको अँध्यारोमा प्रचारका काम गर्नु आफैँमा एउटा जटिलता थियो । यसका बाबजुद आन्दोलनमा सङ्गठित हुन जनतालाई अपिल गर्ने, पार्टीका धारणाहरूलाई बदलिएको जटिल परिस्थितिमा पनि पुऱ्याउने काम नै पार्टीको तर्फबाट गरिएको महत्त्वपूर्ण काम हो । यसका साथै सुरक्षित अवस्थामा विभागका बैठकहरू प्रतिगमनको आरम्भका दिनमा गर्न सक्नु, पत्रकारहरूबीच सामूहिक भेटघाट कार्यक्रम पार्टीका तर्फबाट आयोजना गरिएपछि नै थोरै भए पनि राजनीतिक समाचारको तिर्खा जनताले मेट्न पाएका थिए । पार्टी र आन्दोलनका हितमा आफ्ना गतिविधि र दृष्टिकोणहरू पुऱ्याउन *'डेमोक्रेसी'* बुलेटिनको प्रकाशन, लेख र रचनाहरू मात्र होइन, प्रेस स्वतन्त्रताका विरुद्ध गरिएका सबैखाले षड्यन्त्र र दमनको विरुद्धमा नेकपा (एमाले) ले आफूलाई उभ्याउँदै आएको छ । प्रचारकै सन्दर्भमा पार्टीका तर्फबाट पर्चा प्रकाशन, प्रेस वक्तव्य, आन्तरिक प्रचारका कामसमेत यो बीचमा उल्लेख्य रूपमा भएका छन् ।

**राष्ट्रियसभा र आन्दोलन**

मुलुकमा प्रतिनिधिसभा एवं स्थानीय निकायहरूविहीन रहेको विद्यमान अवस्थामा एक मात्र जनप्रतिनिधिका रूपमा क्रियाशील संस्था भनेको नै राष्ट्रियसभा हो । यसको भूमिकालाई निष्क्रिय पारिएको मात्र होइन कि संविधानले किटानी गरेका काम नगरेर सांसदहरूलाई समेत नागरिक हकअधिकारबाट वञ्चित गरिएको छ । यसै सन्दर्भमा नेकपा (एमाले) का बहालवाला सांसदहरूले एक प्रेस विज्ञप्ति जारी गर्दै 'देशलाई निरङ्कुशताको अँध्यारो सुरुङमा धकेल्ने काम भएको छ' भन्दै नेकपा (एमाले) का राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने ११ जना सांसदहरूले शाही घोषणा फिर्ता लिन, सङ्कटकाल हटाउन, गिरफ्तार नेता, कार्यकर्ता, पत्रकार र मानवअधिकारवादीहरूलाई तत्काल नजरबन्द र हिरासतबाट मुक्त गर्न, मौलिक अधिकार बहाली गर्न, प्रेसमाथिको नियन्त्रण हटाउन र वार्ताको माध्यमबाट द्वन्द्वको समाधानमा अघि बढ्न राष्ट्रिय सहमतिको वातावरण बनाउन आह्वान गर्नुभएको छ । यसका साथै नेपाल अधिराज्यको संविधान ०४७ को धारा ११५ (६) आकर्षित भएको वर्तमान अवस्थामा यथाशीघ्र राष्ट्रियसभाको बैठक बोलाउन जोडदार माग गर्नुभएको छ। यो आन्दोलनमा राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने एमाले सांसदहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । आन्दोलनको अगुवाइ गर्ने सन्दर्भमा वीरबहादुर सिंह, महेशमणि दीक्षित, लालबहादुर विश्वकर्मा, मोहन बम र ललित बस्नेतसमेत गरी पाँच जना वहालवाला सांसदहरूले गिरफ्तारी दिनुभयो । लालबहादुर विश्वकर्मा सिकिस्त बिरामी हुँदासमेत सरकारले न उपचारको व्यवस्था गऱ्यो न त जेल र कस्टडीमा सांसदहरू जाँदा भेट गर्न नै दियो ।

**शाही कदमका समर्थकहरू पार्टीबाट निष्कासित**

कमरेड नेत्र पौडेल 'अभागी' ले शान्त वातावरणमा एउटा नर्कट पनि ठिङ्ग उभिनसक्छ तर आँधी, हुरी र तुफानको बीचमा केवल सतिसाल मात्र ठिङ्ग उभिन सक्छ भन्नुभएझैँ पार्टीबाट अवसर लिनका लागि आएका अस्थायी पाहुनाहरू राजाको निरङ्कुश घोषणापछि तिल्मिलाएका मात्र होइनन् कि षड्यन्त्रलाई जनताबीच भ्रम उत्पन्न गर्दै 'प्रभुको सेवाका खातिर हाजिर हुन जाने' गोल्छे सार्की, दत्तबहादुर रोकाया, यज्ञ न्यौपाने र चक्र फडेरालाई पार्टीले जनआन्दोलनको शान्तिपूर्ण कित्तामा उभिन नचाहेकाले उनीहरूको साधारण सदस्यतासमेतबाट निष्कासन गरी पार्टीलाई जनमुखी, आन्दोलनकारी पार्टीको रूपमा अघि बढाउने प्रस्ट सोच अघि सारेको छ । यसले प्रतिगमनकारीको सेवामा तल्लिन भएका तर छद्म रूपले एमालेमा रहेकाहरूको आयु अब एमालेमा लामो छैन भन्ने प्रस्ट सङ्केत दिएको छ ।

**आन्दोलनको विस्तार**

३५ जिल्लामा गिरफ्तारी दिनेसम्मको आन्दोलनको अगुवाइ गरेका छन् भने यसका अतिरिक्त अन्य जिल्लामा पनि आन्दोलनका कार्यक्रमहरू जागरणको तहमा अगाडि बढिरहेका छन् । आन्दोलनका क्रममा मातहतमा आन्दोलन परिचालन कमिटीको गठन, बैठक तथा विस्तारित बैठकहरू, कार्यकर्ता भेला , कोणसभा, वक्तव्य प्रकाशन, पर्चा प्रकाशन, दौड जुलुस, मसाल जुलुस, पुत्ला जुलुस, आमसभालगायत घोषित-अघोषित रूपका विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । आन्दोलन आम रूपमा सहरी एवं तराई क्षेत्रका जिल्लाहरूको तुलनामा पहाडी जिल्लाहरूमा तुलनात्मक रूपमा न्यून देखिन्छ ।

**आन्दोलनमाथिको दमन**

'माघ १९' गतेको घोषणालगत्तै त्यसको विरोधमा देशका विभिन्न स्थानमा विरोध जनाएर विभिन्न कार्यक्रमहरू सम्पन्न गरिए । यसै क्रममा पोखरामा निकालिएको जुलुसमाथि दमन गर्दा सेनाको परिचालन मात्र होइन, हेलिकोप्टरबाट गोलीसमेत प्रहार गरियो । यसैक्रममा गीता केसी गोली लागी घाइतेसमेत बन्नुभयो । सोही घटनामा अनेरास्ववियु कास्कीका सचिव दिलीप न्यौपानेलाई बन्दुकको कुन्दाले हान्दा एउटा आँखासमेत भित्र पसेको छ ।

त्रिवि कीर्तिपुरको छात्रावासमा छापा मारी राती छ जना विद्यार्थीहरूलाई अमानवीय ढङ्गले गिरफ्तार गरियो । यस्तै चैत २६ को कार्यक्रममा प्रशासनिक दमनका कारण बारामा चार जनाको खुट्टा भाँचिएको छ । चैत २५ को कार्यक्रममाथि कञ्चनपुरमा प्रहरीले चिनेर नै आन्दोलनकारीलाई ढुङ्गा प्रहार गरी अनेरास्ववियुका अध्यक्षलाई घाइते बनाइएको छ । स्याङ्जालगायत मुलुकका कतिपय स्थानमा पार्टी कार्यालय बन्द गराउन प्रहरीले दबाबसम्म दिएका र त्यसको विरोध गर्ने क्रममा धेरै व्यक्तिहरू गिरफ्तारीमा समेत परेका छन् । गत वैशाख १६ गते कञ्चनपुरको जनज्योति क्याम्पसमा बैठक बसेका अनेरास्ववियुका नेता, कार्यकर्ताहरूलाई घेरा हाली दमन गरिएको छ । यतिसम्म कि अर्को घरमा बसेकालाई समेत घरबाट पक्रिएर ल्याई अर्को घरको गेटबाट भाग्नु भनेको त्यसमा हामी एमालेका हौं किन भाग्ने भनेर प्रतिवाद गरेपछि लात्तीले हानी व्यक्तिहरूलाई लडाएर बन्दुकको कुन्दाले निर्घात पिटी जनताले त्यस्तो नगर्न भन्दा समेत पिट्न छोडेनन् । उहाँहरू वर्तमान अनेरास्ववियु केन्द्रीय सदस्य नरबहादुर धामी, जिल्ला सहसचिव महेश पन्त र प्राक सदस्य किरण

क्षेत्री हुनुहुन्छ । अहिले उहाँहरू उपचारका क्रममा भारतमा हुनुहुन्छ भने जिल्ला अध्यक्ष वचनबहादुर सिंह घाइते हुनुहुन्छ । यस्ता दमनहरू राष्ट्रभरि नै विभिन्न रूपमा शाही सरकारले जारी राखेको छ ।

**उपत्यका नै कैदखाना र नागरिकहरू बन्दी**

मानिसका जन्मसिद्ध नैसर्गिक हकअधिकारहरू खोसिएका छन् । नागरिकलाई देशमा नै कैदी बनाइएको छ । राजनीतिक पार्टीका नेताहरू मात्र हैन, मानवअधिकारकर्मीहरू, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य, पत्रकार, नेपाल बार एसोसिएसनका अध्यक्ष, भूतपूर्व सर्वोच्च अदालतका न्यायाधीश, भूपू सभामुख, आदिवासी जनजाति सङ्गठनका नेताहरूलाई स्वदेशकै विभिन्न स्थान र विदेश जान रोक लगाएर शाही सरकारले मानवअधिकार र प्रजातन्त्रको रट जति लगाए पनि राजधानीलाई एउटा कैदखानाको रूपमा र नागरिकहरूलाई बन्दीझैं जीवन बिताउन बाध्य बनाएको छ ।

अहिलेको कालरात्रि अस्थायी मात्र हो । त्यसपछिको बिहानी हामी सबैको साझा उज्यालो हो । रात जतिसुकै बलवान भए पनि आखिर बिहानी भई छाड्छ, कुकुरो बास्न बिर्सिए पनि उज्यालो अवश्य भई छाड्छ ।

**जेल र कस्टडीमा समेत आन्दोलन**

भनिन्छ, सुनलाई जहाँ राखे पनि खिया लाग्दैन । आन्दोलनको मैदानमा खारिएका जनताका पक्षधर नेता, कार्यकर्ताहरू जस्तोसुकै दमन र कठिनाइमा पनि गल्दैनन् । आन्दोलनका क्रममा गिरफ्तारीमा परेकाका आन्दोलनकारीहरूले कतै नारा जुलुस लगाए, कतै माग राखेर धर्ना दिए भने कस्टडीमा समेत जनअधिकारका लागि आमरण अनसनसमेत बस्ने काम गरिएको छ । जेल सुधारका विषयदेखि स्वास्थ्य उपचारसम्म र गिरफ्तार विद्यार्थीले परीक्षा दिन पाउने व्यवस्थाका लागि मात्रै हैन, संयुक्त आन्दोलनको कार्यक्रममा ऐक्यबद्धता जनाउनसमेत बन्दीहरूले आन्दोलन गरी खुला रहेर पनि आन्दोलनमा नलाग्नेहरूलाई राम्रै पाठ सिकाएका छन् ।

**अदालतको आदेश सरकारद्वारा उल्लङ्घन**

सैन्यबलको भरमा सत्ता कब्जा गर्ने शाही सरकारले संविधान र कानुनभन्दा पनि हुकुमी शासन लागू गरेको छ । राजाको अध्यक्षतामा बनेको सरकारको व्यवहारले विगत ३० वर्षको निरङ्कुश पञ्चायती शासनको पुनरावृत्ति गराएको छ । मानवअधिकार, शान्ति र प्रजातन्त्रको हितका खातिर जनताको पक्षमा लागेबापत गिरफ्तारीमा परेका अनेरास्ववियुका महासचिव ठाकुर गैरे र सचिवालय सदस्य राजन राईलाई अदालतको रिहाइ गर्ने आदेश विपरीत पुनः कस्टडीमा नै राखिएको छ भने एमाले मोरङ जिल्ला कमिटी सदस्य विनोद ढकाललाई गैरकानुनी थुनामा राखेको भन्दासमेत नछोडी निर्लज्जता प्रदर्शन गर्‍यो ।

**मलामी जान पनि सरकारको अनुमति !**

शान्ति र प्रजातन्त्रका लागि आफैँले कम्मर कसेर लड्नुपर्ने घोषणा गरी राजा आफैँले नेतृत्व लिने घोषणा गरेपछि नेकपा (एमाले) का पूर्वअध्यक्ष तथा पूर्वप्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारीकी धर्मपत्नी साधना अधिकारीको अन्तिम श्रद्धाञ्जली दिन र मलामी जान भेला भएको स्थान नेकपा (एमाले) को केन्द्रीय कार्यालयमा सरकारद्वारा गराइएको तोडफोड र श्रद्धाञ्जलीसभामा आएका व्यक्तिको गिरफ्तारी र अनुमति नलिएका कारण हस्तक्षेत्र गर्नुपरेको सरकारका प्रवक्ताको भनाइले अब मान्छे मर्दा पनि मलामी जान सरकारको अनुमति लिनुपर्ने व्यवस्थाले नेपाली मात्र होइन कि विश्वमा नै नेपालले एउटा कीर्तिमान कायम गरेको छ । यसले प्रतिक्रियावादीहरू सत्ताको बागडोर आफूले समाउँदा कतिसम्म निच काम पनि गर्न सक्दारहेछन् भन्ने विषय जनताले आफैं आफ्नो नाङ्गो आँखाले छर्लङ्गै देखेका छन् । कृयापुत्रीहरूलाई समेत हत्या गर्ने माओवादीको क्रान्तिकारी कित्ता र राजाले शान्तिको कित्ताको ऐलान गर्ने बित्तिकै मलामी ढुक्ने सरकार दुवै एकै ड्याङका सिकारी हुन् । दुवै बन्दुके कित्ताका विरुद्ध शान्तिपूर्ण जनआन्दोलनको कित्ताबाहेक अब नेपाली जनतालाई कुनै पनि विकल्प स्वीकार्य छैन । एमाले कार्यलयमा वैशाख १२ गते भएको उक्त घटनाको आठ राजनीतिक पार्टीहरूले संयुक्त रूपमा विरोध गरेका छन् । यसबाट अबका दिनमा सबै राजनीतिक पार्टीहरू पूर्ण प्रजातन्त्र प्राप्ति र निरङ्कुशतन्त्रको अन्त्यका लागि संयुक्त रूपले अघि बढ्ने सकारात्मक सङ्केत दिएका छन् ।

# राजबन्दी नेता-कार्यकर्ताहरू

*'माघ १९' को राजाको कदमपछि मुलुकभर नेकपा (एमाले) का हजारौं नेता, कार्यकर्ताहरू गिरफ्तार भएकोमा पाँच सय ३१ जना विभिन्न समयमा जेल तथा कस्टडीमा राखिएका थिए । जसमध्ये हालसम्म ५५ जना कमरेडहरूले विभिन्न जेल तथा कस्टडीमा बन्दी जीवन बिताइरहनुभएको छ ।*

***स्थायी समिति सदस्यहरू** : वामदेव गौतम, केशव बडाल, मोदनाथ प्रश्रित, ईश्वर पोखरेल, **केन्द्रीय कमिटी सदस्यहरू** : विद्यादेवी भण्डारी, सुवास नेम्वाङ, कृष्णगोपाल श्रेष्ठ, राजेन्द्र पाण्डे, शान्ता मानवी, रणध्वज कन्दङ्वा, राजेन्द्र श्रेष्ठ, महेन्द्रबहादुर पाण्डे, रत्नेश्वर गोइत, **सांसद** : वीरबहादुर सिंह, **अनेमसङ्घ** : गोमा देवकोटा, **अनेकिसङ्घ** : धर्मदत्त देवकोटा, बलराम बाँस्कोटा, टीकाराम महर्जन, शान्तप्रकाश श्रेष्ठ, कृष्णबहादुर धोजू, शङ्करदेव बलामी, आशारत्न डङ्गोल, पञ्चकृष्ण श्रेष्ठ, **भूतपूर्व विद्यार्थी काउन्सिल, अनेरास्ववियु** : राजेन्द्र राई, रूपनारायण श्रेष्ठ, **अनेरास्ववियु** : ठाकुर गैरे, राजन राई, रूपेश खतिवडा, नवीना लामा, जीवन राई, यज्ञराज पन्त ।*

***मेची** : पुष्प पोखरेल (झापा), **कोशी** : विनोद ढकाल (मोरङ), **सगरमाथा** : दीवाकर देवकोटा (सप्तरी), मानपुर चौधरी (सप्तरी), **जनकपुर** : योगनारायण यादव (धनुषा), सुधीरकुमार साह (धनुषा), कालीचरण साह (महोत्तरी), राजकिशोर यादव (महोत्तरी), गणेश नेपाली (महोत्तरी), **नारायणी** : जागृतप्रसाद भेटवाल (चितवन), **लुम्बिनी** : लीला गिरी (रूपन्देही), हितराज पन्थी (रूपन्देही), लेखनाथ पोखरेल (पाल्पा), **गण्डकी** : बाबुराम थापा (गोर्खा), सुरेन्द्र थापा (गोर्खा), **धौलागिरी** : खेमप्रकाश पाठक (बागलुङ), जनक पौडेल (बागलुङ), **भेरी** : देवराज भार (बाँके), दलबहादुर सुनार (बाँके), राम थापा (बाँके), **सेती** : यज्ञराज ढुङ्गाना ( कैलाली), झम्कु चौधरी (कैलाली), **महाकाली** : जगतबहादुर भण्डारी (कञ्चनपुर), **बागमती** : देवशङ्कर पौडेल (रामेछाप) ।*

# शाही कदमको उपज : राष्ट्रसङ्घको निगरानी

**' सूर्य थापा**

**ने** पालमा स्थापना गरिएको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार अनुमगन कार्यालयमा प्रमुख तोकिनुभएको छ- इयान मार्टिन । २०६२ वैशाख १६ गते उच्चायुक्त लुइस आर्बरले उहाँको चयनको घोषणा गर्नुभएको थियो । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मामिलामा तीनदशक लामो अनुभव र एमनेस्टी इन्टरनेसनलको महासचिवसमेत रहिसक्नुभएका उहाँले नेपालमा नवस्थापित अनुगमन कार्यालयमा आफ्नो पदभार सम्हालिसक्नुभएको छ । उक्त कार्यालयले नेपालमा राज्य र विद्रोही दुवै पक्षद्वारा भइरहेको मानवअधिकार उल्लङ्घनको अध्ययन, अनुगमन र अनुसन्धान गरी राष्ट्रसङ्घीय महासचिव कोफी अन्नान र उच्चायुक्त लुइस आर्बरसमक्ष नियमित रूपमा प्रतिवेदन बुझाउने कार्यक्षेत्र तोकिएको छ ।

*"१ फरबरी २००५ मा जारी गरिएको सङ्कटकालीन अवस्थाको घोषणा तथा शाही घोषणाले नेपालमा प्रजातन्त्रमाथि गहिरो धक्का एवं कानुनी राजलाई कमजोर तुल्याएको तथ्यप्रति गम्भीर चिन्ता प्रकट गर्दै, राजनीतिक नेता एवं कार्यकर्ताहरू, मानवअधिकार रक्षकहरू, पत्रकार एवं सर्वसाधारणको जथाभावी गिरफ्तारी तथा गोप्य थुना, बेपत्ता तथा यातनाप्रति गम्भीर सरोकार अभिव्यक्त गर्दै, १० अप्रिल २००५ मा श्री ५ को सरकार एवं मानवअधिकार उच्चायोग कार्यालयबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्झौताको स्वागत गर्दै, साथै श्री ५ को सरकारले मानवअधिकारको उल्लङ्घनका केही मामिलामा गरेको कारबाहीलाई समेत मध्यनजर गर्दै"*- २० अप्रिल २००५ मा राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोगको ६१ औँ बैठकले 'कार्यसूची प्रकार- आइटम १९' पनि पारित गरेको छ । यस आधारमा राष्ट्रसङ्घीय अनुगमन कार्यालय 'माघ १९' को असंवैधानिक र निरङ्कुश शासन लाद्न उद्यत शाही घोषणाको उपज र परिणामस्वरूप स्थापित भएको हो भनेर सहजै विश्लेषण गर्न सकिन्छ ।

मार्च १४ देखि अप्रिल २२ तारिखसम्म चलेको राष्ट्रसङ्घीय मानवअधिकार आयोगको ६१ औँ बैठकमा नेपाली मानवअधिकारकर्मीहरू डा. अर्जुन कार्की, डा. रेणु राजभण्डारी, डा. भोगेन्द्र शर्मा तथा अधिवक्ताहरू गोविन्द बन्दी र प्रदीपशङ्कर वाग्लेले सङ्क्रमणकालीन राष्ट्रिय प्रतिवेदक नियुक्त गरी नेपालमा मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन गर्न जोड दिएका थिए । जसमध्ये परामर्शदातृ हैसियतमा बोल्दै डा. अर्जुन कार्कीले 'एजेन्डा नौ' पारित गर्न अपिल गर्नुभएको थियो । राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलले पनि उक्त बैठकमा आमन्त्रितको हैसियतमा मन्तव्य राख्दै मुलुकको विद्यमान मानवअधिकारको अवस्थामाथि प्रकाश पार्नुभएको थियो ।

'एजेन्डा नौ'को प्रस्ताव पारित गर्नुअघि राष्ट्रसङ्घले सम्बन्धित देशको सरकारलाई सोध्ने परम्पराअनुरूप उक्त प्रस्ताव पारित हुन नदिन परराष्ट्र सचिव मधुरमण आचार्यले मिलाएको तारतम्यअनुसार नेपाल र उच्चायोगबीच राष्ट्रसङ्घीय उच्चस्तरीय संयन्त्र स्थापना गर्ने सम्झौता भएको थियो । उक्त सम्झौतापत्रमा परराष्ट्रमन्त्री रमेशनाथ पाण्डे र राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले हस्ताक्षर गर्नुभएको छ । यसरी नेपालको सरकारले पराजय स्वीकार गरी घुँडा टेक्न पुगेको छ भन्दा अत्युक्ति नहोला ।

यदि उक्त सम्झौता गर्न नेपाल सरकार तयार नभएको भए जेनेभा बैठकले 'एजेन्डा नौ' पारित गर्ने प्रायः निश्चित थियो । त्यसो गर्नबाट क्युबा, पाकिस्तान, उत्तरकोरिया र लिबिया आदिको कूटनीतिक सहयोगले नेपाललाई तात्विक असर पार्न सम्भव थिएन । स्वीट्जरल्यान्डको अग्रसरतामा युरोपेली युनियन, अमेरिका र भारतसमेत एजेन्डा नौ पारित गर्न सहमत भइसकेका थिए । त्यस्तो बाध्यात्मक स्थितिमा नेपाल र राष्ट्रसङ्घबीच उक्त सम्झौता हुन पुगेको छ ।

एक मानवअधिकारकर्मीको टिप्पणी छ- "त्यहाँ अहिलेजस्तो बिजोग अवस्था नेपालको शासन व्यवस्थाले कहिल्यै भोगेको थिएन । तर, अन्तर्राष्ट्रिय समुदायले जुन कुरामा सरोकार राखेको थियो र नेपालीहरूलाई जे आवश्यक हो, त्यो उपलब्धि हासिल भएको छ । अब राष्ट्रसङ्घीय संयन्त्रको उपस्थित हुनेछ, जसले यहाँ भइरहेको मानवअधिकार-ज्यादतीको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने तथा नियमित प्रतिवेदन बुझाउने काम गर्नेछ । यसका निम्ति भइरहेको जनस्तरको लविङ सफल भएको छ र सरकार पूर्णतः परास्त हुन पुगेको छ ।"

'माघ १९' पछि राजनीतिक नेताहरूलाई नजरबन्द र हिरासतमा राख्ने, पत्रकारहरूलाई हतोत्साही तुल्याउने र शाही घोषणाको विरोधमा प्रदर्शन गर्नेहरूमाथि लाठीचार्ज र दमन गर्ने वर्तमान राज्यसत्ता पनि अब राष्ट्रसंघीय संयन्त्रको अनुगमनमा रहनुपर्ने भएको छ । फलतः राजनीतिक नेता, राजनीतिक पार्टी र जनतामाथि गरिरहेको दमन रोक्न राजाको अध्यक्षतामा गठित मन्त्रिपरिषद् बाध्य हुनुपर्नेछ । साथै, राज्य र माओवादी दुवै पक्ष आ-आफ्नोतर्फबाट भइरहेका ज्यादती रोक्न अग्रसर हुनुपर्नेछ । अन्यथा मानवअधिकार ज्यादती गर्नेहरूको दुनियाँमा के हविगत हुने गरेको छ भन्ने कुरा बताइरहनु पर्दैन ।

**सङ्क्रमणकालीन प्रतिवेदकको माग**

जेनेभा बैठक चलिरहेकै बखत नेकपा (एमाले) का कार्यवाहक महासचिव झलनाथ खनाल, नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र प्रजातान्त्रिक काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले चैत २६ गते संयुक्त रूपमा राष्ट्रसङ्घीय अनुगमनका निम्ति अपिल गर्नुभएको थियो । नेतात्रयद्वारा गरिएको उक्त आग्रहमा भनिएको छ- "राष्ट्रसङ्घीय मानवअधिकार आयोगको चालू ६१ औँ अधिवेशनमा नेपालमा सङ्कटकालको अविलम्ब अन्त्य, संवैधानिक प्रणालीको पुनर्बहाली एवं मानवअधिकारको पूर्ण सम्मान र संरक्षणको पक्षमा विश्व समुदायले देखाएको अक्षुण्ण सौहाद्रता, सद्भाव र सहयोग अत्यन्त सराहनीय छ ।

शाही घोषणाका कारण मुलुक द्रूत गतिमा सैनिकीकरण, अराजकता तथा विधिको शासनको शून्यतातर्फ धकेलिएको, राष्ट्रिय मानवअधिकार आयोगलगायत न्याय प्रशासनका अन्य अङ्गहरू निकम्मा तुल्याइएको तथा मानवअधिकार एवं मानवीय कानुनका मूल्य र मान्यताहरूलाई प्रत्यक्षतः उल्लङ्घन गरिएको छ । विद्यमान जटिल परिस्थितिमा मानवअधिकारसम्बन्धी सम्पूर्ण आन्तरिक अनुगमन संयन्त्रहरू प्रभावहीन बन्न पुगेका छन् । फलस्वरूप, प्रजातान्त्रिक अधिकारहरू उपचारविहीन ढङ्गले खोसिएका छन् । अनुगमन संयन्त्रको अभावकै कारण राज्य तथा विद्रोही पक्षद्वारा अनियन्त्रित प्रक्रिया अवलम्बन गरी दण्डहीनतामा समेत बढोत्तरी भएको छ ।"

अपिलमा स्पष्ट उल्लेख थियो- "यसै सन्दर्भमा नेपालले अनुमोदन गरेका मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी सम्पूर्ण प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयनका निम्ति संयुक्त राष्ट्रसङ्घीय तत्वावधानमा अनुसन्धान एवं प्रतिवेदनसहितको अधिकार सम्पन्न अन्तर्राष्ट्रिय अनुगमन संयन्त्रको अविलम्ब स्थापना गर्नु अपरिहार्य भएको छ । यस्तो अनुगमनले हालको विषम परिस्थितिलाई सुधार गरी सामान्य अवस्था बहाल गर्नेछ । साथै, नागरिकहरूका हकअधिकारको नियोजित रूपमा उल्लङ्घन गर्नेहरूलाई दण्डहीनताको स्थितिबाट उम्कन नदिई जवाफदेहिताको दायरामा ल्याउनेछ । यसर्थ, सङ्क्रमणकालीन राष्ट्रिय प्रतिवेदक नियुक्त गरी मानवअधिकार उल्लङ्घनका घटनाहरूको स्वतन्त्र एवं निष्पक्ष अनुगमनको विश्वासिलो एवं सर्वमान्य संयन्त्र अविलम्ब निर्माण गर्न संयुक्त राष्ट्रसङ्घसमक्ष हामी विशेष आग्रह गर्दछौं ।" यसप्रकार मुलुकका तीनवटा प्रमुख राजनीतिक दलका मुख्य नेताहरूले गरेको आग्रहलाई जेनेभा बैठकले धेरै हदसम्म सुनुवाइ गरेको छ । नेपाल र संयुक्त राष्ट्रसङ्घबीच भएको उक्त सम्झौता कार्यान्वयनका निम्ति 'एजेन्डा-१९' को प्रस्ताव पारित गरिएको छ । जसले प्रस्तुत सम्झौतालाई कार्यान्वयन गर्न वैधता प्रदान गरेको छ र नेपाल सरकारबाट हुने आलटाल र धोकाधडीलाई ठाउँ नदिने देखाएको छ ।

**संयन्त्र स्थापनाको स्वागत**

नेपालमा कार्यरत २५ वटा मानवअधिकार संस्थाको तर्फबाट डा. गोपालकृष्ण सिवाकोटी, शोभाकर बुढाथोकी र सुबोधराज प्याकुरेलले एक विज्ञप्तिमार्फत राष्ट्रसङ्घीय अनुगमन संयन्त्र स्थापनाको स्वागत गरेका छन् । उक्त विज्ञप्तिमा भनिएको छ- "नेपालमा विद्यमान मानवअधिकारको गम्भीर एवं सङ्कटपूर्ण परिस्थितिलाई मध्यनजर गरी संयुक्त राष्ट्रसङ्घको पहलमा अनवरत प्रयासपश्चात् उच्चस्तरीय मानवअधिकार अनुगमन संयन्त्र स्थापना गर्ने सहमतिको मानवअधिकारकर्मी समुदाय हार्दिक स्वागत गर्दछ । मानवअधिकारकर्मी समुदाय, प्रजातान्त्रिक शक्तिहरू तथा नागरिक समाजको निरन्तर आह्वान तथा सङ्गठित अभियानकै फलस्वरूप संयुक्त राष्ट्रसङ्घद्वारा यस्तो ऐतिहासिक कदम चालिएकोमा हामी सङ्घप्रति आभार प्रकट गर्दछौं ।" उक्त सम्झौताको विभिन्न राजनीतिक पार्टी र सङ्घसंस्थाले पनि स्वागत गरेका छन् । अब अनुगमन संयन्त्रको कार्यालय राजधानी काठमाडौं र आवश्यकताअनुसार पाँचवटै विकास क्षेत्रमा स्थापना गर्ने र आउँदो दुई वर्षसम्म त्यसले नियमित रूपमा आफ्नो काम गर्ने भएका कारण नागरिक अधिकार र स्वतन्त्रताका पक्षधर आमनेपालीजनमा आशाको सन्देश प्रवाह भएको छ भने जबर्जस्त हुकुमी तरिकाले लादिएको राजाको प्रत्यक्ष शासनले राष्ट्रसङ्घको कडा निगरानी झेल्नुपर्ने भएको छ ।

**माओवादीले सहयोग गर्ने**

०६१ चैत ३० को मितिमा जारी नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको एक विज्ञप्तिमा भनिएको छ- "हाम्रो पार्टीले लामो समयदेखि संयुक्त राष्ट्रसङ्घको भूमिकाको माग गर्दै आएको छ । अहिले मानवअधिकारको मात्र पर्यवेक्षणका निमित्त भए पनि संयुक्त राष्ट्रसङ्घको पहललाई हाम्रो पार्टीले निश्चित रूपमा सहयोग गर्नेछ । हामी चाहन्छौं कि राष्ट्रसङ्घले ... विगतदेखि वर्तमानसम्म भइरहेका राजनीतिक कार्यकर्ताहरूलाई बेपत्ता पार्ने, निर्दोष र निहत्था किसानका गाउँमा आगो लगाउने, महिलाहरूमाथि बलात्कार गर्ने र मुठभेडका नाममा झूठा बयान जारी गरेर गिरफ्तार कार्यकर्ताको हत्या गर्नेजस्ता जघन्य अपराधको छानबिन र पर्दाफास गर्नेछ । त्यसमा हाम्रो पार्टीको पूरै सहयोग हुनेछ । फेरि पनि मध्ययुगीन सामन्ती निरङ्कुशतन्त्रका विरुद्ध जनताको विद्रोहको अधिकारलाई र आफ्नो भाग्यको फैसला आफैं गर्ने प्रजातान्त्रिक विधिलाई स्थापना नगरेसम्म नेपालको समस्या वास्तविक रूपमा समाधान हुन नसक्ने तथ्यप्रति पनि हामी संयुक्त राष्ट्रसङ्घको ध्यान आकर्षित गर्न चाहन्छौं ।" राज्यले राष्ट्रसङ्घसँगको सम्झौता आफ्नो 'शान्त कूटनीति' को सफल परिणाम बताइरहेका बखत प्रचण्डले संयुक्त राष्ट्रसङ्घको यस पहलको स्वागत गर्नुलाई सकारात्मक कदम मानिएको छ । यसले पनि उक्त सम्झौता सरकारको बाध्यता र पराजय नै थियो भन्ने स्पष्ट गरेको छ ।

राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयोगमा विश्वका ५३ राष्ट्र भएको हुनाले २० अप्रिल २००५ मा सर्वसम्मत रूपमा 'आइटम-१९' पारित गरेर यहाँ भइरहेको आफ्नै ज्यादती पनि स्वीकार गरेको छ । १८ बुँदे उक्त प्रस्तावको कार्यान्वयन सन्तोषजनक रूपमा नभए वा मानवअधिकार ज्यादतीमा सुधार नभए छिट्टै हुने राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को बैठकमा कुरा उठ्न सक्छ । त्यसपछि राष्ट्रसङ्घकै 'थर्ड कमिटी' को बैठकले छलफल गर्नसक्छ । सुरक्षा-परिषद्को बैठक त महिनैपिच्छे हुनेगर्छ, स्थितिको गम्भीरता हेरी त्यहाँ पनि नेपालको यस मामिलामा छलफल र कडा कदम चाल्ने निर्णय हुनसक्छ । सामान्य अवस्थामा आउँदो सेप्टेम्बरमा हुने राष्ट्रसङ्घको महासभामा विचारविमर्श गर्नका लागि नेपालमा स्थापित अनुगमन कार्यालयको नियमित प्रतिवेदन प्रमुख आधार बन्नसक्छ । मानवअधिकार उच्चायोगको गत वर्ष सम्पन्न ६० औं बैठकमा समेत नेपालमा यस्तो संयन्त्र आवश्यक भइसकेको भनेर लविङ गरिएको थियो । अहिले राजाको माघ १९ को फौजी कदम त्यसका लागि प्रमुख कारक बन्न पुगेको र संयन्त्र स्थापना भएको तथ्य निर्विवाद छ ।

# पत्रकारको नयाँ नेतृत्व

काठमाडौं । पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको वैशाख २१ गते सम्पन्न एक्काइसौं महाधिवेशनले तीन वर्षका लागि नयाँ नेतृत्व चयन गरेको छ । निरङ्कुशताविरोधी आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्दै आएको महासङ्घमा एक जना पनि दरबारिया र मण्डलेलाई छिर्न नदिएर पत्रकारहरूले उदारहरण देखाएका छन् ।

महाधिवेशनबाट विष्णु निष्ठुरी सभापति र महेन्द्र विष्ट महासचिवमा निर्वाचित हुनुभएको छ भने उपसभापतिहरूमा शिव गाउँले (मध्यमाञ्चल), सञ्जयसन्तोषी राई (पूर्वाञ्चल), गङ्गाधर पराजुली (पश्चिमाञ्चल), कृष्णप्रसाद बस्याल (मध्यपश्चिमाञ्चल) र

डीआर पन्त (सुदूरपश्चिमाञ्चल) हुनुहुन्छ । कोषाध्यक्षमा हेमन्त काफ्ले तथा सदस्यहरूमा सूर्य थापा, राजु सिलवाल, रामजी दाहाल, विष्णु छिमेकी र पूर्ण बस्नेत हुनुहुन्छ । एसोसिएट्स सदस्यमा नारायण अमृत, रमेश विष्ट र सञ्जय घिमिरे निर्वाचित हुनुभएको छ । समापन कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाले राजनीतिक दल र पत्रकारहरू प्रजातन्त्रको एउटै डुङ्गामा सवार भएकाले निरङ्कुशताविरुद्ध संयुक्त आन्दोलनमा एक भएर अघि बढ्नुपर्ने बताउनुभएको थियो ।

## चुनाव असम्भव

काठमाडौँ । नेकपा (एमाले) ले राजाद्वारा वैशाख १ गते घोषित नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको निर्वाचन असम्भव भएको ठहर गरेको छ । पार्टीको वैशाख ४ गते सम्पन्न स्थायी समितिको बैठकले त्यस्तो ठहर गरेको हो ।

१. नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिकाको निर्वाचन गर्ने सरकारी घोषणाप्रति नेकपा (एमाले) को ध्यानाकर्षण भएको छ । राजबन्दीहरूको रिहाइ, निर्वाध प्रेस स्वतन्त्रता, सङ्कटकालको अन्त्य र राजनीतिक दलहरूले स्वतन्त्र ढङ्गले काम गर्न पाउने सुनिश्चितताबिना निर्वाचनको वातावरण बन्न सक्तैन र उपयुक्त वातावरणबिना निर्वाचन प्राथमिकताको विषय हुन सक्तैन भन्ने नेकपा (एमाले) को ठहर छ ।

२. त्यस्तै गरी विकेन्द्रीकरण र प्रजातन्त्रको मर्म तथा संविधानको व्यवस्थाविपरीत सरकारका तर्फबाट गरिएको क्षेत्रीय तथा अञ्चल प्रशासकहरूको नियुक्तिप्रति नेकपा (एमाले) विरोध र भर्त्सना गर्दछ ।

# शाही 'कू' र अन्तर्राष्ट्रिय चासो

**' विष्णु रिजाल**

१९ माघ, २०६१ मा प्रजातन्त्रको हत्या गरी निरङ्कुश शासन लाद्ने राजाको कदमपछि देशका राजनीतिक दल र नागरिक समाज मात्र होइन, अन्तर्राष्ट्रिय जगत् पनि क्षुब्ध र आक्रोशित बनेको छ । यसबीचमा देखिएका प्रतिक्रिया र क्रियाकलापको आधारमा यो एक्काइसौँ शताब्दीको मानव सभ्यतालाई चुनौती दिँदै सैनिकको भरमा प्रजातन्त्रविरुद्ध गरिएको 'कू' हो भन्ने तथ्य कसैबाट छिपेको छैन । राजनीतिक दलमाथि अघोषित प्रतिबन्ध लगाउने, नेता-कार्यकर्ताहरूलाई राजनीतिक आस्थाका आधारमा गिरफ्तार गर्ने, नागरिक अधिकारहरू निलम्बन गर्ने, प्रेसमाथि सेन्सरसिप लगाउनेजस्ता स्वेच्छाचारी कामले शाही कदम प्रजातन्त्रका विरुद्ध गरिएको 'कू' नै हो भन्ने प्रमाणित भएको छ । त्यसैअनुसार नै प्रजातन्त्रप्रति आस्था राख्ने अन्तर्राष्ट्रिय समुदायले यस घटनाप्रति पर्याप्त चासो र सरोकार राखेको पाइन्छ । विदेशी समाचार च्यानल, टेलिफोन र एफएम रेडियो बन्द गराएर राजाले जति निरङ्कुशता लाद्न खोजे, त्यति नै उनी अन्तर्राष्ट्रिय क्षेत्रमा नाङ्गिएका छन् ।

**प्रजातन्त्रका पक्षमा विश्व जनमत**

'माघ १९' कै दिन धेरैजसो विदेशी मुलुकहरूले आफ्नो प्रतिक्रिया जनाए । उनीहरूले नेपालमा प्रजातन्त्रको हत्या गरिएकोमा चिन्ता प्रकट गर्दै त्यसको कडा शब्दमा निन्दा र भर्त्सना पनि गरे । एक्काइसौँ शताब्दीमा देखिएको प्रजातन्त्रको लहरका विरुद्ध उभिएको यस कदमले अनपेक्षित रूपले बद्नामी कमायो । विदेशका प्रतिक्रिया हेर्दा उनीहरूको नजरमा नेपाल एक असभ्य, अविकसित र जङ्गली राज्य हो भन्ने छाप परेको बुझ्न सकिन्थ्यो । कानुनी राज, संवैधानिक सर्वोच्चता र प्रजातान्त्रिक प्रणालीप्रति विश्वास नभएको निरङ्कुश राजतन्त्रको जाँतोमुनि पिल्सिएको राज्यका रूपमा उनीहरूले नेपाललाई चित्रित गरे । वास्तवमा शाही कदमले अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि नराम्रो गरी ध्वस्त बनायो । यसले नेपाललाई एक्काइसौँ शताब्दीमा पनि असभ्य र जङ्गली राज बेहोरिरहेको पिछडिएको मुलुकको रूपमा उभ्यायो तर पनि विश्व जनमत नेपालको प्रजातन्त्रको पक्षमा अभूतपूर्व रूपमा उत्रियो । विदेशी मुलुक, सङ्घसंस्था र निकायहरूले नेपालको प्रजातन्त्रको पक्षमा विश्वव्यापी आवाज उठाए ।

**कुन देशले के भने ?**

**भारत**ले 'यस घटनाबाट नेपालको लोकतन्त्रको ध्येयमाथि गम्भीर धक्का लागेको छ । अतः भारतका लागि यो एक गम्भीर चासोको कारण बन्नु अपरिहार्य छ' भन्ने प्रारम्भिक प्रतिक्रिया दियो । भारतको विदेश मन्त्रालयद्वारा सोही दिन जारी वक्तव्यमा भनियो :

"कयौँ राजनीतिक नेताहरूलाई उहाँहरूकै निवासमा सीमित तुल्याइएको खबर पनि प्राप्त भएको छ । उक्त नेताहरूको सुरक्षा र भलाइलाई सुनिश्चित गरिनैपर्छ र राजनीतिक नेताहरूलाई उहाँहरूद्वारा संविधानअन्तर्गत उपभोग गरिआएको अधिकारहरूको अभ्यास गर्न दिइँनैपर्छ ।

भारतले नेपालको संविधानमा अन्तरनिहित बहुदलीय प्रजातन्त्र तथा संवैधानिक राजतन्त्रलाई नेपालको राजनीतिक स्थिरताका दुई स्तम्भका रूपमा अविचल रूपले समर्थन गरिआएको छ । हाल नरेशद्वारा आफ्नै अध्यक्षतामा सरकार गठन गरिँदा यो सिद्धान्तको उल्लङ्घन भएको छ ।

हामीले सधैँ नै नेपालले सामना गर्नुपरेका राजनीतिक तथा आर्थिक चुनौतीहरूको मुकाबिला गर्नका निमित्त खास गरेर राजसंस्था तथा राजनीतिक दलहरूका बीचमा बृहत् राष्ट्रिय सहमतिको विकास हुनु अपरिहार्य छ भन्ने धारणा लिएका छौँ ।

नेपालको राजनीतिक स्थिरता तथा आर्थिक समुन्नतिको पुनःस्थापनाप्रति हाम्रो समर्थन जारी रहनेछ । यो एउटा त्यस्तो प्रक्रिया हो, जसका लागि लोकतन्त्रका शक्तिहरूमाथिको निर्भरता तथा नेपाली जनताको समर्थनको आवश्यकता पर्दछ ।"

**संयुक्त राष्ट्रसङ्घ**ले सोही दिन जारी गरेको वक्तव्यमा भनिएको छ- "मङ्गलबार नेपालका संवैधानिक राजाद्वारा सरकारको विघटन गर्ने, राजकीय सङ्कटकाल थोपर्ने तथा नागरिक अधिकारहरू र अभिव्यक्ति स्वतन्त्रताको निलम्बन गर्ने गरी चालिएको कदमले महासचिवमा गहिरो चासो पैदा गरेको छ ।

महासचिवले यी कार्यहरूलाई नेपालमाथिको गम्भीर धक्काको रूपमा हेर्नुभएको छ । उहाँ यी कार्यहरूबाट नेपालमा स्थायी शान्ति तथा स्थायित्व आउला भनी विश्वास गर्नुहुन्न । प्रजातान्त्रिक स्वतन्त्रताहरू तथा संस्थाहरूको पुनर्बहालीका निमित्त तत्काल कदम चालिनुपर्दछ ।

महासचिव राजनीतिक नेताहरू, मानवअधिकारकर्मीहरू तथा पत्रकारहरूलगायत नेपाली जनता र तिनका प्रतिनिधिहरूको सुरक्षा तथा भलाइप्रति ज्यादै संवेदनशील हुनुहुन्छ । उहाँले मुलुकका सबै पक्षहरूलाई स्थिति झनै बिग्रने खालका कार्यहरूबाट जोगिन आग्रह गर्नुभएको छ ।"

**संयुक्त राज्य अमेरिका**ले भन्यो- "संयुक्त राज्य अमेरिका नेपालको घटनाक्रमबाट ज्यादै नै बेचैन भएको छ । आज गरिएको नेपालको बहुदलीय सरकारको बर्खास्ती, राजकीय सङ्कटकालको घोषणा तथा मौलिक संवैधानिक हकहरूको निलम्बन प्रजातन्त्रबाट एक कदम पछि हट्ने कार्य हो । यी कार्यहरूले नेपालको शान्तिपूर्ण तथा समुन्नत भविष्यप्रति ज्यादै गम्भीर चुनौतीको रूपमा रहेको माओवादी विद्रोहसँगको नेपालको सङ्घर्षलाई कमजोर तुल्याउने छन् ।

विद्यार्थी तथा राजनीतिक नेताहरूलाई गिरफ्तार गरिएको वा गृह नजरबन्दमा राखिएको खबरबारे पनि हामीमा चासो पैदा भएको छ । यी खबरहरू सत्य हुन् भन्ने नजरबन्दमा राखिएका व्यक्तिहरूसँग राम्रो व्यवहार गरिनेछ, उपयुक्त कानुनअन्तर्गत अभियोग लगाइनेछ वा तत्काल उहाँहरूलाई रिहा गरिनेछ भन्ने हाम्रो अपेक्षा छ ।

संयुक्त राज्य अमेरिका शान्तिपूर्ण, समुन्नत तथा प्रजातान्त्रिक नेपाललाई समर्थन गर्दछ । नागरिक र मानवअधिकारहरूको संरक्षण तथा बहुदलीय प्रजातन्त्रको सुदृढीकरण नै नेपालले यो मार्गतर्फ प्रगति गर्ने प्रमुख तत्त्वहरू हुन् ।

नेपालले संवैधानिक राजतन्त्रअन्तर्गत बहुदलीय राजनीतिक संस्थाहरूको पुनःस्थापनाको दिशातर्फ तत्काल पाइला चाल्नुपर्दछ ।"

**बेलायत**द्वारा सोही दिन जारी वक्तव्यमा भनिएको छ- "आज बिहान नेपालका राजाबाट आफ्नो प्रधानमन्त्रीलाई बर्खास्त गरिएको कुरा सुनेर अत्यन्तै गहिरो चासो पैदा भएको छ । यो कार्यले मुलुकका राजनीतिक संस्थाहरू र राजसंस्थालाई कमजोर तुल्याई नेपालमा अस्थिरताको जोखिम बढाउनेछ ।

हामी बहुदलीय प्रजातन्त्रको तत्काल पुनःस्थापना गर्न आह्वान गर्दछौँ र यो अप्ठ्यारो समयमा शान्त र संयमित रहन सबै पक्षलाई अपिल गर्दछौँ । साथै ब्रिटिस सरकारले नेपाललाई दिइने सुरक्षा तथा विकाससम्बन्धी सहयोगमा यो कदमबाट पर्ने प्रभावको पनि मूल्याङ्कन गर्नुपर्ने छ ।"

**अस्ट्रेलिया**द्वारा जारी वक्तव्यमा उल्लेख छ- "नेपाल नरेशद्वारा हालै गरिएको नेपालका प्रधानमन्त्री देउवा तथा उहाँको सरकारको बर्खास्ती तथा अनिर्वाचित मन्त्रिपरिषद्को नियुक्तिसम्बन्धी घटनाक्रम अस्ट्रेलियाका लागि चासोको विषय हो ।

उक्त कार्य बहुदलीय प्रजातन्त्रका सिद्धान्तहरू विपरीत हो र यो नेपालमा स्थायी शान्ति तथा स्थायित्वका आशाहरूमाथि धक्का हो । अस्ट्रेलिया नेपालमा तत्काल बहुदलीय प्रजातन्त्र फिर्ता हुनुपर्ने कुराको साथसाथै नागरिक अधिकारहरू र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गरिनुपर्ने कुराको समर्थन गर्दछ ।"

**जापान**ले तीनवटा कुरामा जोड दियो,

"१. हालै प्रधानमन्त्रीको बर्खास्ती तथा मन्त्रिपरिषद्को विघटनपश्चात् नेपाल अधिराज्यको नाजुक राजनीतिक स्थितिको सङ्कटको चाँडै नै समाधान हुनेछ भन्ने दृढ आशा गर्दछ,

२. जापान सरकार नेपालले प्रजातन्त्र तथा संवैधानिक राजतन्त्रमा आधारित शान्ति तथा स्थायित्वको चाँडै नै पुनःस्थापना गर्ने आशा गर्दछ,

३. हाल राजनीतिक नेताहरूलाई गिरफ्तार गरिएको हो भने जापान सरकार यस स्थितिप्रति गहिरो चासो राख्दछ र उक्त राजनीतिक नेताहरूलाई मुक्त गरी उहाँहरूको संविधानप्रदत्त स्वतन्त्रताको शीघ्र पुनःस्थापना गरियोस् भनी जोडदार आग्रह गर्दछ ।"

**युरोपेली युनियन**ले भन्यो- "नेपालको बहुदलीय सरकारको विघटन गरी कार्यकारी अधिकार आफैँ लिने राजाको निर्णयबारे युरोपेली युनियनमा गहिरो चासो पैदा भएको छ । यस घटनाबाट बहुदलीय प्रजातन्त्रमा गम्भीर धक्का लागेको कुरा झल्किन्छ । युरोपेली युनियनले नेपालको बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको अविचल रूपले समर्थन गरिआएको छ । युरोपेली युनियन नेपालको वर्तमान स्थितिमा व्यापकतामा आधारित सरकारबाहेक अर्को कुनै विकल्प देख्दैन । वैधतायुक्त प्रजातान्त्रिक शक्तिहरूलाई निर्णयकारी प्रक्रियाहरूबाट पाखा लगाएर प्रजातन्त्रको रक्षा गर्न सकिँदैन । युरोपेली युनियन नेपाली जनताका अभिलासाहरू राम्ररी पूरा गर्नका निमित्त नेपालमा बहुदलीय प्रजातन्त्रको शीघ्र पुनःस्थापना गरियोस् भनी आग्रह गर्दछ ।"

**चीन**ले आफ्नो परम्परागत विदेश नीतिलाई निरन्तरता दिँदै 'नेपालको आन्तरिक मामिला' भएको टिप्पणी गऱ्यो भने अरू कतिपय मुलुकहरूले पनि यस कदमको विरोध नै गरे । सैनिक तानाशाह र निरङ्कुशता भोग्न बाध्य एकाध देशले दिएको प्रतिक्रियालाई बढाइचढाई गरेर राजाको सरकार आत्मरतिमा रमायो । बाह्य समर्थन नपाएर रन्थनिएका मन्त्रीहरू नेपालको कूटनीति कमजोर भएको रुञ्चे तर्क गर्दै विदेशस्थित राजदूतावासमाथि खनिए ।

**राजदूतहरू फिर्ता**

शाही कदमपछि आफ्नो देशलाई जानकारी गराउन नेपालमा भएका प्रायः राजदूतहरू स्वदेश फर्किए । भारतीय राजदूत शिवशङ्कर मुखर्जी, अमेरिकी राजदूत जेम्स एफ मोरियार्टी, बेलाययती राजदूत किथ ब्लुमफिल्डलगायतका मुख्य देशका राजदूतहरू आ-आफ्ना सरकारहरूलाई नेपालका घटनाक्रमप्रति जानकारी गराए । नेपालको राजनीतिक स्थिति बिग्रदै गएको र प्रजातन्त्र सङ्कटमा परेको बेला आफ्नो देशको भूमिका के हुनसक्छ भन्ने बारेमा ती राजदूतहरू रणनीति तयार गरी नेपाल फर्के । कतिपय देशले आफ्ना नागरिकलाई नेपाल भ्रमण नगर्न पनि सुझाव दिए ।

**सैनिक सहयोग रोक्का**

माओवादी विद्रोहीसँग लड्नका लागि शाही नेपाली सेनासँग हतियार र सैन्य सामग्री नभएको यथार्थ कसैबाट छिपेको छैन । भारत, अमेरिका र बेलायतले उपलब्ध गराएको सैनिक सहायताका भरमा सेनाले माओवादीसँग लड्दै आएको हो । नाइटभिजन हेलिकोप्टरदेखि बन्दुक र तिनका गोलीगट्ठा पनि तिनै राष्ट्रले उपलब्ध गराउँदै आएका थिए । तर, 'माघ १९' को कदमपछि प्रजातन्त्रको अभावमा त्यस्ता सामग्रीहरू दिँदा निरङ्कुशतालाई बल पुग्ने भएकाले बन्द गर्ने निष्कर्ष ती मुलुकहरूले निकाले । सबैलाई उछिन्दै बेलायतले सैनिक सहायता रोक्का गर्ने निर्णय गऱ्यो भने भारत र अमेरिकाले पनि 'सहयोगमा पुनर्विचार भइरहेको' बताएर सहयोग स्थगित गरे, जुन अहिलेसम्म पनि कायम छ । डेनमार्कले जनप्रतिनिधिमूलक प्रणाली समाप्त भएको ठहर गर्दै आफ्नो सबै किसिमको सहयोग बन्द गऱ्यो । विश्व बैंक, स्वीस विकास सहयोगजस्ता संस्थाले पनि नेपालमा रकम सदुपयोगको सम्भावना र जनप्रतिनिधित्व प्रणाली नभएको भन्दै सहयोग स्थगित गरे ।

**सङ्घसंस्थाको चासो**

मानवअधिकार र नागरिक स्वतन्त्रताप्रति सरोकार राख्ने अन्तर्राष्ट्रिय संघसंस्थाहरूले पनि 'माघ १९' पछि नेपालप्रति निकै चासो राखे। उनीहरूले आफ्ना मुख्यालयहरूबाट वक्तव्य र अपिल मात्र प्रकाशित गरेनन्, उच्चस्तरीय नेतृत्व नेपाल भ्रमणमा आएर यहाँको वस्तुस्थितिको अध्ययन गर्ने काम पनि गरे ।

मानवअधिकारको धज्जी उडाइएका बेला एमनेस्टी इन्टरनेसनलका महासचिव आइरिन खानले नेपाल भ्रमण गरिन् । उनले काठमाडौँका साथै नेपालगन्जसम्म पुगेर स्थलगत रूपमा यहाँको अवस्थाको अध्ययन गरिन् । मन्त्रिपरिषद्का अध्यक्ष राजासँग पनि भेटिन् । नेपालमा प्रेसमाथि सेन्सरसिप भएका कारण दिल्लीमा गएर उनले पत्रकार सम्मेलन गरिन् । नेपालको मानवअधिकार स्थिति अत्यन्तै खस्किँदै गएको, राजनीतिक स्वतन्त्रता खुम्चिदै गएको र आस्थाका बन्दीहरूको सङ्ख्या 'माघ १९' पछि अत्यधिक मात्रा बढिरहेकोमा उनले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गरिन् । त्यति मात्र होइन, नेपाललाई हतियार नदिन पनि उनले अन्तर्राष्ट्रिय समुदायलाई अनुरोध गरिन् ।

अन्तर्राष्ट्रिय क्राइसिस ग्रुप (आईसीजे) का महासचिव निकोलस हावेन पनि यो अवधिमा नेपालको स्थिति अध्ययनका लागि आए । उनले प्रेसमाथिको सेन्सरसिप, मानवअधिकारको चरम उल्लङ्घन र राजनीतिक गतिविधिमाथिको बन्देजको विरोध गर्दै अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको स्थितिका बारेमा आवाज उठाए ।

राजाको प्रतिगामी तथा निरङ्कुश कदमले प्रजातन्त्र पुनर्स्थापनापछि फस्टाएको प्रेसको घाँटी निमोठ्यो । त्यसले स्वदेशमा मात्र होइन, विदेशमा पनि चर्चा पायो । पत्रकारहरूलाई धम्काउने, थुन्ने, बयान लिने र मानसिक यातना दिने स्वेच्छाचारी कदमका विरुद्ध पत्रकारहरूका अन्तर्राष्ट्रिय संस्थाहरू अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे), कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सीपीजे) र दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन (साफ्मा) ले आवाज उठाए । आइएफजेका सभापति क्रिस्टोफर वारेन, सीपीजेका कार्यकारी निर्देशक आन कुपर र साफ्माका महासचिव इम्तियाज आलमले स्थलगत अध्ययनपछि पत्रकारहरूका लागि नेपाल जेलको रूपमा परिणत हुँदै गएकोमा चिन्ता प्रकट गरे ।

**राजा निराश**

'माघ १९' को कदमपछि प्रजातन्त्रका पक्षमा उठेको आवाज निरङ्कुशतावादीहरूका लागि पाच्य भएन । अनपेक्षित रूपमा सामना गर्नुपरेको विश्वव्यापी विरोध र तिरस्कारले राजाको कदमको असान्दर्भिकता उजागर गरिदियो । फलस्वरूप विदेशी प्रतिक्रियाले आफू निराश भएको अभिव्यक्ति राजा आफैँले अमेरिकाबाट प्रकाशित *'टाइम'* पत्रिकालाई दिएको अन्तर्वार्तामार्फत गरे । "हाम्रा केही साथीहरूले हामीलाई अत्यावश्यक पर्ने सहयोग नियन्त्रण गरेकोमा म निराश भएको छु," आफ्नो निरङ्कुश र स्वेच्छाचारी कदमले अन्तर्राष्ट्रिय क्षेत्रमा भोग्नुपरेको पराजयबारे उनले भने ।

त्यति मात्र होइन, सार्कमा गएर वैधानिकता प्राप्त गरेको देखाउने उनको रहरमा त्यतिबेला पानी खनियो, जतिबेला उनकै कारणले बङ्गलादेशमा हुन लागेको शिखर सम्मेलन तीन दिनअघि मात्र स्थगित भयो । राजाभन्दा पनि नेता हुन खोज्ने र आफ्नो दोष नदेखेर अर्काको मात्र दोष केलाउन मन पराउने राजा ज्ञानेन्द्रलाई विदेशीहरूको प्रतिक्रिया र तिरस्कारले साँच्चै नै निराश बनायो । जकार्तामा भएको एसियाली-अफ्रिकाली सम्मेलनमा पनि उनले आफ्नो निरङ्कुश कदमको औचित्य सावित गर्ने असफल प्रयास गरे । तर, नेपालको प्रजातन्त्रको पक्षमा देखिएको अन्तर्राष्ट्रिय दृढताबाट तर्सेर उनी नेपाल फर्केकै दिन वैशाख १७ गते राती हतारहतार सङ्कटकाल फिर्ताको घोषणा गर्न बाध्य भए ।

**अन्तर्राष्ट्रिय छापामा शाही कदम**

सामान्य अवस्थामा विदेशी छापामा खासै स्थान नपाउने नेपालले शाही कदमपछि धेरै 'कभरेज' पायो । प्रजातन्त्रविरोधी शाही कदमको विरोध गर्दै संसारभरका पत्रिकाहरूले नेपालको प्रसङ्गलाई प्राथमिकताका साथ उठाए । *टाइम, न्युजविक, दी इकोनोमिस्ट* जस्ता पत्रिकाले निकै महत्त्व दिएर शाही 'कू' बारे समाचार र टिप्पणी छापे ।

**वासिङ्टन पोस्ट**ले १४ फेब्रुअरीको सम्पादकीयमा 'माओवादी विद्रोहीहरूद्वारा घेरिएका शासकले नागरिक सरकारलाई बलात् भङ्ग गरी थुप्रै प्रतिपक्षीहरूलाई गिरफ्तार गरेको, सैनिक शासन लागू गरेको र व्यक्तिगत स्वतन्त्रता निलम्बन गरेको' टिप्पणी गर्‍यो । 'प्रजातान्त्रिक सरकारहरूले यस 'कू' लाई पचाउने वा यसलाई उल्टाउनका लागि सैनिक एवम् आर्थिक सहयोग निलम्बन गर्ने कुनै एक अरूचिकर कार्य छनोट गर्नुपर्ने भएको छ' भन्ने सुझाव पनि सो पत्रिकाले दियो ।

२ फेब्रुअरीको **हिन्दू**ले सम्पादकीयमा लेख्यो- "राजा ज्ञानेन्द्रले नेपालको संवैधानिक राजतन्त्रात्मक व्यवस्थाका विरुद्ध कार्य गरेका मात्रै होइनन्, मुलुकलाई यस्तो राजनीतिक खाडलमा धकेलिदिएका छन्, जसलाई उनले नियन्त्रण गर्न पनि गाह्रो पर्नेछ र जहाँबाट उनलाई फर्कन पनि गाह्रो पर्नेछ ।"

२ फेब्रुअरीको **हिन्दूस्तान टाइम्स**ले 'राजा ज्ञानेन्द्रको शेरबहादुर देउवा सरकार भङ्ग गर्ने र हिमाली अधिराज्यमा सङ्कटकाल घोषणा गर्ने निर्णय आगोमा पेट्रोल खनाउनुजस्तै' भएको टिप्पणी गर्‍यो भने फेब्रुअरी २ को **टाइम्स अफ इन्डिया**ले 'यो सब गरेर राजाले पहिलेदेखि नै बिग्रिएको स्थितिलाई झन् खराब बनाएका छन्, राजाले उत्तेजित र अलग-थलग भएर गरेको यस कार्यबाट माओवादीको राजतन्त्र समाप्त गरी कम्युनिस्ट गणतन्त्र स्थापना गर्ने अठोटलाई बलियो पार्ने काम मात्र गर्नेछ' भन्ने उल्लेख गर्‍यो ।

**नवभारत टाइम्स**ले फेब्रुअरी २ को सम्पादकीयमा 'अचानक सरकार भङ्ग गर्ने, अनेकौँ नेताहरूलाई गृह नजरबन्दमा राख्ने र सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने कदमले राजा ज्ञानेन्द्र प्रजातन्त्रका खुँखार विरोधी हुन् भन्ने देखाएको' उल्लेख गर्‍यो भने लन्डनबाट निस्कने **इन्डिपेन्डेन्ट**को फेब्रुअरी ३ को अङ्कमा 'मौलिक अधिकारहरू खारेज गर्ने राजाको कार्यले नेपालका समस्याहरू समाधान गर्नुको एकदमै विपरीत द्वन्द्व र गरिबीको मारमा परेका नेपाली जनताका समस्याहरूलाई झन् चिरस्थायी बनाउने काम मात्र गर्ने' विश्लेषण गर्‍यो ।

लन्डनबाट निस्कने फेब्रुअरी २ को **टाइम्स**ले लेख्यो- "पश्चिमले राजालाई उनको नागरिकलाई धोका दिने काम रद्द गर्न अनुरोध गर्नैपर्छ । नेपालको अस्थिरताबाट फाइदा लिन चाहने उसका छिमेकीहरूले पनि शान्तिकामी प्रभाव नै पार्नुपर्दछ ।"

जर्मन पत्रिका **फ्रेङ्कफर्टर अल्जेमाइन**ले २ फेब्रुअरीमा टिप्पणी गर्‍यो- "नेपालमा राजाले फेरि सबैथोक आफैँ गर्ने निर्णय लिए । उनलाई सफल हुँला भन्ने विश्वास कहाँबाट आयो, त्यो भने स्पष्ट छैन । सानो हिमाली मुलुकमा राजतन्त्र अन्यत्रजस्तो विवादरहित छैन । विगत केही वर्षदेखि राजपरिवारले वुद्धिमान नेतृत्वका रूपमा आफूलाई चिनाउन सकेको छैन ।"

युनाइटेड अरब इमिरेट्सबाट अङ्ग्रेजीमा निस्कने फेब्रुअरी २ को **गल्फ न्युज**ले लेख्यो- "सरकार भङ्ग गर्ने कार्यले माओवादी विद्रोहका कारण पहिलेदेखि नै तहस-नहस भइरहेको मुलुकलाई अर्को नयाँ उत्पातमा धकेलेको छ ।"

हङकङबाट निस्कने **साउथ चाइना मर्निङ पोस्ट**ले फेब्रुअरी ३ मा लेख्यो- "यो अत्यधिक खतरासहितको ठूलो जुवा हो। उनीद्वारा असंवैधानिक तरिकाले बलपूर्वक सत्ता हत्याइनुले राजतन्त्रविरोधीहरूका लागि मसला मिल्नेछ र यसको पतनको प्रारम्भबिन्दु बन्नेछ।"

जापानी पत्रिका **असाही**ले फेब्रुअरी २ को सम्पादकीयमा राजाको कदम संसद्‌माथि आफ्नो अधिकार जमाउन लक्षित देखिएको टिप्पणी गऱ्यो भने क्यानडाको **ओटावा सिटिजन**ले फेब्रुअरी ३ मा नेपालका राजाले प्रजातन्त्रको नाममा नागरिक स्वतन्त्रता निलम्बन गरेको र निरंकुश शासन लागू गरेको उल्लेख गऱ्यो।

# केन्द्रीय कार्यालयमा सरकारी आक्रमण

काठमाडौं। नेकपा (एमाले) को केन्द्रीय कार्यालयमा वैशाख १२ गते सरकारले आक्रमण गरेको छ। सादा पोसाकमा आएका दुई दर्जनभन्दा बढी सुरक्षाकर्मीले गुण्डागर्दीको शैलीमा कार्यालयभित्र पसी वितण्डा मच्चाएका थिए। सो बर्बर र असभ्य हस्तक्षेपको मुलुकका प्रमुख राजनीतिक दल, सङ्घसंस्था र मानवअधिकारवादीहरूले विरोध गरेका छन्। बिनाअनुमति कार्यालयमा प्रवेश गरी तोडफोड र हातपात गर्ने सो कार्यले सरकारको अप्रजातान्त्रिक र निरंकुश चरित्र उदाङ्गिएको उनीहरूले बताएका छन्।

पार्टीका तत्कालीन अध्यक्ष एवं पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीकी पत्नी साधना अधिकारीको श्रद्धाञ्जली सभा सकिँदा-नसकिँदै कार्यालयमा प्रवेश गरेका सादा पोसाकका सुरक्षाकर्मीले कार्यालयभित्र जथाभावी गरेका थिए। उनीहरूले उपत्यका सचिव योगेश भट्टराई, प्ररायुसङ्घका अध्यक्ष गोकर्ण विष्ट र अखिलका अध्यक्ष खिमलाल भट्टराईलाई खोजेको भन्दै कार्यालयका बन्द ढोका फुटाउने, भेटिएका कार्यकर्तामाथि हातपात गर्ने र कोठाचोटा चहार्ने काम गरेका थिए। केन्द्रीय सदस्य गोपाल शाक्यले कसको अनुमतिले कार्यालयभित्र प्रवेश गरेको हो भन्दै प्रतिवाद गरेपछि उनीहरू हच्केका थिए। उनीहरूले अखिलका केन्द्रीय सदस्य झपट रावल र नारायण बस्नेतको कन्चटमा पेस्तोल तेर्स्याएका थिए। उनीहरूले महासचिवको कार्यकक्ष, अनुशासन निरीक्षण कमिटी, लेखा परीक्षण कमिटी र लाइब्रेरीलाई लक्षित गर्दै लगातार आधा घण्टा ताण्डव नृत्य मच्चाएका थिए। कार्यालयवरिपरि सादा पोसाकका प्रहरीसहित चार गाडी तैनाथ गरिएको थियो। हेडक्वार्टरबाट आएको र आफू डीएसपी भएको बताउने व्यक्तिले 'जाऔं केटा हो' भनेपछि साढे चार बजे उनीहरू कार्यालय परिसरबाट बाहिरिएका थिए।

वैशाख १३ गते क्षतिग्रस्त कार्यालय हेर्न आएका विभिन्न दलका नेताहरूले सरकारी पागलपनको भर्त्सना गरेका छन्। राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य डा. रामशरण महत, प्रजातान्त्रिक काङ्ग्रेसका प्रवक्ता डा. मीनेन्द्र रिजाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता रोशन कार्की, जनमोर्चाकी केन्द्रीय सदस्य शशी श्रेष्ठ, सद्भावना (आनन्दीदेवी) का सहमहासचिव अनिलकुमार झा, मालेका पोलिटब्युरो सदस्य जीतवीर लामा र एमालेका तत्कालीन सचिवालय सचिव प्रदीप नेपालले संयुक्त विज्ञप्ति प्रकाशित गरी घटनाको तीव्र निन्दा र भर्त्सना गर्नुभएको छ। वक्तव्यमा 'यो निकृष्ट हस्तक्षेप बहुदलीय प्रजातन्त्र र कानुनको शासनमाथि गरिएको नाङ्गो आक्रमण हो' भन्ने स्पष्ट गरिएको छ।

पार्टीले १३ गते पत्रकार सम्मेलन गरी आक्रमणको कडा शब्दमा विरोध गऱ्यो। पत्रकार सम्मेलनमा वितरीत तत्कालीन कार्यवाहक महासचिव झलनाथ खनालको विज्ञप्तिमा सो घटनाले सरकारको प्रजातन्त्र र मानवअधिकारविरोधी चरित्रलाई उदाङ्गो पारेको उल्लेख छ। उहाँले भन्नुभएको छ- "हाम्रो केन्द्रीय कार्यालयमाथि भएको प्रहरी हस्तक्षेप समस्त राजनीतिक दलमाथिको हस्तक्षेप हो, प्रजातान्त्रिक शक्तिमाथिको हस्तक्षेप हो र यो बहुदलीय प्रजातन्त्रमाथिको हमला पनि हो।"

नेपालमा राजनीतिक अधिकार अपहरण भइरहेका बेला एमालेको केन्द्रीय कार्यालयमा भएको उक्त आक्रमणका बारेमा जेनेभामा हालै पारित भएको आइटम-१९ अन्तर्गत नेपालमा स्थापित राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोगको कार्यालयलाई पनि जानकारी गराइएको छ। कार्यालय स्थापना भइनसकेकाले अस्थायी कार्यभार सम्हालिरहेकी राष्ट्रसङ्घीय अधिकारी मार्लिन अल्जासले यसलाई गम्भीरतापूर्वक लिँदै सहयोग गर्ने जानकारी दिनुभएको थियो।

पार्टीले वैशाख १३ गते राष्ट्रिय मानवअधिकार आयोगको पनि ध्यानाकर्षण गराएको थियो। पार्टीको प्रतिनिधिमण्डलसँग कुरा गर्दै आयोगका अध्यक्ष नयनबहादुर खत्रीले प्रजातान्त्रिक अभ्यासमाथि यो घटनाले कुठाराघात गरेको र आयोगको औपचारिक बैठक बसेर गम्भीरतापूर्वक कारबाही अघि बढाउने वचन दिनुभएको थियो।

नेपाल बार एसोसिएसनले सो घटनापछि सरकार अझ निरङ्कुश, स्वेच्छाचारी र कठोर बन्दै गएको टिप्पणी गरेको छ। स्थलगत भ्रमणपछि अध्यक्ष शम्भु थापा र मानवअधिकार तथा जनसरोकार समितिका संयोजक विश्वकान्त मैनालीले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ- "संविधानबमोजिम स्थापित र क्रियाशील जिम्मेवार राजनीतिक दलको कार्यालयमा भएको यस प्रकारको हस्तक्षेप वर्तमान संविधान र प्रचलित कानुन तथा संसदीय व्यवस्थाविरुद्धकै हस्तक्षेप हो भन्ने नेपाल वार एसोसिएसनको ठहर छ।" यस घटनाले हालै जेनेभामा पारित आइटम-१९ को समेत उल्लङ्घन गरेको बारले जनाएको छ। बारले घटनाबारे विस्तृत अध्ययन गरी तथ्य बाहिर ल्याउने बताएको छ। मानवअधिकार तथा शान्ति समाजले घटनालाई 'राज्य आतङ्कको नमुना' ठहर गरेको छ।

वैशाख १३ गते नै मानवअधिकारवादीले पनि कार्यालयको निरीक्षण गरेका थिए। राष्ट्रिय मानवअधिकार आयोगका सदस्य डा. गौरीशङ्करलाल दास र प्रा. कपिल श्रेष्ठ, सिविनका अध्यक्ष गौरी प्रधान, एमनेस्टी नेपालका अध्यक्ष प्रदीप पोखरेल, इन्सेकका महासचिव कुन्दन अर्याल, आरआरएनका मुकुन्द कट्टेललगायतका मानवअधिकारकर्मीले निरीक्षणपछि सरकारी ज्यादती अप्रजातान्त्रिक भएको टिप्पणी गर्दै विरोध गरेका थिए। राष्ट्रिय मानवअधिकार आयोगले छुट्टै विज्ञप्ति जारी गर्दै आयोगले स्थलगत निरीक्षण गर्दा पार्टी कार्यालय तोडफोड

भएको, कार्यकर्तालाई पेस्तोल देखाई आतङ्कित गरिएको र विद्यार्थीहरूलाई धरपकड गरेको पाइएको जनाएको छ। साथै, श्रद्धाञ्जली सभा भइरहेको संवेदनशील अवस्थामा भएको सो घटनाप्रति दुःख पनि व्यक्त गरिएको छ।

केन्द्रीय कार्यालयमा भएको हमला र तोडफोडको भारतको सत्तारूढ गठबन्धनको एक मुख्य दल भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)ले विरोध गरेको छ। पार्टीका नवनिर्वाचित महासचिव प्रकाश कारतले दिल्लीमा जारी गर्नुभएको विज्ञप्तिमा हस्तक्षेपको भर्त्सना गरिएको छ। नेपालमा राजा ज्ञानेन्द्रको अधिनायकवादी शासनलाई बल पुग्ने गरी कुनै कदम चालिनुपूर्व नेपालको धरातलीय यथार्थप्रति ध्यान दिन सो पार्टीले भारतीय सरकारलाई सचेत पारेको छ।

साधना अधिकारीजस्तो सम्मानित व्यक्तित्वलाई श्रद्धाञ्जली दिने शोकको घडीमा सरकारले देखाएको मानवताविरोधी र दानवीय चरित्रले सरकारसँग कुनै विवेक र प्रजातान्त्रिक संस्कार नभएको पुनः प्रमाणित गरेको छ। आफ्नो अपराधलाई छोप्न गृह मन्त्रालयले 'केही उच्छृङ्खल व्यक्ति पसेको आधारमा' कार्यालयभित्र पसेको विज्ञप्ति निकालेकोमा पार्टीले तत्कालै त्यसको खण्डन गरेको थियो। राजाले विदेशमा मुलुकमा प्रजातन्त्र भएको रट दोहोऱ्याइरहेका बेला स्वदेशमा भने प्रजातन्त्रका खम्बा मानिने राजनीतिक दलको केन्द्रीय कार्यालयमा भएको तोडफोड राजाकै अध्यक्षतामा गठित सरकारले गरेको छ। यस्तो आक्रमणको औचित्य पुष्टि गर्न सरकारलाई फलामको च्यूरा चपाएसरह हुने निश्चित छ।

◆

# शाही कदमपछिका धारणाहरू

'माघ १९' को कदमपछि मुलुकमा जारी हुकुमीतन्त्र र तानाशाहीका विरुद्ध नेकपा (एमाले) ले सोही दिनदेखि लगातार आवाज उठाउँदै आएको छ। सर्वदलीय सरकार विघटन गरी सैनिक बलको आधारमा राजाले सम्पूर्ण सत्ता आफ्नो हातमा लिएपछि पार्टीले निरन्तर त्यसका विरुद्ध आन्दोलनको आह्वान गर्दै विरोध जनाएको छ।

'माघ १९' को 'कू' पछि नजरबन्दमा राखिनुभएका महासचिव माधवकुमार नेपालले नजरबन्दभित्रैबाट वक्तव्य जारी गर्दै भन्नुभयो- "नेपाल अधिराज्यको संविधान, २०४७ तथा बहुदलीय व्यवस्थाको दुहाई दिँदै नेपाली जनताको सार्वभौमसत्ता तथा उनीहरूको त्याग, बलिदानबाट प्राप्त राजनीतिक अधिकारहरूमाथि प्रहार गरी राजा ज्ञानेन्द्रबाट गरिएको शाही घोषणाको नेकपा (एमाले) तीव्र विरोध र भर्त्सना गर्दछ। मुलुकमा शान्ति र स्थिरता कायम हुन नदिन हुँदै आएका दरबारिया षड्यन्त्रहरूमाथि पर्दा हाल्ने दुस्चेष्टा गर्दै राजनीतिक दलहरू सम्मिलित संयुक्त सरकारलाई हटाउने, नागरिक अधिकारहरू निलम्बन गर्ने र मुलुकमा सङ्कटकालको घोषणा गर्ने राजाको तानाशाही कदमलाई नेपाली जनताले कदापि स्वीकार गर्ने छैनन्।"

माघ २१ गते अर्को वक्तव्य जारी गर्दै महासचिव नेपालले मुलुकलाई ०१७ सालझैँ निरङ्कुश राजतन्त्रको दिशामा मुलुकलाई पछाडि फर्काउने दुस्साहसिक निरङ्कुश कदम चालिएको बताउनुभयो। "नेपाल अधिराज्यको संविधान, ०४७ तथा बहुदलीय प्रजातन्त्रको दुहाई दिँदै नेपाली जनताले कठिन र कठोर सङ्घर्षबाट प्राप्त जनताको सार्वभौमसत्ता र बहुदलीय प्रजातान्त्रिक व्यवस्थामाथि गम्भीर प्रहार गरिएको छ। राजा ज्ञानेन्द्रको यस्तो अप्रजातान्त्रिक, असंवैधानिक एवं निरङ्कुश कदमको नेकपा (एमाले) तीव्र विरोध र घोर भर्त्सना गर्दछ।" उहाँले आन्दोलनको आह्वान गर्दै भन्नुभयो- "राजाको यस्तो तानाशाही र स्वेच्छाचारी कदमका विरुद्ध एकजुट हुँदै सङ्घर्षको मैदानमा उत्रन नेकपा (एमाले) आफ्ना सम्पूर्ण पार्टी सदस्यहरू तथा जनसमुदायमा हार्दिक आह्वान गर्दछ। साथै राजा ज्ञानेन्द्रको यस्तो तानाशाही र स्वेच्छाचारी कदमको विरोध तथा नेपाली जनताको सार्वभौमसत्ता एवं जनताको प्रजातान्त्रिक अधिकारको पक्षमा उभिन विश्वका सम्पूर्ण प्रजातान्त्रिक मुलुक एवं अन्तर्राष्ट्रिय समुदायमा हार्दिक आह्वान गर्दछ।"

माघ १९ गते नै विज्ञप्ति जारी गर्दै पार्टी स्थायी समिति सदस्य एवं विदेश विभाग प्रमुख झलनाथ खनालले 'मुलुकमा जारी रहेको अभूतपूर्व राष्ट्रिय सङ्कटको सामना गर्नका निम्ति सिङ्गो राष्ट्रको एकतालाई अझ खँदिलो र बलियो पार्नुपर्ने प्रबल आवश्यकता रहेको यस घडीमा आज गरिएको शाही घोषणाले आमजनता, सम्पूर्ण प्रजातान्त्रिक, देशभक्त र शान्तिप्रेमी शक्तिहरू तथा सिङ्गो राष्ट्रलाई आश्चर्यचकित र स्तब्ध तुल्याएको' बताउनुभयो। "हाम्रो पार्टी राजाको यो असंवैधानिक, अप्रजातान्त्रिक र निरङ्कुश कदमको कडा शब्दमा विरोध र निन्दा गर्दछ। यस घडीमा प्रजातन्त्रको पुनर्बहाली, शान्ति स्थापना र अग्रगमनका लागि हाम्रो पार्टी सम्पूर्ण प्रजातन्त्रप्रेमी, देशभक्त र शान्तिप्रेमी पार्टीहरू, शक्तिहरू तथा आमजनतालाई एकताबद्ध भएर अघि बढ्न जोडदार आह्वान गर्दछ।" उहाँले भन्नुभयो- "साथै, नेपाली जनताको यो न्यायोचित सङ्घर्षलाई साथ दिन विश्वभरिका तमाम शान्तिप्रेमी र प्रजातन्त्रप्रेमी जनता, राष्ट्रहरू, शक्तिहरू र मुलुकहरूलाई पनि हार्दिक आग्रह गर्दछ।"

माघ २१ गते बसेको पार्टी केन्द्रीय कमिटीका सदस्यहरूको सङ्कटकालीन भेलाले स्थायी समिति सदस्य झलनाथ खनाललाई संयोजक बनाउने निर्णय गऱ्यो। कथित भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन भएलगत्तै उहाँले त्यसको विरोध गर्दै फागुन ६ गते विज्ञप्ति प्रकाशित गर्नुभयो। उहाँले भन्नुभयो- "गत माघ १९ गतेको शाही घोषणाले मुलुकलाई निरङ्कुशताको अन्धकार र बर्बर युगतिर फर्काउन जुन असंवैधानिक, अप्रजातान्त्रिक र जनविरोधी प्रक्रियाको सुरुवात गरेको छ, त्यसलाई अझ सघन बनाउँदै र संविधानको मर्म र भावनालाई कुल्चदै फेरि शाही आयोगको गठन हुन पुगेको छ।" उहाँले भन्नुभयो- "राजाले अहिले गठन गरेको आयोग पूर्णरूपले असंवैधानिक छ। त्यो आफैँ अख्तियार दुरूपयोग गरेको नमुनाका रूपमा आएको छ। त्यो स्वयम् अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई चुनौती दिँदै आएको छ र त्यो प्रजातान्त्रिक नेता र कार्यकर्ताहरूका विरुद्ध

प्रयोग हुनसक्ने निरङ्कुशताको औजारको रूपमा पनि आएको छ । त्यसैकारण हाम्रो पार्टी राजाको त्यो असंवैधानिक र स्वेच्छाचारी कार्यको घोर विरोध र भर्त्सना गर्दछ र सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरू तथा आमजनसमुदायलाई त्यसका क्रियाकलापहरू सतर्कतापूर्वक अध्ययन गर्न र प्रत्येक गलत कार्यका विरुद्ध दृढतापूर्वक उत्रिन जोडदार आह्वान पनि गर्दछ ।"

प्रजातन्त्र दिवसका अवसरमा विज्ञप्ति प्रकाशित गरी संयोजक खनालले निरंकुश शाही कदमका विरुद्ध पूर्ण प्रजातन्त्र प्राप्तिको लागि सङ्घर्षमा उत्रन आह्वान गर्नुभएको थियो ।

अपिलमा माघ १९ गतेदेखि नै शाही कदमका विरुद्ध पार्टी आन्दोलनमा उत्रिसकेको उल्लेख गर्दै भनिएको छ- "यही सङ्घर्षकै बीचमा हाम्रा सामु प्रजातन्त्र दिवसका रूपमा फागुन ७ आएको छ । यस दिवसका सन्दर्भमा चालू निरंकुशताविरोधी सङ्घर्षलाई अझ प्रभावकारी रूपले राष्ट्रव्यापी रूपमा अघि बढाउन सम्पूर्ण प्रजातन्त्रप्रेमी, शान्तिप्रेमी आमजनसमुदायलाई हाम्रो पार्टी जोडदार आह्वान गर्दछ ।"

# विद्यार्थीमाथि गोली प्रहार

*कञ्चनपुर । आतङ्कवादी शैलीमा कहिले पार्टीका केन्द्रीय कार्यालयमाथि आक्रमण गर्ने त कहिले मुलुकको प्रधानमन्त्री भइसकेका व्यक्तिलाई मध्यरातमा अमानवीय ढङ्गले गिरफ्तार गर्नेजस्ता काम गर्दै आएको शाही सरकारको निरङ्कुश चरित्रले अब सीमा नाघ्न थालेको छ ।*

*यसैक्रममा गएको वैशाख १६ गते कञ्चनपुर जिल्लाको महेन्द्रनगरस्थित जनज्योति क्याम्पसमा अनेरास्ववियु प्रारम्भिक कमिटी गठनको सिलसिलामा भेला भएका विद्यार्थीहरूमाथि सुरक्षा निकायको गोलीबाट अनेरास्ववियु केन्द्रीय कमिटीका सदस्य नरबहादुर धामी, कञ्चनपुर जिल्ला कमिटीका अध्यक्ष वचनबहादुर सिंह, सचिव महेश पन्त र सक्रिय कार्यकर्ता किरण क्षेत्री गम्भीर घाइते हुनुभएको छ । चारवटासम्म गोली लागेर चिन्ताजनक अवस्थामा पुऱ्याइएका विद्यार्थी नेताहरूलाई सुरक्षा निकायले आफैँ लिएर गएको छ र आफन्तहरूलाई भेट्नसम्म दिइएको छैन । उहाँहरू कुन अवस्थामा हुनुहुन्छ भन्ने कुनै जानकारी छैन ।*

*नेकपा (एमाले) ले 'राज्य आतङ्कले हद नाघेको' टिप्पणी गर्दै भनेको छ- "यस्तो अवस्थामा हाम्रो पार्टी शाही सरकारद्वारा गराइएको उक्त गोलीकाण्डको तीव्र निन्दा गर्दछ र तत्काल निष्पक्ष छानबिन गरी दोषीमाथि कडाभन्दा कडा कारबाहीका निम्ति जोडदार माग गर्दछ ।" यसका साथै शान्तिपूर्ण आन्दोलनमा विश्वास राख्ने नेकपा (एमाले) सम्बद्ध विद्यार्थी नेताहरूमाथि गरिएको बर्बर गोलीकाण्डको विरोध गर्न र दोषीमाथि कारबाहीको वातावरण बनाउन सम्पूर्ण मानवअधिकारवादी सङ्घसंस्था र व्यक्तिहरूलाई पार्टीले हार्दिक अपिल गरेको छ ।*

# समावेशी प्रजातन्त्र के हो ?

**' खगेन्द्र प्रसाई**

**प्र**जातन्त्र, जनतन्त्र, जनवाद लोकप्रिय र बहुप्रचारित शब्दहरू हुन । यद्यपि संसारका थुप्रै प्रजातान्त्रिक भनिएका समाजहरूमा 'जन' को ठूलो हिस्सा राजनीतिक प्रक्रियामा भाग लिँदैन या लिइहाले पनि 'मतदाता' को रूपमा आकस्मिक र सुस्त रूपमा लिन्छ, जनको ठूलो हिस्साले जनतन्त्रको फल चाख्ने कुरा त धेरै टाढाको भयो । वर्तमान विश्वमा बहुप्रचारित प्रजातन्त्र हो : नवउदारवादी पुँजीवादी प्रजातन्त्र । यो प्रजातन्त्र विश्वका प्रायः सबै मुलुकमा असमानता बढाउन र राजनीतिक-आर्थिक शक्तिको केन्द्रीकरण गर्नमा भने सबैभन्दा अगुवा र सफल देखिएको छ । तेस्रो विश्वका मुलुकहरूमा त भ्रष्टाचार, पुँजीवादी उदारवाद र असमानता छुट्याउनै नसकिने गरी साथमा आएका छन् । उता सोभियत समाजवाद पनि थुप्रै समस्याहरूको समाधान गर्न सफल भए पनि वास्तविक समाजवाद भने बन्न सकेन र त्यसले आफ्नो आयु पूरा गऱ्यो । सोभियत समाजवादीहरूले उत्पादनका साधनमा व्यक्तिगत स्वामित्वको अन्त्यलाई समाजवादको पर्यायवाची भनेर बुझे जबकि त्यो समाजवादी व्यवस्थाको एक आवश्यक तर अपर्याप्त सर्त हो । अर्कोतर्फ 'कल्याणकारी राज्यहरू' (जो मूलतः सानातिना लगाम लगाइएका पुँजीवादी राज्य नै हुन्), नवउदारवादी पुँजीवादको चपेटामा विघटित हुँदै गए र परिणाममा असमानता र केन्द्रीकरण नै बढाए । यस्तो परिप्रेक्ष्यमा 'वास्तविक प्रजातन्त्र' को खोजी जोडदार रूपमा हुन आवश्यक थियो ।

हालैका केही वर्षहरूमा 'समावेशी प्रजातन्त्र' का रूपमा केही प्रस्तावनाहरू अघि सारिएका छन् । नेपालमा पनि यसले प्रवेश पाएको छ, छिटफुट यसको उठान र बहस हुने गरेका छन् । नेकपा (एमाले) र केही वामपन्थी चिन्तकहरूले यसलाई उठाएका छन् तर पर्याप्त व्याख्या भने गरेका छैनन् । समावेशी प्रजातन्त्रका नाममा केही व्यक्ति र गैरसरकारी सङ्घसंस्थाहरूले उठाएका केही चर्चाहरूले यसको सारतत्व खण्डित गर्ने सम्भावनासमेत बढेको छ ।

नेपालमा समावेशी प्रजातन्त्र भन्नाले विभिन्न जातजाति, क्षेत्र, लिङ्गको राज्यका विभिन्न अङ्ग र तहमा अनुपातिक प्रतिनिधित्व र पिछडिएको जाति, क्षेत्र, लिङ्गलाई आरक्षण हो भन्ने बुझाइ आमरूपमा छ। तर, यो कुरा समावेशी प्रजातन्त्रको आधारभूत सिद्धान्तसँग मेल खान्न, किन ? यसबारे तल चर्चा गरिनेछ। यो सिद्धान्तको दोस्रो त्रुटि के हो भने यसले मानिसका वर्ग र पेसाको अनुपातमा राज्यमा प्रतिनिधित्वको कुरा गर्दैन। समानुपातिक प्रतिनिधित्वका वकालत गर्नेहरू यो कुरा पटक्कै उठाउँदैनन्। यदि त्यसो गरिने हो भने संसारका धेरै समाजहरूमा शान्तिपूर्ण रूपमा नै राज्य किसान र मजदुरको हातमा पर्नजान्छ, जो पुँजीवादी उदारवादी योजनाका लागि भयानक रूपले बाधक सावित हुनेछ। यो त कम्युनिस्टहरूले वकालत गरिरहेको राज्यजस्तो पो हुन जान्छ भन्ने डर पालेका छन्। हालसाल राज्यको पुनर्संरचनाअन्तर्गत उठेका विषयहरूमध्ये जातीय-लैङ्गिक प्रतिनिधित्व कसरी मिलाउने, स्वायत्तता कसरी दिने, निर्वाचन कस्तो हुने भन्ने विषयहरूले प्राथमिकता र अहम् महत्त्व पाएका छन्। आर्थिक संरचना कस्तो हुने, भूमिसुधार कसरी गर्ने, औद्योगीकरण कसरी गर्ने भन्ने अहम् विषयहरूले उपयुक्त स्थान र महत्त्व पाएका छैनन्।

जातजातिको गणितीय समानुपातिक प्रतिनिधित्वको अवधारणा अर्थ-राजनीतिक पृष्ठभूमिबाट अलग राखिएको बतासे चिन्तन हो। यसले समाजको प्रधान चरित्र र समस्यालाई अर्थ-राजनीतिक र वर्गीय पृष्ठभूमिमा नखोजेर वर्गीय समास्याका उप-उत्पादनहरू जस्तै : जातीय, लैङ्गिक, क्षेत्रीयताजस्ता कुराहरूलाई नै प्रधान समस्याको रूपमा उठान गरेको छ। यसले आममानिसको ध्यान आर्थिक या वर्गीय सन्दर्भबाट मोड्छ । खास गरी कम्युनिस्ट या मार्क्सवादी पार्टीहरू र विचारकहरूले ध्यान दिनुपर्ने विषय यही हो।

सरल अर्थमा समावेशी प्रजातन्त्र प्रत्यक्ष सहभागितात्मक प्रजातन्त्र (Direct Participatory Democracy) र समाजवाद (Socialism) को संश्लेषण हो। कसैले यसलाई मार्क्सवादी मुक्ति योजना (Marxist Emancipatory Project) को नवीकरण या पुनर्परिभाषा पनि भन्छन्। यस प्रजातन्त्रको प्रमुख प्रश्न हो : समाजको हरेक व्यक्ति कसरी सामाजिक, राजनीतिक र आर्थिक प्रक्रियाहरूमा सक्रिय, समान र स्वतन्त्र सदस्यको हैसियतले सहभागी हुनसक्छ ? समावेशी प्रजातन्त्रका प्रबर्द्धकहरूले यस प्रश्नको समाधानमा केही योगदान गरेका छन्। यस सन्दर्भमा यँहा टकिस फोटोपउलस (Takis Fotopoulous) का केही विचारहरूबारे उल्लेख गर्नु सान्दर्भिक होला। यी विचारहरू समावेशी प्रजातन्त्रसम्बन्धी छलफलमा सहयोगी हुन्छ भन्ने विश्वास गर्न सकिन्छ।

वास्तवमा फोटोपउलसले भनेझैं वर्तमान विश्वको सङ्कट बहुआयामिक हो : आर्थिक, सामाजिक, राजनीतिक, पर्यावरणीय आदि। हामी यी बहुआयामिक समस्याहरूको बढ्दो जटिलतामा प्रतिदिन घेरिइरहेका छौँ। यही बहुआयामिक सङ्कटको समाधानका लागि उनले समावेशी प्रजातन्त्र र त्यसका चार अङ्गहरू प्रस्तावित गरेका छन्।

(क) **राजनीतिक प्रजातन्त्र** (Political Democracy) : राजनीतिक प्रजातन्त्र भन्नाले नागरिकहरूले प्रतिनिधिमार्फत नभएर प्रत्यक्ष सहभागी भई निर्णय प्रक्रियामा भाग लिने खालको राजनीतिक व्यवस्था बुझिन्छ। यसमा उनले ३०-५० हजार जनसङ्ख्या भएका समुदायहरूको परिकल्पना गरेका छन्, जसमा हरेक वयस्क सदस्य निर्णय प्रक्रियामा भाग लिन्छ।

प्रतिनिधि प्रजातन्त्र (Representative Democracy) मा प्रतिनिधिले जनताको प्रतिनिधित्व नगर्ने, उनीहरूका साँघुरा व्यक्तिगत स्वार्थहरू प्रधान हुने खतरा हुन्छ। वास्तवमा प्रतिनिधि प्रजातन्त्रमा हुन पनि यस्तै भयो। गरिब किसान, मजदुर र अन्य पेसाका मानिसहरूको अत्यधिक बाहुल्य भएका विश्वका अनेकौं समाजहरूमा बनेका प्रतिनिधिसभाहरूले तिनैहरूको प्रतिनिधित्व के कारणले नगरेका होलान् ? यस्ता समाजमा बहुसङ्ख्यक जनताका पक्षमा किन योजना, नीति र कानुनहरू नबनेका होलान् ? त्यस्ता समाजमा पनि उदारवादी पुँजीवाद नै किन हाबी भएको होला ? वास्तवमा नव-उदारवादी पुँजीवादी पद्दतिमा प्रतिनिधिहरू निजी स्वार्थमा बहकिएका र भ्रष्टीकरण हुँदै गरेका र तिनीहरूमाथि नागरिकहरूको नियन्त्रण हुन नसकेका प्रमाणहरू यत्रतत्र छन्। समाधान के त ?

(ख) **आर्थिक प्रजातन्त्र** (Economic Democracy) : आर्थिक प्रजातन्त्र भनेको उत्पादनका समस्त साधनमा निजी स्वामित्वको अन्त्य र जनस्वामित्व (Demotic Ownership) को स्थापना र अभ्यास हो। यसअन्तर्गत एक समुदायका उत्पादन साधनहरू त्यहाँको जनसभा (Demotic Assembly) मा रहने छन्, जसमा त्यहाँका प्रत्येक वयस्क व्यक्ति प्रत्यक्ष सदस्य हुनेछन्। त्यस समुदायका हरेक कारखाना, उद्योग या अन्य साधनमा काम गर्ने प्रत्यक व्यक्ति आफ्नो उक्त कार्यक्षेत्रको समान हैसियतको व्यवस्थापक सदस्य हुनेछ। हरेक कार्यक्षेत्रमा कार्यक्षेत्रसभा हुनेछ र त्यसले जनसभाको आमनीति र निर्णयअन्तर्गत उक्त कार्यक्षेत्रमा थप निर्णयहरू र उक्त निर्णयहरूको कार्यान्वयन गर्नेछ।

(ग) **सामाजिक प्रजातन्त्र** (Social Democracy) : सामाजिक प्रजातन्त्र भन्नाले परिवार, कार्यस्थल, शैक्षिक क्षेत्र या सामाजिक जीवनका सबै क्षेत्रहरूमा सबै किसिमका असमानताहरूको अन्त्य र सबै सदस्यहरू समान रूपले अधिकारी र उत्तरदायी हुने अवस्था भन्ने बुझिन्छ। यस्ता सामाजिक एकाइहरूले जनसभाले पारित गरेका सिद्धान्त र नीतिहरूलाई स्व-व्यवस्थापनको प्रक्रियाबाट लागू गर्नेछन्। वास्तवमा बुझ्दा हामी राजनीतिमा स्व-शासनको कुरा गर्छौं तर हाम्रा कार्यस्थल, शिक्षाजस्ता महत्त्वपूर्ण सामाजिक जीवनमा त्यसलाई उठाउदैनौं। एउटा पुँजीवादी अर्थ-राजनीतिक व्यवस्थामा मालिकको कारखानामा काम गर्ने मजदुर कति स्वतन्त्र, समान र मर्यादित नागरिक हुनसक्छ होला ? उसको अत्यधिक

समय त मालिकको आदेश पालना गर्नमै बित्दछ। त्यसकारण फोटोपोउलस सामाजिक जीवनका सबै क्षेत्रबाट सबै किसिमका असमान सम्बन्धहरूको अन्त्य हुनुपर्छ भन्दछन्।

(घ) **पर्यावरणीय प्रजातन्त्र** (Ecological Democracy) : पर्यावरणीय प्रजातन्त्रले प्रकृतिमा मानिसको एकीकरण या समायोजनलाई जोड दिन्छ। पुँजीवादी उत्पादन प्रणालीमा प्रकृतिको अनावश्यक र अत्याचार शोषण गरिन्छ, त्यो पनि मुख्य रूपले नाफाका लागि। पुँजीवादी विकास मोडल र हाल केही समाजवादी देशमा भएका विकास मोडेलहरू 'प्रकृति विनासक विकास' हरू हुन्। समावेशी प्रजातन्त्रमा विकास र उत्पादनको लक्ष्य प्रतिस्पर्धामा आधारित मुनाफा नभई मानिसका आवश्यकताहरूको परिपूर्ति गर्नु र 'वास्तविक' गुणस्तरीय जीवनशैली प्रदान गर्नु हुनेछ। वास्तवमा हाल जेलाई उच्च जीवनशैलीको रूपमा प्रचारित गरिएको छ, त्यो व्यक्ति स्वयम् समाज र प्रकृतिका लागि घातक छ।

फोटोपउलस थप प्रस्ताव गर्छन् : जनसभाको डेलिगेटहरू (Delegates) बाट क्षेत्रीयसभाहरू र सङ्घीयसभा बन्दछन् र यसरी थुप्रै जनसभाहरूले स्वतन्त्र र एकीकृत भएर काम गर्दछन्। केही व्यक्तिहरू यस्तो प्रत्यक्ष र सक्रिय सहभागितामा आधारित राजनीतिक-आर्थिक व्यवस्थालाई अव्यावहारिक र असम्भव भन्छन्। तर, हालको सूचनाप्रविधिको विकासलाई हेर्दा समावेशी प्रजातन्त्र सञ्चालन गर्न सम्भव हुने देखिन्छ।

समावेशी प्रजातन्त्रलाई फोटोपउलस स्वयम्ले "नयाँ मुक्ति योजना" (New Liberatory Project) भनेका छन्। यस अर्थमा समावेशी प्रजातन्त्रको अवधारणाको आगमनले केही मुलुकमा समाजवादको पतन भएपछि निरास भएका, बाटो बिराएका र प्रस्ट नयाँ विचार प्राप्त गर्न नसकी अल्मलिएका हजारौँका मुक्तिका सपनाहरूलाई पुनर्जीवित गर्नेछ र तिनीहरूका विचार र चिन्तनलाई पुनः सक्रिय गरी भविष्यको बाटो खोज्ने अवसर प्रदान गर्नेछ। यसका लागि विषयको उठान, खोज र वैज्ञानिक बहसलाई जोडदार रूपले अघि बढाउनुपर्छ। नेकपा (एमाले) ले समावेशी प्रजातन्त्रलाई उठान गरेको छ। यस्तो प्रजातन्त्रलाई साकार रूप दिन कस्तो पार्टी सङ्गठन र पार्टी प्रजातन्त्र आवश्यक हुन्छ भन्ने कुराहरूको छलफलबाटै हामी समावेशी प्रजातन्त्रको यात्रा सुरु गर्न सक्छौँ।

*Reference:*

*Lawati, Mahendra. 2005.* ***Towards Democratic Nepal: Inclusive Political Instituion for a Multicultural Society.***

*Fotopoulos, Takis. 1997.* ***Towards an Inclusive Democracy: The Crisis of Growth Economy and the Need for Liberatory Project.***

*Fotopoulos, Takis. 1998.* ***The Aims of Inclusive Democracy.***

***(http: //www.inclusivedemocracy.org/index.html)***

***International Journal of Inclusive Democracy. (Many volumes)***

***Freedman, Paul. 2003. Critical Management Education, The Universal Socialist and Inclusive Democracy.***

*(समावेशी प्रजातन्त्रको बहसका लागि प्रस्तुत सामग्री सहयोगी हुने अपेक्षाका साथ प्रकाशित गरिएको छ।* - **प्रधान-सम्पादक**)

# माओवादी ज्यादती जारी

काठमाडौं। दुई शीर्षस्थ नेताबीचको व्यक्तित्व टकरावले विभाजनको सँघारमा पुग्नै लागेको माओवादी पार्टीभित्रको सैन्यवादी उन्माद झनै बढेको छ। राजनीतिक आस्थाको आधारमा गरिने भौतिक कारबाहीलाई सो पार्टीका उन्मादी जमातले जारी राखेको छ।

गएको वैशाख १३ गते साँझ अर्घाखाँचीमा नेकपा (एमाले) सुवर्णखाल गाउँ कमिटीका सदस्य एवं निवर्तमान गाविस अध्यक्ष यज्ञप्रसाद बेल्बासेको माओवादीले क्रूरतापूर्वक हत्या गरेका छन्।

निरङ्कुशतन्त्रका विरुद्ध मुलुकका सम्पूर्ण राजनीतिक शक्तिहरू एकताबद्ध भएर पूर्ण प्रजातन्त्रका लागि निर्णायक सङ्घर्ष गर्नु समयको माग बनिरहेका बेला माओवादीको जघन्य अपराध स्वीकार्य नहुने जनाउँदै एमाले केन्द्रीय कार्यालय-सचिव काशीनाथ अधिकारीले उक्त हत्याको निन्दा र भर्त्सना गर्नुभएको छ। अधिकारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ- "हाम्रो पार्टी माओवादीलाई हत्याहिंसाको राजनीति छाडेर पूर्ण प्रजातन्त्रका लागि शान्तिपूर्ण आन्दोलनमा फर्कन आह्वान गर्दछ।"

यसैगरी, नेकपा (एमाले) रुपन्देही इलाका नं. २ का उपसचिव सञ्जय गुप्तालाई वैशाख २२ गते साँझ आफ्नै निवास छिपागढ सेमरहवाबाट अपहरण गरी चरम यातना दिई सोही दिन साँझ सिक्टहन शङ्करपुर चौराहामा लगी देब्रे खुट्टामा गोलीसमेत हानी मरणासन्न अवस्थामा पुऱ्याइएको छ। निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र प्राप्तिको सङ्घर्षमा लागिरहेका एक राजनीतिक कार्यकर्तामाथि आक्रमण गर्नु अत्यन्त खेदजनक र निन्दनीय भएको बताउँदै पार्टीले माओवादीका पाशविक व्यवहारको विरोध र भण्डाफोर गरेको छ।

# वर्तमान सन्दर्भमा जननेता मदन भण्डारीलाई सम्झँदा

' **माधवकुमार नेपाल**, महासचिव

नेपाली जनताको तर्फबाट आन्दोलनकारी पार्टीहरू- नेकपा (माले) सहितको संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेस तथा राजाको बीचमा भएको सम्झौताअनुरूप सहमति र समझदारीबाट निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ लाई पहिलोपल्ट सार्वजनिक रूपमा नाङ्गो ढङ्गले उल्लङ्घन गर्ने काम राजा ज्ञानेन्द्रबाट भयो । ०५९ साल असोज १८ गते राजाबाट प्रधानमन्त्रीको सिफारिसको उल्टो गएर निर्वाचित प्रधानमन्त्रीलाई नै बर्खास्त गर्ने र कार्यकारी अधिकार आफ्नो हातमा लिने काम गर्दै नेपालको शासनाधिकार पार्टीको हातबाट खोस्ने सिलसिला सुरु भयो। संवैधानिक राजतन्त्रको सीमा र मर्यादालाई उल्लङ्घन गर्ने कामलाई एकपछि अर्को गर्दै बढाउँदै लगियो। जनप्रतिनिधिमूलक संस्थामा विद्यमान राजकीय सत्ताको संवैधानिक अधिकारलाई बलजफ्ती आफूमा हस्तगत भएको आफूखुसी व्याख्या गरियो र संविधानको दुरूपयोग गर्ने कामको सुरुवात भयो। यसरी नै धारा १२७ को दुरूपयोग गर्ने र संविधानलाई अर्थहीन बनाउने काम भयो। त्यसको मर्म, सिद्धान्त र मान्यतालाई धुजाधुजा पारियो। यसरी संविधानको अक्षर र भावना मात्र होइन, संवैधानिक राजतन्त्रको विश्वव्यापी मान्यता र व्याख्याको समेत उपहास गरियो। अलिकति चर पाउनेबित्तिकै संविधानकै उल्लङ्घन, अपव्याख्या र आफूखुसी प्रयोग गर्ने काम त्यस्तो व्यक्तिबाट भयो, जसलाई संविधानको संरक्षकको रूपमा संविधानले व्यवस्था गरेको छ।

यो सिलसिला ०६१ माघ १९ गते राजा भएर मात्र नपुगी देशको प्रधानमन्त्री पनि आफैं हुने अवस्थाको व्यवस्था शाही घोषणामार्फत गरियो। सम्पूर्ण दलीय व्यवस्थालाई ताकमा थन्काएर पञ्चायतकालका भूतप्रेतहरूलाई सत्ताका विभिन्न निकायमा भर्ती गरेर देशलाई गम्भीर द्वन्द्व र मुठभेडमा पुऱ्याउने काम गरियो। आज विगत तीन महिनादेखि राजाको प्रत्यक्ष, निरङ्कुश एवं हुकुमी शासन कायम छ। मन्त्री, सचिव र राज्य प्रशासन संविधान र कानुनबाट हैन, दरबारको हुकुम, आदेश, इसारा र सङ्केतबाट चलिरहेका छन्। मन्त्रीहरू दरबारको इसारामा नाच्ने कठपुतली भएका छन् र राजाको नेतृत्वमा पर्दाभित्र लुकेको शक्तिको मुलुकमा हालीमुहाली चलिरहेको छ।

सिङ्गो देशलाई कैदखानामा परिणत गरिएको छ, नागरिक प्रशासनलाई पङ्गु बनाइएको छ, प्रशासनमा सेनाको आदेश, निर्देशन र हालीमुहाली चलिरहेको छ। नागरिक र प्रजातान्त्रिक अधिकार खोसिएका छन्, विगत तीन महिनादेखि लगाइएको सङ्कटकाल देशभित्र र देशबाहिरको प्रजातान्त्रिक जनमतको जबरजस्त दबाबका कारणले औपचारिक रूपमा हटाइएको भए पनि व्यवहारमा सबै क्षेत्रमा दमन र नियन्त्रण जारी छ। अदालतको आदेशको अपहेलना तीव्र छ। प्रेस स्वतन्त्रता खोसिएको छ।

०६१ माघ १९ गते जुन किसिमबाट राजाबाट सत्ता हत्याइयो, सैन्य शक्तिको आडमा गरिएको 'कू' भन्दा भिन्न थिएन। बहालवाला प्रधानमन्त्री, मन्त्रीहरू र पूर्वप्रधानमन्त्रीहरूलाई थुनामा राख्नु, सबैजसो राजनीतिक दलका वरिष्ठ नेताहरूलाई नजरबन्द र प्रहरी हिरासतमा राख्नु, व्यापक कार्यकर्ताहरू र अगुवा व्यक्तिहरूलाई पक्राउ गर्नु, देशभरिका टेलिफोन र मोबाइलका लाइनहरू काट्नु, एफएम रेडियो स्टेसनहरू बन्द गर्नु, पत्रिकाका कार्यालयमा सेनाका टुकडीहरू खटाउनु, देशको हवाई सेवा बन्द गर्दै देशभित्र र देशबाहिरको आवागमनलाई बन्द गर्नुजस्ता कार्यले मुलुकमा कस्तो अवस्था सिर्जना गरियो भन्ने कुराका भुक्तभोगी सम्पूर्ण नेपालीहरू छन्। समग्रमा, सञ्चार सम्बन्ध अवरुद्ध गर्नु, सङ्कटकाल लगाउनु, सबै अगुवा व्यक्तिहरूको हिँडडुल र गतिविधिमा प्रतिबन्ध लगाउनु तथा सङ्कटकाल घोषणा गर्नुको एउटै उद्देश्य थियो-प्रजातन्त्रविरोधी 'कू' लाई सफल पार्नु। यी सबै कदम 'कू' का लागि नै चालिएका थिए। सबै किसिमको विरोध र प्रतिरोधलाई नियन्त्रण गरी बलात् सत्ता कब्जा गर्न उद्यत् हुनुबाट नेपालका राजाले प्रजातन्त्रको हत्या गरी हुकुमी शासन लाद्न र पहिलो किस्तामा तीन वर्ष आफ्नो एकलौटी रजाइँ चलाउन अग्रसर भएको स्पष्ट हुन्छ।

यस्तो अवस्थामा कुरा के स्पष्ट भएको छ भने निरङ्कुश राजतन्त्र र नेपाली जनताबीचको अन्तरविरोध राजनीतिक रूपमा प्रखर भएको छ र राजतन्त्र नै नेपाली जनताको प्रहारको प्रमुख निसाना बनेको छ। यस्तो निरङ्कुश सत्ताको अन्त्य गर्दै प्रजातन्त्रको पुनर्बहाली गर्नु सम्पूर्ण स्वाभिमानी र प्रजातन्त्रवादी नेपाली जनताको प्रमुख दायित्व भएको छ। आमजनतालाई देशको मालिक बनाउने, सम्पूर्ण सार्वभौम अधिकार नेपाली जनतामा अन्तरनिहित बनाउने र देशको भाग्य-भविष्यको फैसला गर्ने एक मात्र जिम्मेवारी नेपाली जनतामा रहने साँचो प्रजातान्त्रिक परिपाटीको स्थापना गर्न हामी एकताबद्ध भएर लाग्नुपर्दछ। प्रजातान्त्रिक शक्तिहरू एवं न्यायप्रेमी नेपाली जनताको चाहना र उद्देश्य पनि यही रहेको छ।

यही प्रजातान्त्रिक परिपाटी स्थापित गर्ने दौरानमा नै माओवादी द्वन्द्वको शान्तिपूर्ण समाधान खोजिनुपर्दछ। समाजमा विद्यमान सबै खालका विभेदहरूको अन्त्य, सामाजिक न्यायको प्राप्ति एवं समतामूलक र समृद्ध समाजको स्थापना गर्ने दिशामा अघि बढ्नुपर्दछ।

कमरेड मदन भण्डारीले नेपालको कम्युनिस्ट आन्दोलनलाई प्रजातान्त्रिक आन्दोलनसँग जोड्न र नेपाली इतिहास एवं विश्वको प्रगतिवादी प्रवाहसँग एकाकार गर्न, जडसूत्रवादी कम्युनिस्ट धारा र बुर्जुवा प्रजातान्त्रिक धाराका विकृति र विसङ्गतिबाट कम्युनिस्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनलाई मुक्त गर्ने दूरदृष्टिपूर्ण चिन्तन अगाडि सार्नुभयो। कम्युनिस्ट आन्दोलनमा विद्यमान एकाधिकारवादी मान्यताबाट मुक्त रहेको जनताको बहुदलीय जनवाद जनतालाई नै देश र राजनीतिको केन्द्रबिन्दु बनाउने, उनीहरूको चाहना र भावनालाई नै चिन्तन र सोचको प्रस्थानबिन्दु बनाउने एउटा सुस्पष्ट वैचारिक प्रवृत्ति हो। यसले बुर्जुवा राजनीतिका विकृति र विसङ्गतिलाई अस्वीकार गर्दछ। अवर्गीय वा गैरवर्गीय बकवासको खण्डन गर्दछ, गरिबी, अभाव, असमानता र भेदभावले पिल्सिएका जनताको स्पष्ट रूपमा पक्षपोषण गर्दछ। जनताको स्वाभिमान र मर्यादाको रक्षा गर्ने कुरालाई सुनिश्चित गर्दै समाजको आमूल रूपान्तरणको ऐतिहासिक अभिभारा पूरा गर्न अग्रसर हुन्छ।

आज प्रतिगामी कदमहरूबाट देशमा निरङ्कुश शाही हुकुमी शासन कायम छ। कमरेड मदन भण्डारीले ०४७ सालमा बाध्य भएर सत्ता छोड्न पुगेका निरङ्कुश तत्त्वहरू पुनः जागेर उठ्ने, तिनीहरूको पुनरुत्थान हुनसक्ने खतरालाई पटकपटक उल्लेख गर्नुभएको थियो। उहाँले एउटा खास कालसम्म नेपालका प्रमुख पार्टी त्यसमा पनि नेपाली काङ्ग्रेस र तत्कालीन नेकपा (माले) बीच सहकार्य एवं सहमतिको आवश्यकता देख्नुभएको थियो। कम्तीमा पनि प्रतिगामी शक्तिका विरुद्ध सजगता र सतर्कता कायम राख्नुका साथै यसलाई नियन्त्रण गर्न यथोचित कदम चाल्नुपर्ने आवश्यकताबारे जोड दिनुभएको थियो।

००७ सालको क्रान्तिपछि तत्कालीन सामन्ती दरबारिया शासकहरूले त्यतिबेला पनि सहमति र सम्झौता तोडेर धोखा दिएका थिए। तिनै सामन्ती दरबारिया शासकहरूले ०१७ सालमा २०१५ सालको जनताको अभिमत प्राप्त सरकारलाई भङ्ग गर्ने र आफ्नो शाही हुकुमत लाद्न पुगेका थिए। इतिहासको विडम्बना, फेरि इतिहास दोहोरिएको छ- कतिपय नयाँ विशेषता र रूपका साथ। पीडित भएको छ फेरि पनि प्रजातन्त्र- जनअधिकार र जनताको सार्वभौमसत्ता। शासन गर्ने जनताको हक फेरि पनि खोसिएको छ शाही हुकुमबाट।

त्यसकारण राजाको हुकुमीतन्त्रको अन्त्य गर्दै जनसहभागितामूलक, समावेशी चरित्रको वास्तविक प्रजातन्त्रको स्थापना गर्नु र विगतका गल्ती-कमजोरीहरूलाई दोहोरिन नदिनु हामी सबैको अभिभारा बन्न पुगेको छ।

उपरोक्त उद्देश्य पूरा गर्न प्रजातान्त्रिक र प्रजातन्त्रप्रति प्रतिबद्ध वामपन्थी शक्तिहरूबीच बृहद् एकताको आवश्यकता छ। समाजका सबै वर्ग, तह र तप्काका जनता एकताबद्ध भएर संयुक्त विशाल जनआन्दोलन सिर्जना गर्न अग्रसर हुन आवश्यक छ। ०१७ सालदेखि ०४६ सम्म नेपाली कम्युनिस्टहरू र नेपाली काङ्ग्रेस एकताबद्ध भएर अघि नबढेकाले प्रजातान्त्रिक आन्दोलन सफल हुनसकेन। तर, ०४६ सालमै यी दुवै शक्तिहरू र समाजका सबै तप्का एकताबद्ध भएर अघि बढ्ने बित्तिकै पञ्चायती तानाशाही तासको महलझैं धरासायी भयो। विगतबाट शिक्षा ग्रहण गर्दै यसपटकको आन्दोलनमा सबै शक्ति एकताबद्ध भएर अगाडि बढ्नु आवश्यक छ। राजाले निरङ्कुश शासन लादेको यो अवस्थामा पनि आन्दोलन गर्ने कि नगर्ने भनेर भ्रमित हुने कुरा आउँदैन। त्यसमा आमजनतालाई सहभागी गराउने व्यापकतम् प्रयास गर्ने कुरामा पनि ढिलाइ गर्ने प्रश्न उठ्दैन। मात्र हाम्रा सामु रहेको प्रश्न के हो भने फेरि पुरानै गोलचक्करमा हामी फस्ने त होइन ? प्रजातान्त्रिक आन्दोलनले फड्को मार्ने काम नगरेर पुरानै शासनको ढाँचाकाँचा, पुरानै समाजका चरित्र र तौरतरिका कायम रहने त होइन ?

यसरी नै कतै राजाबाट बारम्बार दुरूपयोग हुने गरेको वर्तमान संविधानको धारा १२७ को चक्रब्यूह र राजाको निगाह वा नियन्त्रणमा रहने गरेको सरकारको भ्रमजालमा फस्ने त होइन ? सत्ताप्रति आशक्त हुने, सत्ता र अधिकारको दुरूपयोग गर्ने तथा जनताको आकाङ्क्षा र भावनालाई बेवास्ता गर्ने चिन्तन र कामबाट मुक्त हुनु आवश्यक छ। हाम्रा विगतका सोच र कामको इमानदारीका साथ समीक्षा गर्नु र त्यसबाट यथोचित शिक्षा लिनु जरुरी छ।

यी र यस्तै मान्यता बोकेर निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापना गर्ने मूल उद्देश्य पूरा गर्न संयुक्त जनआन्दोलनमा उत्रने घोषणासहित सात राजनीतिक दल २५ वैशाख ०६२ का दिन सहमतिमा पुगेका छन्। यो आन्दोलनले राजाको हातमा रहेको शासनाधिकार जनताको हातमा ल्याउने, निरङ्कुश राजतन्त्रको अन्त्य गरी सार्वभौमसत्ता र राजकीयसत्ता जनताको हातमा फिर्ता गर्ने र प्रजातन्त्रका निम्ति पटकपटक राजासँग लडिरहनुपर्ने अवस्था नदोहोरिने गरी निर्णायक बिन्दुमा पुऱ्याउने गरी आन्दोलनको आँधीबेहेरी सिर्जना गर्नु आवश्यक छ। त्यसकारण यसपटकको आन्दोलनले अग्रगामी सोच र कार्यक्रमलाई आत्मसात् गर्दै विगतका त्रुटि-कमजोरीलाई महसुस गर्दै अगाडि बढ्ने अग्रसरता देखाउनुपर्दछ। त्यही नै जननेता मदन भण्डारीप्रतिको सच्चा सम्मान र श्रद्धाञ्जली हुनेछ।

*- २७ वैशाख २०६२*

# सामूहिक नेतृत्वका प्रतीक

प्रकाश कारत यही अप्रिल ११, २००५ मा सम्पन्न भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को अठारौँ महाधिवेशनबाट महासचिवमा सर्वसम्मत चयन हुनुभएको छ। त्यसको लगत्तै नेपालको प्रजातान्त्रिक आन्दोलनका समर्थनमा उहाँको कार्यकालको पहिलो प्रतिक्रिया आएको छ। त्यसका लागि कमरेड कारत धन्यवादका पात्र हुनुहुन्छ।

सन् १९४८ मा तत्कालीन बर्मामा जन्मनुभएका प्रकाश कारतको राजनीतिमा प्रवेश '६० को मध्यतिर मद्रास क्रिश्चियन कलेजबाट भएको थियो। उहाँ विद्यार्थीकालदेखि नै विभिन्न आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो। यसैक्रममा स्कटल्यान्डको एडिनबर्ग विश्वविद्यालयमा भएको रङ्गभेदविरोधी आन्दोलनमा लागेबापत विश्वविद्यालयबाट निष्कासित गरिनुभएको थियो तर उहाँको असल आचरणका कारण पछि फिर्ता लिइएको थियो। सन् १९७० मा भाकपा (मार्क्सवादी) को सदस्यता लिनुभएका कारत विद्यार्थीका नेताको रूपमा १९७६ को भारतको सङ्कटकालविरुद्धको सङ्घर्षबाट स्थापित हुनुभएको थियो। त्यस बखत उहाँ करिव डेढ वर्ष भूमिगत भए पनि दुईपटक गिरफ्तार हुनुभएको थियो। जवाहरलाल नेहरू विश्वविद्यालयबाट मार्क्सवादी आन्दोलनमा प्रवेश गर्नुभएका कारत सो विश्वविद्यालयको विद्यार्थी युनियनमा सभापति पदमा विजयी समेत हुनुभएको थियो। उहाँलाई भाकपा (मार्क्सवादी) का नेता पी सुन्दरैयाले झ्वाट्ट तानेर पार्टीको व्यवस्थापन कार्यमा संलग्न गराएका थिए। त्यसपछि पूर्वमहासचिव ईएस नम्बुदरीपादद्वारा प्रशिक्षित प्रकाश कारत स्टुडेन्ट्स फेडेरेसन अफ इन्डियाको अध्यक्ष र पार्टीको विद्यार्थी फाँटको प्रमुख हुनुहुन्थ्यो। उहाँ सन् १९८५ मा पार्टी केन्द्रीय समितिमा र १९९२ मा पोलिटव्युरोमा छनोट हुनुभएको थियो।

उहाँ सञ्चारमाध्यमबाट पृथक रहने गर्नुहुन्छ। पार्टीभित्र ज्यादै सक्रिय र अन्तरक्रियामा सहभागी भए पनि गैरपार्टीका नेतासँगको अन्तरक्रियामा उहाँको सहभागिता रहने गरेको देखिएको छैन। उहाँका विश्लेषणात्मक रचनाहरू ज्यादै चर्चाका विषय बन्ने गरेका छन्। उहाँका हरेक लेख-रचनाहरू अकाट्य तथ्य र तथ्याङ्कमा आधारित हुने गर्दछन्। अझ तथ्य र प्रमाणका भार बोकेका उहाँका हरेक प्रस्तावहरू पार्टीका निर्णयहरू बन्ने गरेका छन्। मुख्यतया पार्टी लेखनका अलावा उहाँका अन्य क्षेत्रगत लेखहरू बौद्धिक हुने गर्दछन्। उहाँले *'लेफ्टवर्ड'* नामक एक प्रकाशनगृह सञ्चालन गर्नुभएको छ र उहाँ त्यसको प्रबन्ध निर्देशकसमेत हुनुहन्छ। उहाँको *'भारतमा भाषा, राष्ट्रियता र राजनीति'* नामक पुस्तक प्रकाशित छ। साथै, उहाँका धेरै फुटकर रचनाहरू प्रकाशनमा आएका छन्। तीमध्ये *'कार्य समूहहरू/गैससहरू : साम्राज्यवादी रणनीतिको एउटा तत्व'* र *'आजको नक्सालवाद: विचारधारात्मक मृत्युशय्यामा'* नामक दुईवटा लेखहरू हाम्रो देश नेपालको वर्तमान परिप्रेक्ष्यमा अध्ययनयोग्य, मननयोग्य र ज्यादै सान्दर्भिक छन्।

आफ्नो जीवनको ३० वर्ष राजनीतिमा संलग्न रहनुभएका कारतको अहिलेसम्म संसदीय राजनीतिमा अनुभव छैन। उहाँ पार्टीका रणनीतिकारमध्ये एक मानिनुहुन्छ। उहाँका अडानहरू क्षणिक उपलब्धिका लागि नभई रणनीतिक लक्ष्यतर्फ उन्मुख हुने गरेको विश्वास गरिन्छ। उहाँले सन् १९९६ मा युनाइटेड प्रोग्रेसिभ एलाइन्सद्वारा ज्योति बसुलाई भारतको प्रधानमन्त्रीको प्रस्ताव राखिँदा स्वीकार गर्न नहुने अडान लिनुभएको थियो। दुईदुईपटक लिइएको अडानका कारण उहाँलाई 'कठमुल्लावादी कम्युनिस्ट' पनि भनियो। यो अडान ज्योति बसुको वाक्यमा 'ऐतिहासिक महाभूल' थियो।

प्रकाश कारतको आगमन सर्वसम्मत भए पनि उहाँ सामूहिक नेतृत्वका संयोजक मात्र हुने कुरा भाकपा (मार्क्सवादी)का नेता एमए बेबीले उद्घोष गरेका छन्। हालको अधिकांश नेतृत्व स्वतन्त्र सङ्ग्रामको पृष्ठभूमिबाट आएको छ र कारत '७० को दशकको सङ्कटकालविरोधी सङ्घर्षको कालखण्डबाट राजनीतिमा आउनुभएको छ। त्यो पुरानो पुस्ता र कारतबीच निश्चय नै पुस्तान्तर देखिन्छ। सन् १९२० मा स्थापित र १९६० मा पुनर्गठित भाकपा (मार्क्सवादी) को साङ्गठनिक संरचनाका कारण नै दुवै पुस्ताको प्रतिनिधित्व हुनुपर्ने जरुरी छ। तसर्थ, दुवै पुस्ताको प्रतिनिधित्वको आवश्यकता ठानिएर ८५ वर्षीय हरकिशन सिंह र ९१ वर्षीय ज्योति बसुलगायतका वृद्ध नेताहरूलाई पोलिटव्युरोमा समावेश गरिएको हुनसक्छ। नयाँ पुस्ताले दुवै युगको प्रतिनिधित्व गर्न नसक्ने भएकाले नै पुरानो पुस्ताको प्रतिनिधित्व खोजिने गरिन्छ। भाकपा (मार्क्सवादी) को नयाँ नेतृत्व पुस्ता-हस्तान्तरणको प्रक्रियामा देखापरेकाले कुनै एक व्यक्तिको अवतारिक क्षमताबाट होइन, वास्तवमा सामूहिक नेतृत्वका रूपमा सञ्चालन हुने भनाइ तथ्यसङ्गत छ।

५७ वर्षीय महासचिव कारतका सामु विभिन्न चुनौती र सम्भावनाहरू छन्। उहाँले भाकपा (मार्क्सवादी) लाई वर्तमान सरकारको बलियो रक्षकका रूपमा प्रस्तुत गर्दै भारतीय काङ्ग्रेस र अन्य उदारवादी पुजीवादी दलहरूका खुला आर्थिक नीति र साम्राज्यवादीका व्यापारिक आक्रमणको मारबाट जनतालाई जोगाउनुपर्ने छ। पुराना र नयाँ पुस्ता रहेको ८५ सदस्यीय केन्द्रीय कमिटीलाई एकमना राख्नुको साथै विस्तार र खुम्चाइ पनि नभएको स्थिर भाकपा (मार्क्सवादी) को साङ्गठनिक संरचनालाई राष्ट्रव्यापी विस्तार गर्नुपर्ने उहाँको कार्यकालको लक्ष्य हुनुपर्दछ। पटकपटक केन्द्रीय सरकारमा निर्णायक हुने पार्टीको साङ्गठनिक संरचना बङ्गाल र केरलामा केन्द्रित छ तर राष्ट्रव्यापी छैन। यसकारण भाकपा (मार्क्सवादी) को साङ्गठनिक संरचनालाई राष्ट्रव्यापी विस्तार गर्नु नयाँ पुस्ता र भावी राजनीतिक सन्दर्भमा दूरगामी र अहम् महत्त्वको कार्य हो।

यद्यपि, उहाँका अघि अन्य तात्कालिक चुनौतीहरू पनि छन्। भारतमा मजबुत भइरहेको हिन्दू कट्टरतावाद र ज्यादतीलाई राजनीतिक रूपमा परास्त गर्नका लागि हालको सरकारको गठबन्धन कायम राख्नु जरुरी छ। यसका लागि उहाँको अन्तरमुखी स्वभाव र 'मार्क्सवादी कट्टरतावादिता' बाधक बन्ने खतरातर्फ सचेत हुनुपर्नेछ। आर्थिक खुलानीतिविरोधी भाकपा (मार्क्सवादी) र

नवनियुक्त महासचिवको मार्क्सवादको संरक्षणको प्रतिबद्धता तथा साम्राज्यवादी भूमण्डलीकरणका प्रखर आलोचकको मूर्त र दृढ निर्णयहरू नै हाल सरकारमा संलग्न भारतीय उदारवादी पार्टीहरूसँग गरिने व्यवहारमा बाधक बन्न सक्नेछन् । यसकारण अन्य भारतीय उदारवादी पार्टीहरूसँगको सम्बन्धमा पूर्वमहासचिव हरकिशन सिंहको अभावलाई परिपूर्ति गर्नका लागि उहाँको केन्द्रीय नेतृत्वसँगको समझदारी र सहयोग खासगरी सीताराम येंचुरीको महत्त्वपूर्ण सहयोगका बारेमा ध्यान दिइनुपर्ने छ । अन्तमा भारतेली शासकहरूको छिमेकी मुलुकहरूप्रति गरिने नाफामूलक व्यवहारका विरुद्ध रही छिमेकी मुलुकहरूमा भइरहेको पूर्ण प्रजातन्त्रको सङ्घर्षको समर्थनमा अन्य पार्टीहरूको समर्थन कायम राखी राख्ने भूमिकाको छिमेकमा पूर्ण प्रजातन्त्रका लागि लडिरहेका पार्टीहरूले आशा राखेका छन् ।

आशा गरौं, उहाँको नेतृत्वमा भाकपा (मार्क्सवादी) आफ्नो लक्ष्य प्राप्त गर्न र चुनौतीसँग मुकाविला गर्न सफल हुनेछ ।

**' कोमल भट्टराई**

# प्रस्तावित शान्ति ऋणपत्र नोक्सानदायी

## ' डा. गोविन्दबहादुर थापा

**चौ**तर्फी सङ्कटसँगसँगै नेपालको आर्थिक क्षेत्रमा पनि नयाँ समस्या र सङ्कट देखापर्न थालेका छन् । दातृ समुदायले खर्च गर्नै नसकिने गरी अनुदान र ऋण दिने गरेकाले विगत सरकारहरूलाई वित्तीय साधनको अभाव महसुस गर्नुपरिरहेको थिएन । त्यसरी प्राप्त हुने वैदेशिक सहायताबाट सरकारलाई मात्र सजिलो नभई त्यस्तो सहायता परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने भएकाले त्यसबाट मुलुकको शोधनान्तर स्थिति र परिवर्त्य विदेशी मुद्राको सञ्चिती बढ्दै जानमा समेत योगदान पुगिरहेको थियो । अब वैदशिक सहायता त्यस रूपमा प्राप्त नहुने भएपछि सरकारलाई वित्तीय साधनको अभाव त हुने नै भयो, त्यससँगसँगै मुलुकको शोधनान्तर स्थिति र परिवर्त्य विदेशी मुद्राको सञ्चितीमा पनि प्रतिकुल असर पर्ने सम्भावना बढेर गएको छ ।

गत आर्थिक वर्ष २०६०/६१ को चैतसम्म नगदमा प्राप्त कुल वैदेशिक सहायता अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा एक सय ७२ प्रतिशतले बढेर १० अर्ब तीन करोड ६१ लाख रुपियाँ पुगेको थियो । तर, यो वर्ष (०६१/६२) मा त्यस्तो सहायता ४४.५ प्रतिशतले घटेर पाँच अर्ब ५७ करोड ५३ लाख रुपियाँमा सीमित भएको छ । मुख्य रूपमा विश्व बैंकले दिने कबुल गरेअनुसार बजेटमा समावेश गरिएको पाँच अर्बभन्दा बढीको नगद वैदेशिक ऋण नआएकाले यो वर्ष कुल वैदेशिक सहायतामा यस्तो ह्रास आएको हो । यसबाट सरकारलाई तरलताको अभाव त हुन गयो नै मुलुकको शोधनान्तर स्थिति र परिवर्त्य विदेशी मुद्राको सञ्चितीमा समेत प्रतिकुल असर पर्न गएको छ । मुलुकको निर्यात व्यापारमा शिथिलता आएको र पर्यटन क्षेत्र अस्तित्व जोगाउन सङ्घर्ष गरिरहेको अवस्थामा वैदेशिक सहायता पनि यस रूपमा घट्न जाँदा रेमिट्यान्सले मात्र मुलुकको शोधनान्तर स्थिति र विदेशी मुद्राको सञ्चितीलाई कति दिनसम्म थेग्न सक्ला भन्ने चिन्ता गर्नुपर्ने भएको छ । वार्षिक करिब २० अर्ब रुपियाँबराबरको पेट्रोलियम पदार्थ भारतीय मुद्रा भुक्तानी गरी आयात गर्नुपरिरहेबाट हुन गएको भारतीय मुद्राको अभावलाई परिवर्त्य विदेशी मुद्राको निरन्तर बढ्दो सञ्चिती उपयोग गरी पूर्ति गर्ने गरिएको थियो । त्यसले गर्दा भारतीय मुद्राको अभावलाई खासै चिन्ताको विषयको रूपमा लिने गरिएको थिएन । तर, अब निर्यात तथा पर्यटन क्षेत्रका अतिरिक्त वैदेशिक सहायता पनि सुक्न थालेकाले परिवर्त्य मुद्राको सञ्चितीमा दबाब पर्ने सम्भावना बढेर गएको छ । वैदेशिक रोजगारीबाट रेमिट्यान्स आउने क्रम यथावत् रहेता पनि अन्य प्रमुख स्रोतमा आएको ह्रासलाई पूर्ति गर्नसक्ने गरी यो स्रोतबाट विदेशी मुद्राको आर्जन बढ्ने सम्भावना देखिँदैन । विदेशी मुद्राको आर्जन बढाउन चाल्नसकिने थप कदम पनि अत्यन्त सीमित भएको अहिलेको परिस्थितिमा आउँदा दिनमा सञ्चितीको अवस्था कस्तो रहला ? उत्सुकताको विषय भएको छ । यसरी लामो समयसम्म चलिरहेको द्वन्द्व र त्यसको परिणामस्वरूप सिर्जना भएको अत्यन्त असहज परिस्थितिको असर अब अर्थतन्त्रमा समेत गम्भीर रूपमा पर्ने सम्भावना बढ्न थालेको छ ।

त्यो स्थितिबाट पार पाउन सरकारले साढे पाँच अर्ब रुपियाँबराबरको शान्ति ऋणपत्र जारी गर्न लागेको कुरा हालै सार्वजनिक भएको छ । यस्तो प्रतिकुल परिस्थितिमा थप वित्तीय साधन परिचालन गर्ने यो एउटा उपयुक्त प्रक्रिया भएको कुरा निर्विवाद छ । तर, केही समयअघि जारी गरिएको सरकारी ऋणपत्र सम्पूर्ण रूपमा बिक्री हुन नसकेको पृष्ठभूमिमा प्रस्तावित ऋणपत्रको नियति कस्तो होला यसै भन्न सकिने स्थिति छैन । वाणिज्य बैंकहरूमा निक्षेपको व्याजदर न्यूनतम स्तरमा झरेको अवस्थामा तुलनात्मक रूपमा बढी व्याजदर भएको सरकारी ऋणपत्र पूर्ण रूपमा बिक्री हुन नसक्नु निश्चित रूपमा गम्भीर कुरा हो । तर, यो कुरा ऋणपत्रको अवधि, त्यसमा दिइने व्याजदर, व्याज आयमा कर लाग्ने वा नलाग्ने, बैंक तथा वित्तीय संस्थाहरूले यो ऋणपत्र खरिद गर्न पाउने वा नपाउने र पाउने भए यी ऋणपत्रहरू कर्जाका लागि बैंकहरूमा धितोमा राख्न पाइने कि नपाइने आदि कुरामा पनि निर्भर हुन्छ । करमुक्त गरी व्याजदर केही बढी दिएको खण्डमा त्यस्ता ऋणपत्रहरू बिक्री हुन सक्नुपर्ने हो । अघिल्लोपटक बिक्री हुन नसक्नुको कारण व्याजदर र त्यसमा लाग्ने व्याजकर हुन् भने मात्र ती कुरामा सरकार केही उदार भइदिँदा ऋणपत्र सहजै बिक्री हुन सक्लान् । तर, बिक्री हुन नसक्नाका अरू नै कारण छन् भने व्याजदर र करमा थपिने आकर्षण पनि प्रभावकारी हुन नसक्ने हुन्छ । त्यसैले यो ऋणपत्र एकैचोटि बजारमा ल्याउनुभन्दा पहिले यसको

एकपटक बजार परीक्षण गर्नु बुद्धिमानी हुनेछ । यसरी नेपालमा सरकारले ऋण लिने एउटा नयाँ उपकरण प्रयोग हुन लागेको छ । विदेशीले समेत खरिद गर्नसक्ने गरी जारी गर्न लागिएको यो ऋणपत्रबाट सरकारलाई तरलता प्राप्त हुनुको साथसाथै मुलुकलाई विदेशी मुद्रासमेत प्राप्त हुनेछ । तर, आकर्षण नथपिएको अवस्थामा यस ऋणपत्रलाई बजारले कुन रूपमा लिने हो, यसै भन्न सकिँदैन ।

बजारले यसलाई सहर्ष स्वागत नै गर्‍यो भने पनि यो ऋणपत्र वैदेशिक ऋणको विकल्प भने हुन सक्दैन । किनभने,

१. विदेशी वा गैरआवासीय नेपालीहरूले यो ऋणपत्र खरिद गरे भने मात्र त्यसबाट विदेशी मुद्रा प्राप्त हुनसक्दछ । त्यसैले यसमा सुनिश्चितता हुँदैन । जबकि वैदेशिक सहायतामा अन्यथा अवस्थामा बाहेक सामान्य अवस्थामा निरन्तरता र सुनिश्चितताको प्रत्याभूति हुन्छ ।

२. यस्तो ऋणपत्रमा व्याजदर तुलनात्मक रूपमा बढी दिनुपर्दछ । जबकि नेपाल अति कम विकसित मुलुक भएकाले नेपालले विश्वबैंकको अन्तर्राष्ट्रिय विकास संस्था (आईडा) बाट ऋण पाउँछ । यस्तो ऋणको व्याजदर (सेवाशुल्क) एक प्रतिशतभन्दा कम हुन्छ र भुक्तानी अवधि पनि निकै लामो (१० वर्षको ग्रेस पिरियडसहित ४० वर्ष सम्म) हुन्छ । तर, स्वदेशी वा विदेशी व्यक्तिसँग ऋण लिँदा प्रथमत: पाँच-सात वर्षभन्दा लामो अवधिको ऋण पाइँदैन भने दोस्रो बजारमा प्रचलित दरमा व्याज दिनुपर्दछ । त्यसैले यसरी लिइने ऋणको सर्बिसिङ्ग महँगो हुन्छ । यो भनेको लगभग विदेशी वाणिज्य वा विकास बैंकहरूबाट ऋण लिएबराबर हो । त्यसैले स्वाभाविक रूपमा यो महँगो हुन्छ । विकासको गति बढाउन सम्भव नभएको वर्तमान अवस्थामा यस किसिमले महँगो व्याजदरमा ऋण लिनु बुद्धिमानी ठहरिँदैन ।

३. यस किसिमको वैदेशिक ऋणका साथसाथै अन्य दातृ संस्थाहरूबाट ठूलो मात्रामा अनुदान पनि प्राप्त हुन्छ । जस्तो : पीआरजीएफ कार्यक्रमअन्तर्गत डीएफआईडी, जीटीजेड आदि संस्थाहरूबाट ठूलो रकमको अनुदान प्राप्त भएको छ, थियो । तर, ऋणपत्रमार्फत लिइने ऋणबाट वैदेशिक अनुदान आउने कुरा हुँदैन ।

४. वैदेशिक सहायताबाट रकम मात्र आउने होइन, त्यससँगसँगै नयाँ, आधुनिक र वैज्ञानिक ज्ञान, सीप, सूचना र प्रविधि पनि आउँछ । जसले हामीलाई नयाँ चुनौती र परिस्थितिको सामना गर्न मद्दत गर्दछ । वैदेशिक सहायताबाट विकृतिहरू पनि नआएका होइनन् । जस्तै : महँगा परामर्शदाताहरू ल्याउनुपर्ने, सहयोगसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरूमा विदेशी उत्पादनहरू प्रयोग गर्नुपर्ने, आयोजनाहरू महँगा हुने, दाताहरूले नै छानेका आयोजना तथा कार्यक्रमहरू लागू गर्नुपर्ने, कठिन किसिमका सर्तहरू स्वीकार गर्नुपर्ने, विदेशीहरूको हस्तक्षेप बढ्ने आदि ।

तर यीमध्ये कतिपय कुराहरूलाई वैदेशिक सहायता नीति, ०५९ ले हटाइसकेको छ भने कतिपय कुराहरू विगतको इसाफ कार्यक्रम खारेज भई पीआरजीएफ कार्यक्रम लागू भएपछि हटेका छन् । र, बाँकी रहेका अन्य प्रतिकुल कुराहरूलाई ऋण-सम्झौता वार्ताबाट पनि हटाउन सकिन्छ । साथै, वैदेशिक सहायता लिइरहँदा मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध र भाइचारापन प्रवर्द्धन हुन्छ । र, सम्बन्धित मुलुकलाई अन्तर्राष्ट्रिय मूल प्रवाहमा सम्मिलित भएको अनुभूति हुन्छ । सामान्य अवस्थामा त्यस्तो अनुभूतिले केही लाभ नदेला तर अप्ठ्यारो वा सङ्कट पर्दा उनीहरूको सहयोगले ठूलो राहत दिन सक्दछ । साथै समष्टिगत तथा क्षेत्रगत आर्थिक नीति निर्माणमा पनि यस्तो सम्बन्धबाट ठूलो मद्दत प्राप्त हुन्छ ।

साथै, नेपालसँग वैदेशिक सहायता सम्बन्धमा निकै लामो अनुभव छ । पछिल्ला वर्षहरूमा नेपालमा वैदेशिक सहायताले ल्याएका खराबी तथा मुलुकको हितविपरीतका धेरै कुराहरू उजागर भएका छन् । र, तिनका बारेमा सम्बन्धित विज्ञहरू, नागरिक समाज तथा राजनीतिक क्षेत्रबाट निकै आलोचना र टिका-टिप्पणी पनि भएका छन् । अर्थात् नेपालमा वैदेशिक सहायताका फाइदा, वेफाइदा आदिका सम्बन्धमा जनचेतना निकै नै बढेको छ । अहिले राष्ट्रहितविपरीत हुनलागेका कुराहरूमा चर्को बाधा, विरोध हुने गर्दछ । त्यसैले अहिले वैदेशिक सहायताले ल्याउने विकृति र खराबीहरू आफसे आफ कम भएका छन् । तर, ऋणपत्रमार्फत प्राप्त हुने ऋणबाट रकमबाहेक माथि उल्लिखित अन्य कुनै पनि कुरा प्राप्त हुँदैनन् र त्यो रकम आउने पनि कुनै ग्यारेण्टी हुँदैन ।

# खनाललाई धन्यवाद

काठडमाडौं । वैशाख २१ गते सम्पन्न नेकपा (एमाले) स्थायी कमिटीको बैठकले तीन महिनासम्म कार्यवाहक महासचिवको जिम्मा सम्हाल्नुभएकामा झलनाथ खनाललाई धन्यवाद दिएको छ ।

तत्कालीन अवस्थामा पार्टीको कार्यवाहक महासचिवको जिम्मेवारी सम्हाल्नु भएका खनालले महासचिव सहित पार्टीका अन्य जिम्मेवार कमरेडहरु नजरबन्द वा गिरफ्तार हुनुभएको असामान्य परिस्थितिमा पार्टी कामलाई संयोजन गर्ने, पार्टी पंक्तिलाई कृयाशील बनाउने, विभिन्न राजनीतिक दलहरुसँग सम्पर्क गर्ने, निरंकुशतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्रका लागि संयुक्त आन्दोलनको पहल गर्ने, अन्तर्राष्ट्रिय समुदायसँग सम्पर्क सम्बन्ध राख्ने लगायत यसबीच भएगरेका पार्टी कामको प्रतिबेदन पेश गर्नुभएको थियो ।

बैठकले प्रतिकूल परिस्थितिमा कार्यवाहक महासचिवको जिम्मेवारी लिएर पार्टीको संचालनमा महत्वपूर्ण भूमिका खेल्नु भएकोमा कमरेड झलनाथ खनाललाई धन्यवाद ज्ञापन गरेको छ । व्यापक राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायको दवावको कारणले महासचिव लगायत पार्टीका अन्य जिम्मेवार कमरेडहरुको रिहाई भएपनि कैयौं नेता तथा कार्यकर्ताहरु अझै पनि शाही सरकारको हिरासतमा कष्टपूर्ण जीवन बिताईरहनु भएकोछ । बैठकले उहाँहरुको शीघ्र रिहाइको जोडदार माग गरेको छ ।

बैठकले निरंकुशतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्रका लागि सिंगो पार्टी पंक्ति र आम जनसमुदायलाई परिचालन गर्नुका साथै सम्पूर्ण प्रजातन्त्रप्रेमी राजनीतिक दलहरु एक भएर अघि बढ्नुपर्ने कुरामा जोड दिएको छ। बैठकमा राष्ट्रिय समस्या समाधानका लागि साझा सहमतिको प्रस्तावमाथि व्यापक छलफल भएको छ।
बैठकले अमृतकुमार बोहरालाई पूर्ववतरूपमा केन्द्रीय सचिवालयको सचिव र भरतमोहन अधिकारीलाई केन्द्रीय बुद्धिजीवी विभागको जिम्मेवारी दिने निर्णय गरेको छ।

## थापालाई यदु स्मृति पत्रकारिता पुरस्कार

काठमाडौं। सुर्खेतका पत्रकार दुर्गा थापा ०६१ को यदु स्मृति पत्रकारिता पुरस्कारबाट पुरस्कृत हुनुभएको छ। पत्रकारितामा समेत संलग्न नेकपा (एमाले) रुकुमका तत्कालीन सचिव यदु गौतमको स्मृतिमा स्थापित सो पुरस्कार गएको वैशाख १६ गते पार्टी स्थायी समिति सदस्य प्रदीप नेपालले वितरण गर्नुभयो।
माओवादीद्वारा हत्या गरिएका गौतमको जन्मदिन पारेर आयोजित सो कार्यक्रममा प्रमुख अतिथिका साथै नेपाल पत्रकार महासङ्घका तत्कालीन सभापति तारानाथ दाहाल, पुरस्कार सिफारिस समितिका सदस्य-सचिव सूर्य थापा, पुरस्कृत पत्रकार दुर्गा थापालगायतले बोल्नुभएको थियो।

# राणा शासनविरोधी क्रान्तिका जिउँदा इतिहास

"मेरो जीवनको आस्था कम्युनिस्ट पार्टी हो र म सधैं कम्युनिस्ट पार्टीको उन्नति र सफलता देख्न र सुन्न चाहन्छु।" यो भनाइ ७४ वर्षीय कमरेड केदारनाथ श्रेष्ठको हो। वि.सं. १९८६ चैतमा भोजपुरको टक्सारमा आमा हरिमाया र बुबा बदरीनाथ श्रेष्ठका माइला छोरा भएर जन्मनुभएका कमरेड श्रेष्ठले राजनीतिशास्त्रमा स्नातकसम्मको अध्ययन गर्नुभएको छ।

आफ्नो राजनीतिक पृष्ठभूमिको सन्दर्भलाई सम्झना गर्दै कमरेड श्रेष्ठ भन्नुहुन्छ- "म ००३ सालतिर दार्जीलिङ्गमा अध्ययन गर्थे। त्यसखेर मेरो त्यहाँ काङ्ग्रेसका प्रवासी नेताहरूसँग पनि बेला-बखतमा भेटघाट हुने गर्थ्यो। मैले त्यसैखेरदेखि नेपालमा राणा शासनविरुद्ध क्रान्ति गर्ने बेला भएछ भनेर अनुभूति गर्न थालें। ००६ सालमा म आफ्नो पढाइ सकेर भोजपुर फर्किए र त्यहींको मिडिल स्कुलमा पढाउन थालें। त्यसै समय हामी शिक्षकहरूले गोप्य रूपमा राणा शासनविरुद्ध समूह बनायौं।"

२००७ सालमा राजधानीमा राणा शासनविरुद्ध क्रान्ति सुरु भयो। त्यसै समय भोजपुरमा पनि हामीले क्रान्ति थाल्यौं। २००७ साल मङ्सिर २४ गते हामीले भोजपुर जिल्ला आक्रमण गरेर कब्जा गर्न सफल भयौं। त्यो जिल्ला कब्जा गर्ने अभियानमा नेतृत्व गर्नेहरूमा मुख्य नारदमुनि थुलुङ, रामप्रसाद राई, डा. भूदेव राई, जगदीश नेपाली, जयन्द्र थपलिया र म (केदारनाथ श्रेष्ठ) थियौं।

राणा शासनविरुद्ध क्रान्तिको स्वतन्त्र प्रभाव स्वरूप हामीले जिल्ला आक्रमण गरेर कब्जा गरेका थियौं तर त्यहाँ कुनै राजनीतिक पार्टीको प्रभाव र नेतृत्व थिएन। त्यसैले जिल्ला कब्जा त गरियो तर त्यसपछि के गर्ने ? कसरी नेतृत्व गर्ने ? प्रतिआक्रमण भयो भने त्यसको सामना कसरी गर्ने ? भन्ने बारेमा हामीसँग कुनै योजन थिएन। त्यो योजना मिलाउनका लागि त्यही मङ्सिर २९ गते डा. भूदेव राई र मलाई सुवर्णशमशेर र बीपीसँग परामर्श गरेर आउने जिम्मेवारी दिएर साथीहरूले विराटनगर पठाए। दार्जीलिङमा पढ्दा मेरो बीपी र सुवर्णशमशेरसँग भेटघाट र कुराकानी पनि भएको थियो। त्यसकै आधारमा सहयोगको आशा बोकेर हामी विराटनगर गयौं।

विराटनगर पुग्यौं। विशेश्वर र सुवर्णशमशेरलाई भेट्यौं। राणा शासनविरुद्धको क्रान्तिमा भाग लिएर जिल्ला कब्जा गरेको कुरा सुनायौं। अब कसरी अगाडि बढ्ने हामीलाई थाहा छैन। हामीसँग हातहतियार पनि छैन। हामी प्रशिक्षित पनि छैनौं। त्यसैले अब हामी कसरी अगाडि बढ्ने भन्ने निर्देशन दिनुपर्छ र हामीलाई सहयोग गर्नुपर्छ भन्यौं। तर, बीपी कोइराला र सुवर्णशमशेरले हामीहरू कम्युनिस्ट भएको आशङ्का गरेर हामीलाई कुनै पनि सहयोग गर्न तयार हुनुभएन। हामी उपलब्धिविहीन भएर भोजपुर फर्क्यौं।

हामी फर्कदा हाम्रो फौजले तीन नम्बर ओखलढुङ्गा पनि कब्जा गरिसकेको रहेछ। मलाई भोजपुर पुगेको भोलिपल्टै ओखलढुङ्गाको व्यवस्था मिलाउन पठाइयो। ओखलढुङ्गाको हेडक्वार्टरको व्यवस्था मिलाएको एक सातापछाडि रामेछाप पनि कब्जा गरियो। हेडक्वार्टरबाट फौजको नेतृत्व गर्ने काम रामप्रसाद राई र नारदमुनि थुलुङले गरेका थिए। त्यतिखेरसम्म पनि हामीलाई कतैबाट राजनीतिक नेतृत्व प्राप्त भएको थिएन।

त्यही समयमा चरिकोटमा राणाका फौज आएर प्रत्याक्रमण गरे । चरिकोट र मेलुङ फिर्ता लिए । यो घटनापछि म भोजपुर फर्किएँ । भोजपुरबाट एक हजार थप फौज लगेर फेरि मेलुङ र चरिकोट आफ्नो कब्जामा लिन सफल भयौँ । उता हामी जिल्ला कब्जा गर्ने अभियानमा थियौँ तर यता राजधानीमा राणाहरूसँग सम्झौता गरेर क्रान्ति रोकिइसकेको रहेछ । हामीले त्यो खवर रेडियो सुनेर थाहा पायौँ ।

त्यतिखेर हामी जिल्ला हेडक्वार्टरको व्यवस्था मिलाउँदै थियौँ । यता राजधानीबाट शान्ति दल पठाएर हाम्रो कमान्डर जङ्गवीर राई, सुरवीर राई, आङदण्डी लामा र मलाई काठमाडौँ ल्याइयो । हामीलाई संयुक्त सरकारसँग भेट गराइयो । हामीले त्यो भेटमा क्रान्तिको समयमा जनतासँग उठाएको रासन र चन्दा अब जनतालाई तिर्नुपर्छ भन्ने कुरा राख्यौँ । सरकारबाट हाम्रो माग पूरा हुने आश्वसन पाइयो । त्यसपछि त्यतिबेलाका सरकार प्रमुखले हामीलाई राजा त्रिभुवनसँग भेट गराए । हामीले क्रान्तिको समयमा जम्मा पारेका सबै हातहतियार त्यो संयुक्त सरकारले फिर्ता लियो ।

राजासँग भेट गरेपश्चात् जिल्ला फर्कने बेलामा हामीले क्रान्ति गरेर जनताको पक्षमा केही पनि परिवर्तन नभएको अनुभूति गऱ्यौँ । हामी आफ्नो जिल्ला फर्क्यौँ । भोजपुर फर्केपछि मलाई नारदमुनि थुलुङले दुई नम्बर रामेछापको बडाहाकिम भएर जान भने । तर, म जान मानिनँ । भोजपुरमै हाइस्कुल खोलेर म त्यहीँ पढाउन थालेँ ।

अर्को वर्ष ००८ साल असारमा हाम्रो अर्को साथी लक्ष्मीप्रसाद हलुवाई कोलकाताबाट बिदामा घर आउनुभएको थियो । उहाँकै पहलमा हामीले ००८ साल श्रावण १२ गते भोजपुरमा नेपाल कम्युनिस्ट पार्टीको प्रारम्भिक कमिटी निर्माण गऱ्यौँ । त्यो कमिटीमा म सचिव थिएँ । सदस्यहरूमा लक्ष्मीबहादुर हलुवाई, दानबहादुर शाक्य, सुभद्रा सुब्बा र सरस्वती सुब्बा हुनुहुन्थ्यो ।

हामीले पार्टी त खोल्यौँ तर त्यसपछि के गर्नुपर्छ हामीलाई थाहा थिएन । त्यही साल कात्तिक महिनामा मलाई कम्युनिस्ट पार्टीसम्बन्धी प्रशिक्षण लिन कोलकातामा बोलाइयो । त्यहाँ दुई महिनासम्म हामीलाई कम्युनिस्ट पार्टीबारे प्रशिक्षण दिइयो । त्यो प्रशिक्षणमा भोजपुरबाट म, काठमाडौँबाट साहना प्रधान र मायादेवी, खर्साङबाट अमर प्रधान र आरके सिन्हा, कोलकातामै रहनुभएका नेपालका कमरेड रामबाबु कार्की र शेरचन थरका कमरेड थियौँ । त्यो प्रशिक्षणपछि जिल्ला फर्केर हामीले व्यवस्थित ढङ्गले पार्टी सञ्चालन गर्न थाल्यौँ । त्यतिखेर हामीलाई पार्टी काम गर्न निर्देशन दिने र सहयोग गर्ने डीपी अधिकारी र केदारनाथ खनाल हुनुहुन्थ्यो ।

दुई वर्षको पार्टी काम र जनतालाई सचेत बनाउने काम गरिसकेर ०१० साल कात्तिक/मङ्सिरमा किसान आन्दोलन भयो । त्यतिखेर भोजपुरको त्यो आन्दोलनमा दसौँ हजार मानिसहरू जुलुसमा सहभागी भएका थिए । हाम्रा त्यतिखेरका मुख्य मागहरूमा अँधिया प्रथा कायम गर्ने, मोहियानी हक कायम गर्ने, बेठबेगारी हटाउने, बिर्ता प्रथा उन्मूलन गर्ने रहेका थिए । त्यो आन्दोलनले जिल्लाभरि नै प्रभाव पाऱ्यो र हाम्रा मागहरू पूरा भए ।

०१५ सालमा निर्वाचनको घोषणा भयो । भोजपुरबाट मच्छिन्द्र राई र हर्कबहादुर श्रेष्ठलाई कम्युनिस्ट पार्टीको उम्मेदवार बनाइयो । तर, त्यतिखेर चुनावमा धेरै धाँधली भयो । धाँधली गरेर नेपाली काङ्ग्रेसले चुनाव जित्यो, हामीले हाऱ्यौँ । त्यसपछि पार्टीले प्रभावकारी गतिविधि गर्न सकिरहेको थिएन । ०१७ सालमा निर्दलीय पञ्चायतको घोषणा भएर पार्टी प्रतिबन्धित भयो । जिल्लामा चर्को दमन सुरु भयो ।

००८ देखि ०१७ सालसम्म म पूर्णकालीन रूपमा पार्टीको काममा लागेको थिएँ । ०१७ सालको प्रतिबन्ध र दमनले धेरै मानिसहरू प्रवासिए । मचाँहि फेरि त्यही हाइस्कुलमा शिक्षक भएर पढाउन सुरु गरेँ । त्यो समयमा प्रत्यक्ष राजनीतिक रूपमा सक्रिय हुन मिल्दैनथ्यो तर पनि म राजनीतिशास्त्रको शिक्षक भएको हुँदा पढाइको प्रसङ्गमा विद्यार्थीलाई राजनीतिक शिक्षा पनि दिँदै जान्थेँ । त्यसै समय मैले प्रदीप नेपाललाई पनि आफ्नो छात्रको रूपमा पढाउन पाएँ । तर, त्यतिखेर मैले प्रदीपलाई कम्युनिस्ट बनाएको थिइनँ । उनी उच्च शिक्षा अध्ययनका लागि काठमाडौँ आए । त्यहीँ नै राजनीतिक रूपमा क्रियाशील हुँदै मेरो आस्थाको पार्टीका नेता बन्न पुगे । अहिले मलाई यसमा असाध्यै गर्व छ । त्यस विद्यालयमा ०३० सालसम्म काम गरेर म भोजपुर छाडेर काठमाडौँ आएँ ।"

कमरेड श्रेष्ठ राणा शासनविरुद्धको क्रान्तिको एउटा जिउँदो इतिहास हुनुहुन्छ । अझ पनि उहाँले हरेस खानुभएको छैन । उहाँ भन्नुहुन्छ- "मैले अहिलेसम्म समस्या र अप्ठ्यारो अनुभूत गरेको छैन । म हरेक समस्यालाई मामुली ठान्छु । कुनै पनि उपायले समस्याको समाधान गर्दै रहन्छु ।" ०३० सालदेखि ०५४ सालसम्म काठमाडौँमा रहँदा उहाँ राजनीतिक जिम्मेवारी र नियमित सम्पर्कमा हुनुभएन । कहिलेकाहीँ मनमोहन अधिकारी, साहना प्रधान र आफूले चिनेका कम्युनिस्ट पार्टीका नेता, कार्यकर्तासँग भेटघाट मात्र हुन्थ्यो । ०५४ मा उहाँ पुनः भोजपुर फर्कनुभयो र ०५४ देखि भोजपुर नेकपा (एमाले) जिल्ला सल्लाहकार समितिमा रहनुभयो ।

आफ्नो आस्था, विचार र जीवनको प्रेरणाश्रोतको सन्दर्भमा कमरेड श्रेष्ठ भन्नुहुन्छ- "मैले ०११ सालमा भोजपुरकै बालकुमारी श्रेष्ठसँग पार्टी कार्यालयमै पार्टीको झण्डामुनि जनवादी विवाह गरेँ । बालकुमारी पनि पार्टी कार्यकर्ता हुनुहुन्थ्यो । उहाँले पनि मलाई अझ धेरै सहयोग र प्रेरणा दिनुभयो ।" उहाँका तीन छोरा र तीन छोरी छन् । अहिले सबैको विवाह भइसकेको छ । आफ्नो पारिवारिक पृष्ठभूमिबारे उहाँ भन्नुहुन्छ- "हामी राम्ररी खान-लाउन पुग्ने सम्पन्नै परिवार थियौँ । त्यसै कारण मैले दार्जीलिङ गएर पढ्ने अवसर पनि पाएँ । शिक्षा आर्जनकै क्रममा मभित्र राजनीतिक चेतनाको जन्म भयो । म राजनीतिमा लागेँ र कम्युनिस्ट भएँ । मैले धरै सम्पत्ति कमाउन र जम्मा गर्न त सकिनँ तर आर्थिक विपन्नता र अभावको तीतो

अनुभवचाहिँ गर्नुपरेन । अहिले पनि मेरो परिवारको जीविकाका लागि धान्ने आर्थिक श्रोत छ । छोराको जागिर, व्यापार र पुर्ख्यौली खेतीपातीले हामीलाई पुग्छ ।"

उहाँ भन्नुहुन्छ- "उमेर पाको भयो, चाहनाहरू धेरै छन् । अझ पनि केही गरौँझैं लाग्छ । तर, शरीर पनि नसक्ने हुन थाल्यो । त्यसैले रेडियो सुन्ने, पुस्तक र पत्रपत्रिका पढ्ने, समकालीन साथीभाइ र गाउँघरका जनतासँग भेटघाट गरेर दिन काट्छु ।" तर, त्यति मात्रै कहाँ हो र उहाँ व्यक्तिगत रूपमा नै आर्थिक स्रोत जुटाएर भोजपुरको टक्सारमा कमरेड पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, जननेता मदन भण्डारी र स्थानीय किसान नेता हर्कबहादुर श्रेष्ठको सालिक स्थापना गर्ने तयारीमा हुनुहुन्छ । आफूलाई कुनै पनि पद र मान-सम्मानको चाहना नभएको बताउने कमरेड श्रेष्ठ आफ्नो आदर्श व्यक्तित्व कमरेड पुष्पलाललाई मान्नुहुन्छ । उमेर र अनुभवले पाको, आस्था र विचारले दृढ, भावनाले प्रतिबद्ध, जिउँदो इतिहासका पात्र कमरेड केदारनाथ श्रेष्ठको जीवन हामी सबैका लागि प्रेरणादायी छ ।

' कमला पराजुली

# भोजपुरमा कम्युनिस्ट आन्दोलन

**' शेरधन राई**

भोजपुर पूर्वी नेपालका पहाडी जिल्लाहरूमध्येको एक हो, जसलाई जबर्जस्ती सुगम भनिएको भएता पनि विडम्बना अहिलेसम्म सडक यातायातले नछोएको जिल्ला हो । यद्यपि, नेपालको कम्युनिस्ट एवं प्रजातान्त्रिक आन्दोलनको इतिहासमा भोजपुर छुट्टै पहिचान, गौरव र विशेषता बोकेको जिल्लाको नाम हो । इतिहास साक्षी छ, एकतन्त्रीय जहानियाँ राणा शासनको विरुद्ध २००७ सालको जनक्रान्तिमा सङ्गठित रूपमा सशस्त्र विद्रोह गरी स्थायी रूपमा जिल्ला कब्जा गर्दै काठमाडौँपूर्वका सम्पूर्ण भू-भाग कब्जा गरी स्वशासन स्थापना गर्ने क्रान्तिका नायकहरू स्वर्गीय रामप्रसाद राई र स्वर्गीय नारदमुनि थुलुङ यसै जिल्लाको भूमिमा जन्मिएका योद्धाहरू हुन् । यही गौरवपूर्ण इतिहास र पृष्ठभूमिबाट भोजपुरको कम्युनिस्ट आन्दोलनको थालनी र चर्चा गर्न सान्दर्भिक ठानिएको छ ।

**सम्पर्क, सङ्गठन र गतिविधि**

००७ सालको जनक्रान्तिलाई दिल्ली सम्झौतामा टुङ्ग्याएपछि त्यसको विरोधमा कम्युनिस्ट मान्यता र अडानको पक्ष लिई जनक्रान्तिका सैनिक कमान्डर स्वर्गीय रामप्रसाद राई र किसान नेता स्वर्गीय हर्कबहादुर श्रेष्ठ उभिनुभएको थियो । त्यसैगरी तत्कालीन समयमा असङ्गठित रूपमा भए पनि कम्युनिस्ट विचारको पक्षपोषण गर्ने काम गोर्खा सेनामा भर्ती भई विश्वका विभिन्न कम्युनिस्ट आन्दोलनहरूबाट खासगरी मलेसियन कम्युनिस्ट क्रान्तिकारीहरूबाट प्रभावित भई आएका देवराज राई, ताराहाङ राईलगायतका युवाहरूले गरेको देखिन्छ ।

नेकपा स्थापना भएको दुई वर्षपछि ००८ सालमा भोजपुरमा नेपाल कम्युनिस्ट पार्टीको औपचारिक गठन भएको देखिन्छ । प्रतिबन्धित अवस्थामा माथिल्लो कमिटीका प्रतिनिधि केदारनाथ खनालको उपस्थितिमा गठन भएको जिल्ला कमिटीमा सचिव केदारनाथ श्रेष्ठ (जो वर्तमान पार्टी जिल्ला कमिटीको सल्लाहकार सभापति हुनुहुन्छ) र सदस्यमा देवराज शाक्य (पूर्वसल्लाहकार सभापति), नारायण ताम्राकार, मछिन्द्र राई, देवराज राई, शमशेर राई, प्रेमबहादुर कार्की, नारायणप्रसाद राई पूर्णलाल उदास, बलबहादुर राई, पदमबहादुर राई र कुलबहादुर श्रेष्ठ रहनुभएको देखिन्छ । उहाँहरू अधिकांश ०४७ सालपछि नेकपा (एमाले)सँग आवद्ध रहनुभयो र अहिले पनि रहनुभएको छ ।

उक्त कम्युनिस्ट पार्टीको निर्देशनमा सामन्ती अन्याय र अत्याचारविरुद्ध आन्दोलन र सङ्घर्ष सञ्चालन गर्न अनेकिसङ्घको गठन भएको थियो, उक्त सङ्घको नेतृत्व स्वर्गीय हर्कबहादुर श्रेष्ठले गर्नुभएको थियो भने अन्यमा लोकनाथ शाक्य, रामनारायण श्रेष्ठ, कर्णबहादुर श्रेष्ठ, दुर्गाबहादुर तामाङ, जमानसिंह तामाङ हुनुहुन्थ्यो । उक्त अनेकिसङ्घले नेपाल कम्युनिस्ट पार्टीको निर्देशनमा ००९ देखि ०११ सम्म जिल्लाको सोल्याङ, प्याउली, नेपालेडाँडा, छिन्नामखु, अन्नपूर्णलगायतका गाउँहरूमा स्थानीय जमिनदारहरूको शोषण र अत्याचारका विरुद्ध बाली कब्जा गर्ने, कालो मोसो दल्ने, मोहियानी हकको माग गर्ने जस्ता आन्दोलन र सङ्घर्षहरू सञ्चालन गरेको थियो । त्यस्तै अनेकिसङ्घले जिल्लामा ठूलठूला अन्य सङ्घर्षहरू पनि सञ्चालन गरेको थियो । ०१४ मा सञ्चालन भएको टक्सारको किसान आन्दोलनमा प्रहरीसँग मुठभेड भई किसान नेता हर्कबहादुर श्रेष्ठ गिरफ्तार भई थुनिँदा १५ दिनसम्म किसानहरूको बृहत् जुलुसले भव्य प्रदर्शनका साथ रिहाइको माग गरेको थियो । त्यस्तै पूर्वी प्याउलीमा नरबहादुर खत्री (थैले) को समेत सामन्ती जमिनदारविरुद्धको किसान आन्दोलनमा विशेष भूमिका रहेको देखिन्छ । यसबीचमा नेपाल कम्युनिस्ट पार्टी अनेकिसङ्घको माध्यमबाट जिल्लामा प्रत्यक्ष/अप्रत्यक्ष क्रियाशील रहेको देखिन्छ ।

पार्टी सङ्गठन सुदृढ र विस्तार गर्ने क्रममा ०११ सालमा मनमोहन अधिकारीले जिल्लामा प्रशिक्षण सञ्चालन गर्नुभएको देखिन्छ भने पार्टीमाथिको प्रतिबन्ध हटाउने माग र सत्याग्रह आन्दोलन सञ्चालन गर्न महेशकुमार उपाध्याय आउनुभएको देखिन्छ । त्यही क्रममा पार्टीमाथिको प्रतिबन्ध हटेपछि जिल्ला पार्टी कार्यालयको उद्घाटनसमेत भएको थियो । ०१५ सालतिर पार्टीभित्र उत्पन्न विवाद र समस्या हल गर्न पुष्पलाल श्रेष्ठसमेत आउनुभएको देखिन्छ । ०१७ सालको फौजीकाण्डपश्चात् पार्टीमाथिको प्रतिबन्ध र तत्कालीन पार्टी नेतृत्वमा देखापरेको पलायन र गद्दारीजस्ता कार्यहरू र पार्टीसँग नियमित सम्पर्क सम्बन्धको अभाव र अनुशासनहीनता आदि जस्ता कारणले जिल्लाको सङ्गठित कम्युनिस्ट गतिविधि छिन्नभिन्न हुन पुगेको थियो । यसप्रकार ००८ सालमा गठन भएको नेपाल कम्युनिस्ट पार्टी ०१७ सालमा आइपुगेपछि गतिहीन र मृतप्रायः बनेको देखिन्छ ।

**०१७ सालपछिको अवस्था**

०१७ सालको फौजीकाण्ड र त्यसपश्चात् कम्युनिस्ट आन्दोलनमा देखापरेको विभाजनपछि गतिहीन र मृत अवस्थामा रहेको कम्युनिस्ट सङ्गठन र राजनीति एकैचोटि ०२५/२६ सालतिर जिल्लाबाहिर अध्ययनरत विद्यार्थी युवाहरूमार्फत छिटफुट रूपमा विद्यालय र क्याम्पसकेन्द्रित भएर पुष्पलाल समूहका विचारहरू भित्रिएको देखिए पनि त्यसको सङ्गठित रूप देखिँदैन । ०२७/२८ सालतिर पूर्व कोसी समूहका विचारहरू भित्रिने क्रममा भोजपुर र सङ्खुवासभाको संयुक्त जिल्ला समिति बनेको र उक्त समितिमा भोजपुरको तर्फबाट नरेन्द्र बस्नेत रहनुभएको देखिन्छ । त्यस्तै ०२८ सालको अन्त्यतिर झापा सङ्घर्षको लाइन बोकेर जिल्लाको उत्तरपश्चिम भेगमा मोहनचन्द्र

अधिकारीले प्रचार भ्रमण गर्नुभएको पनि देखिन्छ । ०३१/३२ तिर रातो झण्डा समूह (धनकुटा) को गतिविधि दक्षिण क्षेत्रमा सङ्गठित रूपमा भएको देखिन्छ । विभिन्न विचारसहित कम्युनिस्ट समूहहरू जिल्लामा भित्रिने क्रम जारी रहेकै बेला ०३४/३५ सालमा नेकपा चौमको राजनीतिक विचार औपचारिक रूपमा भित्रिएको देखिन्छ र चौमले सङ्गठित रूपमा विद्यार्थी क्षेत्रमार्फत गतिविधिलाई तीव्र बनाएको देखिन्छ तापनि जिल्लाको सीमित क्षेत्रमा मात्र उसका गतिविधिहरू केन्द्रित भएका थिए । यही समयतिर को-अर्डिनेसन केन्द्रको मुखपत्र *'वर्ग सङ्घर्ष'* विराटनगर, काठमाडौंमा अध्ययनरत विद्यार्थी युवाहरूले छिटफुट रूपमा भित्र्याइरहेका थिए । यसरी अनेकन कम्युनिस्ट विचार र समूहहरू भित्रिने क्रम तीव्र रूपमा जारी रह्यो तर यसबीचमा कुनै पनि समूह सङ्गठित रूपले अघि बढ्न सकेनन् । यसबीचमा जनसङ्घर्ष र विभिन्न गतिविधिलाई हेर्ने हो भने ०२१ सालमा भूमिसुधार लागू भएपछि मुख्य बाली सङ्घर्ष, ०२५ सालको भारतीय विस्तारवादविरोधी सङ्घर्ष, ०२७ सालमा व्यापार पारवहनको विषयमा सङ्घर्ष, ०२६ सालमा स्ववियु निर्माणको विषयमा भएको प्रशासनिक दमन र त्यसको विरुद्धमा सशक्त सङ्घर्ष, ०२७/२८ तिर ब्रिटिस राजदूत आउने कुरामा ब्रिटिस साम्राज्यवादको विरोधमा पोस्टरिङ गर्ने कार्यलगायतका सङ्घर्ष र आन्दोलनहरू तत्कालीन विभिन्न कम्युनिस्ट एवं प्रगतिशील समूहहरूबाट सञ्चालन भएको थियो ।

**नेकपा (माले) को प्रवेश**

जिल्लामा विभिन्न कम्युनिस्ट समूहहरूका विचार र राजनीतिक लाइनहरू प्रवेश गर्ने क्रमसँगै ०३५ सालको अन्त्यतिर नेकपा (माले) को राजनीतिक लाइनले औपचारिक प्रवेश पाएको देखिन्छ । प्रवेशसँगसँगै सङ्गठित गतिविधिको शुरुवात गर्ने क्रममा ०३६ मार्ग २३ गते पहिलो जिल्ला पार्टी सङ्गठन कमिटी चार सदस्यीय गठन भएको थियो । जसको सचिवमा अशोक राई र सदस्यमा रङ्गध्वज राई, कृष्ण राई, भूप राई रहनुभएको थियो । उक्त कमिटीमा पछि सुशीला श्रेष्ठलाई थप गरिएको देखिन्छ । त्यतिबेला भोजपुरमा नेकपा मालेको सदस्यता प्राप्त गर्ने व्यक्तिहरूमा रङ्गध्वज राई, कृष्ण राई, भूप राई र कमलप्रसाद राई रहनुभएको थियो । ०३७/३८ तिर जिल्लाको दक्षिणी क्षेत्रको पार्टी काम हेर्ने गरी सुशीला श्रेष्ठ सचिव रहनुभएको युवा पार्टी सक्रिय दल गठन भएको थियो जसमा रमेश नेपाल, राम राई, उपेन्द्र नेपाल रहनुभएको थियो । पछि सुशीला श्रेष्ठले बिदा लिएपछि रङ्गध्वज राई सचिव हुनुभएको थियो । त्यही समयमा जिल्लाको पूर्वी प्याउलीमा एक गाउँपार्टी सक्रिय दलसमेत गठन भएको थियो, जसमा केशर खत्री, सुरेन्द्र खत्री, ललितबहादुर कार्की, मानबहादुर श्रेष्ठ, दानबहादुर राई रहनुभएको थियो । ०३९ सालमा जिल्ला पार्टी सङ्गठन कमिटीमा खगेन्द्र चुँडाल र हेमराज राईसमेत समावेश हुनुभएको थियो । यसप्रकार गठित नेकपा (माले) ले ०४० सालमा आएर समग्र काम एवं गतिविधिको समीक्षा र सिंहावलोकन गरेको देखिन्छ । यसबीचमा सदस्यता विस्तारलगायत बुद्धिजीवी, किसान, शिक्षक, विद्यार्थी युवा लिग आदि क्षेत्रमा योजनाबद्ध रूपमा पार्टी सम्पर्क विस्तार गर्न खोजिएको भएता पनि पार्टी काम त्यति उठ्न सकेको थिएन । यही क्रममा पार्टी केन्द्रको निर्णयअनुसार तत्कालीन सङ्गठक एवं सचिव अशोक राईको कार्यक्षेत्र स्थानान्तरण भएपछि ०४१ श्रावण १३ गते कोसी क्षेत्रीय सङ्गठन कमिटीको निर्णयअनुसार जिल्ला पार्टी सम्पर्क कमिटी गठन भएको थियो । जसको सचिवमा सुशीला श्रेष्ठ र सदस्यमा हेमराज राई, शान्त प्रधान रहनुभएको थियो । पछि स्वास्थ्यका कारण सुशीलाको कार्यक्षेत्र परिवर्तन भएपछि भक्त पोखरेललाई थप गरिएको थियो ।

यसबीचमा प्रशासनिक दमन तीव्र बनिरहेको थियो । पार्टी पङ्क्ति र सम्पर्क क्षेत्रहरूमा एकप्रकारको शिथिलता छाइरहेको थियो । जिम्मेवार कमरेडहरूलाई गिरफ्तार गर्ने, निगरानी गर्ने काम प्रहरी प्रशासनले गरिरहेको थियो । त्यहीबेला तीन सदस्यीय सम्पर्क कमिटीले काम गर्न नसक्ने अवस्था सिर्जना भएपछि ०४४/४५ सालमा जिल्ला पार्टी सङ्गठन कमिटीलाई विघटन गरी क्षेत्रीय सम्पर्क कमिटीहरू क्रमशः हेमराज राई सचिव रहेको पश्चिम क्षेत्रमा रङ्गध्वज राई, कमलप्रसाद राई, रविकुमार राई र शान्त प्रधान सचिव रहेको मध्यक्षेत्रमा गणेश श्रेष्ठ, भरत ताम्राकार, षडानन्द पराजुली रहनुभएको थियो भने उत्तरपश्चिमका केही गाउँ हेर्ने गरी भक्त पोखरेल र शिव प्रधानलाई जिम्मेवारी तोकिएको थियो । यसप्रकार ०४६ चैतमा जतिबेला संयुक्त जनआन्दोलनको घोषणा भइसकेको थियो र जिल्लामा पनि विद्यार्थी क्षेत्रमार्फत आन्दोलनका विविध कार्यक्रमहरू भइरहेका बेला जिल्ला पार्टी सक्रिय दल पुनर्गठन भयो । जसको सचिवमा हेमराज राई एवं सदस्यहरूमा लोक बोगटी, शान्त प्रधान, देवीराम चौलागाईं, उपेन्द्र नेपाल र विष्णु भट्टराई रहनुभएको थियो । उक्त जिपासद गठन भएपछि त्यसले चलिरहेको जनआन्दोलनको संयोजन र नेतृत्व अप्रत्यक्ष रूपमा गरेको थियो । तत्कालीन जनआन्दोलनको समयमा विद्यार्थी क्षेत्रमा पीएजी अर्थात् पार्टी सक्रिय दलसमेत क्रियाशील रहेको थियो । उक्त पीएजीको सचिवमा रामसिंह राई र सदस्यमा भुलानाथ राई, धनबहादुर श्रेष्ठ, प्रश्नजङ्ग राई र प्रेम प्रधान रहनुभएको थियो । आन्दोलनका घोषित कार्यक्रमहरूलाई सफल बनाउने र सञ्चालन गर्ने मुख्य भूमिका एवं प्रत्यक्ष नेतृत्व पीएजीमार्फत तत्कालीन अनेरास्ववियु (पाँचौं) का जिल्ला नेताहरूले गरेका थिए ।

जनआन्दोलनका क्रममा प्रहरी प्रशासनको गिरफ्तारीमा विद्यार्थी क्षेत्रबाट पर्वत राई, मानबहादुर राई, इन्द्रकुमार राई, राजेन्द्र पाण्डे, खड्ग राई, भैरव राई, जय राई, शिक्षक क्षेत्रबाट रमेश नेपाल, भरत तामाङलगायतका आन्दोलनकारीहरू पर्नुभएको थियो भने १७ वर्षपछि जेलबाट रिहा भई घर फर्किने क्रममा घनेन्द्र बस्नेतसमेत पुनः गिरफ्तारीमा पर्नुभएको थियो ।

०४१/४६ सालको बीचको अवधिमा पार्टी सङ्गठन विस्तार एवं भेला प्रशिक्षणहरूमा मदन भण्डारीको समेत विशेष एवम् महत्त्वपूर्ण उपस्थिति रहेको थियो ।

यसरी नेकपा मालेको औपचारिक प्रवेश, सङ्गठन विस्तार, पार्टी सम्पर्क र गतिविधिहरू ०४५ सम्म सञ्चालन गर्दा जिल्लामा केही उल्लेख्य घटना एवं सङ्घर्ष र आन्दोलनहरू सञ्चालन भएका थिए । ०३६ भाद्र १६ गते वासिङथर्पुमा स्थानीय पञ्चका विरुद्ध व्यापक सङ्घर्ष र आन्दोलन उठेको थियो, जसको नेतृत्व अनेरास्ववियुका विद्यार्थीहरूले गरेका थिए । त्यहाँ प्रहरी हस्तक्षेप हुँदा विद्यार्थी कुमार राई, रमेश बस्नेतलगायतका गम्भीर घाइते भएपछि उक्त गोलीकाण्डका विरुद्ध जिल्लाव्यापी आन्दोलन सञ्चालन भएको थियो । ०३८ सालको एसएलसी परीक्षाका बेलामा दिङलामा केन्द्राध्यक्ष र प्रहरीको ज्यादतीविरुद्ध आवाज उठाउँदा प्रहरीको गोलीबाट किसान अमृत तामाङ र विद्यार्थी इन्द्र वस्त्राकारको मृत्यु भएको थियो । धेरै विद्यार्थीहरू घाइते भएका थिए, जसका विरुद्ध जिल्लाव्यापी आन्दोलन भयो । त्यस्तै ०३६/३७ को विद्यार्थी आन्दोलनहरू, ०३७/३८ देखिका लगातार शिक्षक सङ्घर्षहरू सशक्त रूपमा सञ्चालन भएका थिए भने ०४६ सालको जनआन्दोलनका घोषित कार्यक्रमहरू छड्के जुलुस, पोस्टरिङ, झण्डा गाड्ने, फहराउने, भित्तेलेखन गर्ने आदिको माध्यमबाट जिल्लाभरि सञ्चालन भएको थियो ।

**०४७ सालपश्चात्को कम्युनिस्ट आन्दोलन**

जनआन्दोलनले सफलता प्राप्त गरेर खुला बहुदलीय प्रणालीको उन्मुक्त वातावरणको सुरुमा संयुक्त वाममोर्चाको नाममा (नेकपा माले र चौम सम्मिलित) व्यापक जनताबीच जनसभा, ऱ्यालीहरूको माध्यमबाट जाने काम भयो । यही क्रममा ०४७ श्रावण ११ गते जिल्ला पार्टी सक्रिय दलमा रामसिंह राईलाई थप गरियो । पछि पुसमा नरेन्द्र बस्नेत, गणेश श्रेष्ठ, केदार राई, शशिभूषण किराँत, हरि न्यौपाने, प्रेम राई, शान्त राईलाई थप गरियो, त्यस्तै ०४८ सालमा अजम्बर काङमाङलाई थप गरिएको थियो । जिल्लामा मार्क्सवादी समूहको अस्तित्व नरहेको अवस्थामा स्वतः तत्कालीन नेकपा माले एमालेमा रूपान्तरण भएपश्चात् मूलतः नेकपा (एमाले)को राजनीति पूर्व मालेको सङ्गठन, सम्पर्क

र प्रभावमा आधारित भएर जिल्लाका गाउँगाउँ र कुनाकुनामा विभिन्न युवा, विद्यार्थी, महिला, सांस्कृतिककर्मी लगायतको क्षेत्रबाट पुऱ्याउने काम भयो। व्यापक सङ्गठन निर्माणको कामसँगै नेकपा (एमाले)ले आफ्नो प्रथम अधिवेशन मिति ०४८ चैत ६, ७ र ८ गते प्रदीप नेपालको प्रमुख आतिथ्यमा सम्पन्न गऱ्यो। अधिवेशनले हेमराज राई सचिव रहेको जिल्ला कमिटी चयन गऱ्यो। सदस्यमा शान्त प्रधान, शिव प्रधान, अजम्बर काङमाङ, रूद्र नेपाल, दुर्गाप्रसाद राई, नरेन्द्र बस्नेत, शान्त राई, प्रेमकुमार राई, धनहर्क राई, हरि न्यौपाने, देवीराम चौलागाईं, रामकृष्ण राई, रङ्गध्वज राई, विष्णु भट्टराई, लोकबहादुर बोगटी, जयन्ती राई निर्वाचित हुनुभएको थियो। पछि भुलानाथ राई, शेरधन राई र रमेश शाक्य थप हुनुभएको थियो। त्यसैगरी दोस्रो जिल्ला अधिवेशन ०५१ वैशाख १५-१६ गते गुरु बरालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। अधिवेशनले सचिवमा शान्त प्रधान र सदस्यमा कृपाराम राई, झुरेन्द्र पराजुली, भूलानाथ राई, शेरधन राई, रमेश शाक्य, धनहर्क राई, नरेन्द्र बस्नेत, विन्द्रमान राई, देवीराम चौलागाईं, रामकृष्ण राई, वीरजङ्ग राई, टीकाकुमार विष्ट, तेजबहादुर राई, टीकादेवी राई, दुर्गाप्रसाद राई, शङ्कर राई र वैकल्पिक सदस्यमा हरिबहादुर राई र धनबहादुर श्रेष्ठ निर्वाचित हुनुभएको थियो। तत्काल प्रथम बैठकबाट शशिभूषण किराँत, हरि न्यौपाने र केदार राईलाई थप गरियो भने पछि सुरेन्द्र उदास र राजेन्द्र पराजुलीलाई वैकल्पिक सदस्यमा मनोनयन गरिएको थियो। ०५४ सालको स्थानीय निर्वाचनमा सचिव शान्त प्रधान जिविस सभापतिमा निर्वाचित भएपछि ०५४ श्रावण ७ गतेको बैठकले कमिटीको सचिव र उपसचिवमा क्रमशः नरेन्द्र बस्नेत र शेरधन राईलाई चयन गरेको थियो।

०५४ माघमा सम्पन्न छैठौं राष्ट्रिय महाधिवेशनपश्चात् भएको पार्टी विभाजनको असर भोजपुरमा पनि काफी मात्रामा परेको थियो। ०५४ चैत ४ गते बसेको बैठकबाट औपचारिक विभाजन जिल्लामा भएको थियो। नेकपा (एमाले) को नेतृत्व शेरधन राईले गर्नुभएको थियो भने विभाजित नेकपा मालेको नेतृत्व धनहर्क राईले गर्नुभयो। तत्कालीन २६ सदस्यीय जिल्ला कमिटीमा नेकपा (एमाले) मा शेरधन राई, झुरेन्द्र पराजुली, सुरेन्द्र उदास, रमेश शाक्य, राजेन्द्र पराजुली, शान्त राई, टीकाकुमार विष्ट, खगेन्द्र राई र रामकृष्ण राई रहनुभयो भने विभाजनका पक्षमा शशिभूषण किराँत, धनहर्क राई, कृपाराम राई, वीरजङ्ग राई, प्रेमकुमार राई, तेजबहादुर राई, हरिबहादुर राई, धनबहादुर श्रेष्ठ, देवीराम चौलागाईं र विन्द्रमान राई रहनुभएको थियो। त्यस्तै नरेन्द्र बस्नेत र शान्त प्रधानले राजीनामा गर्नुभएको थियो भने क्रमशः केदार राई, हरि न्यौपाने, टीकादेवी राई, दुर्गाप्रसाद राई अनुपस्थित रहनुभएको थियो। यसबीचमा अलग-अलग तेस्रो अधिवेशन गर्ने क्रममा नेकपा (एमाले) ले ०५६ फाल्गुण १४-१६ गते भोजपुरको डबलीटारमा भव्य जनसभाबीच उद्घाटन सभा गरी तेस्रो जिल्ला अधिवेशन सम्पन्न गरेको थियो। पार्टी स्थायी कमिटी सदस्य युवराज ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनले सचिवमा शेरधन राई, उपसचिव गणेश श्रेष्ठ र सदस्यमा दानबहादुर राई, रामकृष्ण राई, पिवन्त न्यौपाने, टीकाकुमार विष्ट, प्रेमबहादुर राई, दिव्यध्वज राई, रामशोभा राई, राजेन्द्र पराजुली, मनराज तामाङ, रोहीबहादुर बस्नेत, खेमराज राई, निरकुमार राई, भरत तामाङ, सुरेन्द्र उदास, झुरेन्द्र पराजुली, शान्तकुमार राईलाई निर्वाचित गरेको थियो। तत्काल बैठकबाट रमेश शाक्य र प्रकाश पौडेललाई मनोनयन गरियो भने पछि ध्यानबहादुर राउत, राजबहादुर राई, इन्द्रकुमार श्रेष्ठलाई समेत मनोनयन गरिएको थियो। उता नेकपा (माले) ले मिति ०५७ असोज ६ र ७ गते तत्कालीन नेकपा मालेका महासचिव वामदेव गौतमको प्रमुख आतिथ्यमा तेस्रो अधिवेशन गरेको थियो। अधिवेशनले धनहर्क राईलाई सचिवमा र सदस्यमा तेजबहादुर राई, नारद हार्तम्छाली, जय पाखीन, गन्जधन राई, विन्द्रमान राई, हरिबहादुर राई, नरेन्द्र प्रधान, घमानसिंह राई, वीरजङ्ग राई, प्रकाश राई, कृष्णप्रसाद राई, करुण राई, मणि राई, देवीराम चौलागाईं, जयन्ती राई र पछि वैकल्पिकमा कृष्ण बस्नेत र प्रमोद शेर्पा थप हुनुभएको थियो।

यस प्रकार अलग-अलग तेस्रो अधिवेशन गरी क्रियाशील रहेको नेकपा (एमाले) र नेकपा मालेबीच पार्टी एकीकरण केन्द्रमा भइसकेपछि जिल्लाको पार्टी एकीकरण हार्दिक एवं सौहार्द्रपूर्ण वातावरणकाबीच ०५८ चैत १८ गते औपचारिक रूपमा सम्पन्न भएको थियो। एकीकृत कमिटी नेकपा (एमाले) का सचिव शेरधन राईको नेतृत्वमा एमालेको तेस्रो अधिवेशनबाट निर्वाचित २३ सदस्यीय सबै र नेकपा (माले)को तर्फबाट ६ पूर्ण र तीन वैकल्पिक गरी जम्मा नौ जना कमरेडहरू क्रमशः जयन्ती राई, भूलानाथ राई, हरिबहादुर राई, वीरजङ्ग राई, विन्द्रमान राई, देवीराम चौलागाईंलाई पूर्ण सदस्यमा र घमानसिंह राई, करुण राई र गन्जधन राईलाई वैकल्पिक सदस्यमा समाहित गरिएको थियो। यस एकीकृत जिल्ला कमिटीले ०६० वैशाख २०-२२ गते चौथो जिल्ला अधिवेशन कोसी इन्चार्ज भीम आचार्यको प्रमुख अतिथ्यमा सम्पन्न गऱ्यो। अधिवेशनले सचिवमा शेरधन राई र सदस्यमा क्रमशः दानबहादुर राई, सुरेन्द्र उदास, खगेन्द्र राई, दीपेन्द्र थापा, शिवराज सापकोटा, मीत्रबहादुर अधिकारी, लक्ष्मण खड्का, भूलानाथ राई, हरिबहादुर राई, अर्जुन राई, दिव्यध्वज राई, झुरेन्द्र पराजुली, शुभलक्ष्मी राई, टीकाकुमार विष्ट, भरत तामाङ, गन्जधन राई, ध्यानबहादुर राउत, गणेश श्रेष्ठ, रमेश शाक्य, राजेन्द्र पराजुलीलाई निर्वाचित गऱ्यो। त्यसमध्ये दीपेन्द्र थापा र राजेन्द्र पराजुलीलाई कमिटीले बिदा दियो भने क्रमशः कमरेडहरू प्रेमबहादुर राई, वीरजङ्ग राई, देवीराम चौलागाईं, कृपाराम राईलाई पूर्ण सदस्यमा र वैकल्पिकमा कमरेडहरू विष्णुकुमार राई, बहादुर राई, भीमप्रसाद राई, हर्कबहादुर राई, तीर्थकुमार राई र हीरा प्रधानलाई मनोनयन गरी हाल २९ सदस्यीय जिल्ला कमिटी क्रियाशील रहेको छ। यसप्रकार भोजपुरमा कम्युनिस्ट पार्टी गठन भएदेखि वर्तमान अवस्थासम्म अनेक उतार-चढावका साथ आइपुग्ने क्रममा ००८ सालमा गठन भएको जिल्ला पार्टी ०१७ सम्म क्रियाशील रहेको देखिन्छ। त्यसपश्चात् मृतप्रायः बनेको कम्युनिस्ट पार्टीको राजनीति ०२५/२६ देखि ०३४/३५ सम्म विभिन्न कम्युनिस्ट समूहहरूको विचारधाराहरूले प्रवेश पाई छिटफुट गतिविधिहरू भएको देखिन्छ। ०३५ सालपछि नेकपा (माले) को औपचारिक प्रवेश र सङ्गठन निर्माणपश्चात् ०३५/४७ सम्म नेकपा (माले)ले सङ्गठित रूपमा राजनीतिक गतिविधि सञ्चालन गरेको देखिन्छ। यही नेकपा (माले)को राजनीति र सङ्गठनात्मक धरातल नै नेकपा (एमाले)को आधारभूमि रह्यो। बहुदल आएपछि व्यापक जनताबीच पुग्ने क्रममा नेकपा (एमाले) को राजनीतिक प्रभाव र वर्चस्व एकछत्र रूपमा रहँदै आएको छ। पार्टीले आह्वान गरेको र सञ्चालन गरेको, चाहे त्यो टनकपुर सन्धिको विरोधमा होस्, कर्मचारी आन्दोलनमा होस्, धमिजा काण्डको विरोधमा होस्, काङ्ग्रेसी कुशासन, महँगी, भ्रष्टाचारविरोधी र लाउडा प्रकरणमा होस्, दासढुङ्गा हत्याकाण्डको विरोधमा होस् वा गाँजा अभियान, शुशुअभियान, वैचारिक अभियान, शान्तिजन अभियान वा प्रतिगमनविरोधी आन्दोलन होस्, सबै आन्दोलनका कार्यक्रमहरूलाई जिल्लामा सशक्त र प्रभावकारी एवं उपलब्धिपूर्ण रूपमा सञ्चालन एवं सम्पन्न गरिएका छन्।

**निर्वाचनमा कम्युनिस्ट पार्टीको सहभागिता**

०१५ सालको आमनिर्वाचनमा कम्युनिस्ट पार्टीले औपचारिक रूपमा भाग लिएको थियो। त्यस निर्वाचनमा कम्युनिस्ट पार्टीका उम्मेदवारहरू हर्कबहादुर श्रेष्ठ र मछिन्द्रबहादुर राई हुनुहुन्थ्यो। निर्वाचनमा जनमत राम्रै देखिएको थियो। त्यसपश्चात् ०४३ सालमा तत्कालीन नेकपा (माले) ले लिएको चुनाव उपयोगको नीतिअनुसार निर्वाचनमा उठेका उम्मेदवारहरूमध्ये शशिभूषण किराँतलाई पार्टीले पूर्ण पक्षपोषण गरेको थियो। त्यस्तै अर्का वामपन्थी उम्मेदवार सीताराम तामाङलाई पार्टीले समर्थन गरेको थियो। त्यस निर्वाचनमा चुनाव नजिते पनि हजारौं मतका साथ पञ्चायती निरङ्कुशताको भण्डाफोर गर्ने काम काफी मात्रामा भएको थियो। यता ०४७ सालको

परिवर्तनपछिका सम्पूर्ण निर्वाचनहरू नेकपा (एमाले)ले आफ्नो कब्जामा राख्दै आएको छ । ०४८ सालको आमनिर्वाचनमा पार्टीको तर्फबाट नरेन्द्र बस्नेत, हेमराज राई, धनहर्क राई अत्यधिक मतले निर्वाचित हुनुभयो भने २०५१ मा हेमराज राई र धनहर्क राई निर्वाचित हुनुभयो । ०५४ मा पार्टी विभाजन भएपछि ०५६ मा भएको आमनिर्वाचनमा पार्टी विभाजन र त्यसको ठूलो असरका बाबजुद भारी मतले घनेन्द्र बस्नेत र शेरधन राई पार्टीको तर्फबाट निर्वाचित हुनुभएको थियो । त्यस्तै स्थानीय निर्वाचन ०४९ मा पूर्ण बहुमत पार्टीले हासिल गरेको थियो । जिविसमा सभापति शशिभूषण किराँत र उपसभापति हरिप्रसाद न्यौपानेसहितको नेतृत्व निर्वाचित भएको थियो । ०५४ सालको स्थानीय निर्वाचनमा अपवाद केही गाविसबाहेक सम्पूर्ण गाविस कब्जा गरी जिविसमा सभापति शान्त प्रधान र उप-सभापति जयन्ती राईसहितको सम्पूर्ण पद एमालेको कब्जामा रहेको थियो । यसरी जिल्लाको राजनीतिमा एकछत्र प्रभाव र वर्चस्व कायम राख्नसकेकै परिमाणस्वरूप सम्पूर्ण निर्वाचनहरू आफ्नो कब्जा र वर्चस्वमा राख्दै जिल्लाको कम्युनिस्ट आन्दोलन र जिल्लावासीको भाग्य र भविष्यको फैसला गर्ने विकास निर्माणको मूल संवाहकको जिम्मेवारी आफ्नो काँधमा बोकेर नेकपा (एमाले) ले जिल्लाको कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाइरहेको छ ।

**राष्ट्रिय व्यक्तित्व र प्रतिभा**

भोजपुर जिल्ला मुलुकको राजनीतिमा मात्र होइन- प्रशासन, साहित्य, सङ्गीत, कलाको क्षेत्रमा राष्ट्रिय व्यक्तित्व एवं प्रतिभाहरू जन्माउने खानीको रूपमा समेत परिचित छ । वर्तमान नेकपा (एमाले) को केन्द्रीय नेतृत्वमा आधा दर्जन नेताहरू क्रमशः प्रदीप नेपाल, मुकुन्द न्यौपाने, घनेन्द्र बस्नेत, केदार न्यौपाने, विद्या भण्डारी, हेमराज राई भोजपुरले जन्माएका नेताहरू हुनुहुन्छ । विघटित प्रतिनिधिसभा र तत्कालीन राष्ट्रिय सभामा एकदर्जन भन्दा बढी सांसदहरू भोजपुरले जन्माएका हुनुहुन्थ्यो भने देशको सर्वाधिक शक्तिशाली एवं लोकप्रिय विद्यार्थी सङ्गठन अनेरास्ववियुको केन्द्रीय कमिटीमा दुईपटक अध्यक्ष हुने राजेन्द्रकुमार राई पनि भोजपुरकै छोरा हुन् । त्यस्तै जनवादी सांस्कृतिक आन्दोलनका प्रमुख हस्ती मञ्जुल, *'गाउँगाउँबाट उठ, बस्ती बस्तीबाट उठ'* भन्ने जनवादी गीतका स्रजक श्याम तमोट, जनवादी गायक चेतनारायण राई, वरिष्ठ सङ्गीतकार बुलु मुकारुङलगायत प्रशासनतर्फको मुख्य सचिवदेखि वरिष्ठ सङ्गीतकार, गीतकार, साहित्यकार र कलाकारहरूको ठूलो पङ्क्तिलाई भोजपुरले जन्म दिएको छ ।

अन्त्यमा भोजपुरको कम्युनिस्ट आन्दोलन गौरवपूर्ण र प्रेरणादायी मात्र छैन, भोजपुरे जनताको एक मात्र विश्वास एवं भरोसाको केन्द्रको रूपमा रहँदै आएको छ । जिल्लावासीको विकास निर्माण र उन्नत एवं सुन्दर भविष्यको संवाहकसमेत रहँदै आएको छ । लामो प्रतीक्षापछि मोटरबाटो खन्ने काम सुरु भएर जारी छ । वर्तमान राष्ट्रिय सङ्कट र द्वन्द्वको प्रभावले थोरै खुम्चिएर निरासा, चिन्ता छाए पनि भोजपुरे क्रान्तिकारीहरू हतोत्साहित भएका छैनन् । यसप्रकार भोजपुरको समग्र कम्युनिस्ट एवं प्रजातान्त्रिक आन्दोलन अगाडि बढिरहेको छ ।

# गुयना : संसदीय सङ्घर्षको उदाहरण

## ' भक्त गुरुङ

**सानो र सुन्दर राष्ट्र**

दुई लाख १४ हजार नौ सय ७० वर्ग किमिमा फैलिएको दक्षिण अमेरिकी राष्ट्र गुयनाको पूर्वमा उत्तरी एटलान्टिक महासागर, पश्चिममा ब्राजिल, उत्तरमा भेनेजुएला र दक्षिणमा सुरिनाम देश पर्दछ । देशको कुल जनसङ्ख्या सात लाख ६५ हजार दुई सय ८३ को ५० प्रतिसत इन्डियनमूलका, ३६ प्रतिशत काला अफ्रिकन मूलका, सात प्रतिशत अमेरिकी-इन्डियन मूलका र सात प्रतिशत गोरा-चिनियाँ तथा अन्य जातिका मानिसहरू छन् । कुल जनसङ्ख्याको ९८.८ प्रतिशत जनता साक्षर रहेको यस देशको मुख्य भाषाहरूमा अङ्ग्रेजी, हिन्दी, उर्दू, अमेरइन्डियन र इरोल भाषा हुन् । मुख्य रूपमा कृषिमा आधारित अर्थतन्त्र रहेकाले यहाँका मानिसहरूको मुख्य पेसा उखु, धान, गहुँ, तरकारी, तेल, पशुपालन, माछापालन र सुन उत्पादन हुन् । मुख्यतः चिनी, धान, काठ, कपडा र सुन उत्पादनका उद्योगहरू रहेको यहाँका जनताको प्रतिव्यक्ति आय वार्षिक तीन हजार आठ सय अमेरिकी डलर रहेको छ ।

साम्राज्यवादी शक्तिहरूले दास बनाएका गुयनाली जनताले पटकपटक दासताविरोधी आन्दोलन लडेका छन् । सन् १७६३, १८२३ को दासताविरोधी प्रतिरोधहरूका कारण नै गुयनाली जनताले दासताबाट मुक्ति पाए । दासताका साँगलाहरू चुडाइए पनि औपनिवेशिक शोषणबाट मुक्त नहुँदा यहाँका आदिवासीहरूले आफ्नो मातृभूमि छाड्नुपर्‍यो । कामदारहरूको अभावलाई पूर्ति गर्न दासमालिकहरू इस्टइन्डिया (भारत) र अफ्रिकाबाट दासहरू झिकाउनेतर्फ लागे । सन् १८३८ मे ५ मा तीन सय ९६ जना भारतीय दासहरू प्रवेश गरेपछि त्यसको सङ्ख्या सन् १९१७ सम्ममा दुई लाख ३८ हजार पुगिसकेको थियो । उत्तिकै सङ्ख्यामा काला अफ्रिकनहरूको प्रवेश भइसकेको थियो । यसरी गुयनामा आप्रवासीहरूको बाहुल्यता रहन पुग्यो । ती भारतीय र अफ्रिकन दासहरूलाई दासमालिकद्वारा क्रूर, जङ्गली, अर्धमानव, अन्यायीजस्ता नाममा विभाजन गरी चरम शोषणको जाँतोमा पिँधेका थिए । यसरी आन्तरिक रूपमा दासमालिकहरूको चरम शोषण र बाह्य रूपमा साम्राज्यवादीहरूको आधिपत्य र शोषणको जन्जिरबाट मुक्ति पाउन यो सानो राष्ट्र गुयना छट्पटाइरहेको थियो ।

नेपाली जनता निरङ्कुश-जहाँनियाँ राणाशासन विरुद्ध लडिरहेकै समय गुयनाली जनता ब्रिटिस औपनिवेशवादका विरुद्ध स्वतन्त्रताको युद्ध लडिरहेका थिए । यो युद्धको अगुवाइ गुयनाली जन-प्रगतिशील पार्टी (People's Progressive Party of Guyana-PPP) र उनका नेता डा.चेड्डि जागनले गरेका थिए । अमेरिकामा आफ्नो अध्ययन पूरा गरी गुयना फर्किएका २५ वर्षीय युवा जागनले आफ्नो देशमा अमानवीय रूपमा व्याप्त शोषण, अन्याय-अत्याचार, गरिबी, अशिक्षा, बेरोजगारी र अभावलाई नजिकबाट देखे र बुझे । युवा जागनले यस शोषणबाट मुक्तिको एउटै मात्र उपाय ब्रिटिस उपनिवेशवादको अन्त्य र गुयनाली जनताको स्वतन्त्रता भएको निष्कर्ष निकाली राष्ट्रिय स्वतन्त्रताका लागि क्रान्तिको झण्डा उठाए । उनले देशभरका शोषितपीडित दास, कामदार, मजदुरहरूलाई स्वतन्त्रताको युद्धमा उत्रिन आह्वान गरे । र, जनतालाई सङ्गठित गर्न सुरु गरे ।

**जनप्रगतिशील पार्टीको गठन**

सन् १९४६, नोभेम्वर ६ मा डा. जागन, उहाँकी श्रीमती जेनेट जागन, जोक्लिन र अस्टन चेजले राजनीतिक समितिको गठन गरे। उक्त समितिले आफ्नो मुखपत्रमा गुयनाको मजदुर तथा प्रगतिशील आन्दोलनलाई सहयोग पुऱ्याउन वैचारिक रूपमा वैज्ञानिक-समाजवादद्वारा सुसज्जित बलियो, प्रभावशाली र अनुशासित पार्टीको स्थापना गर्ने प्रमुख उद्देश्य रहेको कुराको घोषणा गरे। यो समितिले गुयनाली जनताको आर्थिक, सामाजिक तथा राजनीतिक मुद्दाहरूमा राजधानी सहर जर्जटाउन र अन्य ठाउँहरूमा छलफल गर्न विभिन्न जनसभाहरूको आयोजना गरे। सोही वर्ष महिलाहरूको बीचमा काम गर्न जेनेट जागनको नेतृत्वमा बिनिफोर्ड गास्किन, फ्रान्सिस स्टाफोर्डजस्ता महिला योद्धाहरू रहेको 'महिलाहरूको आर्थिक-राजनीतिक सङ्गठन' खोले। नोभेम्वर २४, १९४७ मा सीमित मताधिकार प्राप्त आमनिर्वाचनमा डा.जागन र जेनेट जागनले स्वतन्त्र उम्मेदवारको रूपमा भाग लिए। जेनेट पराजित भए पनि डा.जागन निर्वाचनमा विजयी बने र २९ वर्षको उमेरमा विधानसभासद्को रूपमा आफूलाई प्रस्तुत गरे। सो प्रथम विजयसभालाई सम्बोधन गर्दै डा.जागनले भनेका थिए, "आज हामी गुयनाली जनताले जितेका छौँ, अब हाम्रो सङ्घर्ष प्रारम्भ भएको छ।"

यो राजनीतिक समितिको अग्रसरतामा १९४८ मा मजदुरहरूको बीचमा काम गर्न जोसेफ लक्ष्मण सिंहको नेतृत्वमा गुयना औद्योगिक मजदुरहरूको युनियन गठन गरे। यसले सम्पूर्ण मजदुरहरूलाई सङ्गठित गर्दै उनीहरूको हकअधिकारका लागि सङ्घर्षको सुरुवात गरे। सङ्घर्षकै दौरान मजदुरहरूको तलव कटौती गर्ने फिल्डप्रणाली लागू गरिएकोमा त्यसको विरोध गर्न मजदुरहरूद्वारा आह्वान गरिएको आन्दोलनमा प्रहरीद्वारा पाँच मजदुरको हत्या गरे। सो हत्याको विरोधमा देशव्यापी सभाहरू भए। सहादत प्राप्त सहिदहरूको सोकसभामा डा. जागनले रगतलाई साक्षी राख्दै भनेका थिए, "अब ब्रिटिस साम्राज्यवादको अन्त्य नजिकिँदैछ, गुयनाली जनताले आफ्नो सम्पूर्ण जीवन शोषण, अन्याय-अत्याचारको अन्त्य र राष्ट्रिय मुक्तिको आन्दोलनमा समर्पित गर्ने छन्।"

यसरी देशव्यापी रूपमा आन्दोलनको आँधीबेहरी सुरु गरेको राजनीतिक समितिले जनवरी १, १९५० मा जन-प्रगतिशील पार्टी गठन गरेको औपचारिक घोषणा गरे। यसको नेताको रूपमा डा.जागन, अध्यक्षमा बर्नहाम र सचिवमा जेनेट जागनलाई नियुक्त गरिए। यसको पहिलो केन्द्रीय कार्यालय डा. जागनको दन्त क्लिनिकको भवनमा नै रहने निर्णय गरे। यसरी गुयनाको इतिहासमा मार्क्सवाद-लेनिनवादको वैचारिक-सैद्धान्तिक दर्शनबाट सुसज्जित न्याय, समानता र स्वतन्त्रताका लागि लड्ने शोषितपीडित जनताको पहिलो पार्टीको स्थापना भयो। व्यापक युवाहरूलाई सङ्गठित गर्न पार्टीको युथ-सेक्सनको रूपमा सन् १९५२ मा 'पाइनियर युथ लिग' गठन गरे। सुरुवातको वर्षमै सरकारद्वारा प्रतिबन्ध लगाएपछि प्रगतिशील युवक सङ्गठनको रूपमा यसले आफ्नो भूमिगत गतिविधि अगाडि बढायो।

**संसदीय सङ्घर्षको उत्कृष्ट नमुना**

व्यापक जनताको सहभागितामा संसदीय सङ्घर्षकै माध्यमबाट न्याय, समानता र स्वतन्त्रताका लागि राष्ट्रिय मुक्ति आन्दोलन सम्भव हुन्छ भन्ने कुरा डा.जागनको अगुवाइमा जन-प्रगतिशील पार्टीले व्यवहारबाट प्रमाणित गरी देखाए। यो संसदीय सङ्घर्षको उत्कृष्ट नमुना थियो। सदियौँदेखि औपनिवेशिक दासतामुनि पिल्सिएको देशलाई मुक्ति दिलाउने कुरा साधारण कुरा थिएन। पार्टीले डा.जागनको अगुवाइमा संसदीय मोर्चाको उपयोग गर्दै "राष्ट्रिय मुक्तिका लागि संसद्बाटै ब्रिटिस साम्राज्यवादको भण्डाफोर गर्ने" नीति अख्तियार गरे। ब्रिटिस साम्राज्यवादविरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा तिव्र विरोध-अभियानहरू सञ्चालन गरिए। अन्ततः गुयनाली जनतासामु ब्रिटिस-साम्राज्यवादले घुँडा टेक्नै पऱ्यो र मे २६, १९६६ मा गुयना स्वतन्त्र भएको घोषणा भयो। यही डा. जागनको अगुवाइमा रहेको जन-प्रगतिशील पार्टी थियो, जसले ब्रिटिस साम्राज्यवादलाई गुयनाबाट सदासदाका लागि लखेट्यो र आफ्नो मातृभूमिलाई स्वतन्त्रता दिलायो। तब त गुयनाली जनता आज डा.जागनलाई ***'फादर अफ गुयना'*** भनी पुकार्छन् र उनको मृत्युपछि पनि उनलाई उच्च सम्मान दिँदै स्नेहपूर्वक आफ्नो मुटुमा ठाउँ दिन्छन्।

कहिल्यै घाम नअस्ताउने देश भनी कहलिएका ब्रिटिस साम्राज्यविरुद्ध युद्ध लडी स्वतन्त्रता पाउने कुरा सानो राष्ट्र गुयनाका लागि सजिलो थिएन। तथापि, डा.जागनले गुयनाली जनताको सङ्गठित शक्तिलाई राम्रैसँग उपयोग गरे। उनले पार्टीलाई नगर (काउन्टी) देखि संसद्को निर्वाचनसम्म योजनाबद्ध रूपमा सहभागी गराए। उनले आफ्नी श्रीमती जेनेटसहित १९४७ को संसदीय आम-निर्वाचनमा स्वतन्त्र उम्मेदवारको रूपमा सहभागी बने र विजयी बने। सन् १९५० मा जर्जटाउन काउन्सिल निर्वाचनमा तीन जना उम्मेदवारहरू डा.जागन, बर्नहाम र जेनेट जागन सहभागी बने र जेनेट जागन विजयी भए। सोही वर्ष Waddington Constitution Commission ले गुयना भ्रमण गरेको समय पार्टीको तर्फबाट आधुनिक संविधान र बालिग मताधिकारको आमनिर्वाचन प्रणालीको माग राखी देशव्यापी आन्दोलनको घोषणा गऱ्यो। अन्ततः उक्त कमिसनले पार्टीको मागलाई ग्रहण गर्न बाध्य भयो। र, पहिलोपटक बालिग मताधिकारको आधारमा २४ अप्रिल १९५३ मा निर्वाचन सम्पन्न भयो। जम्मा २४ सदस्य रहने विधानसभाको निर्वाचनमा जन-प्रगतिशील पार्टीले १८ सिटमा विजयी बनी सरकार गठन गऱ्यो।

सरकारले ब्रिटिस सरकारद्वारा लादिएको दमनकारी प्रकाशन ऐन र मजदुरविरोधी श्रम कानुनको खारेज गरी प्रगतिशील प्रकाशन ऐन र प्रगतिशील श्रम सम्बन्ध ऐन लागू गरे। जसलाई ब्रिटिस सरकारद्वारा कम्युनिस्ट विचारको ऐन भनी तीव्र विरोध गरी अस्वीकार गरे। सरकारले व्यापक जनताको पक्षमा देशव्यापी आर्थिक-सामाजिक सुधारका कार्यक्रमहरू लागू गर्न थालेपछि ब्रिटिस सरकारले गुयनाको संविधान निलम्बन भएको घोषणा गरी सरकारलाई अपधस्थ गरे। देशमा तत्काल सङ्कटकालको घोषणा गऱ्यो र तत्कालै गुयनामा ब्रिटिस सेना तैनाथ गरिए। डा.जागनले आफ्ना कुरा ब्रिटिस जनतासामु राख्न बेलायत भ्रमणमा निस्के। त्यहाँ उनले ठूल्ठूला सभाहरूमा गुयना र ल्याटिन अमेरिकाको तत्काल स्वतन्त्रताको मागहरू प्रस्तुत गरे। डा.जागनले सोही समय भारतको भ्रमण गरी प्रधानमन्त्री जवाहरलाल नेहरू र मन्त्रिपरिषद्का सदस्यहरूलाई भेट गरी आफ्नो कुरा राखे।

गुयनामा ब्रिटिस गभर्नरले आफ्नो कठपुतली सरकारको गठन गरे । जसमा पूर्व निर्वाचनमा पराजित भएका व्यक्तिहरूलाई सहभागी गराइएको थियो । यो सरकारले डा.जागन सरकारले अगाडि बढाएका सम्पूर्ण सुधारवादी ऐन, कानुन र कार्यक्रमहरूको खारेजी गरे । डा. जागन र उनका पार्टीका नेता, कार्यकर्ताहरूलाई व्यापक धरपकड गरी दुःख दिने काम सुरु गरियो । डा. जागन र जेनेट जागनलाई हिँडडुल गर्न प्रतिबन्ध लगाए । प्रतिबन्धलाई तोडेको आरोपमा दुवै जनालाई छ/छ महिनाको कैद सजाय सुनाइयो । उनका कार्यकर्तालाई कुटपिट गरियो । समर्थकहरूलाई नोकरीबाट निकालियो । यसरी देशमा व्यापक दमन र धरपकड सुरु गरियो । तर, दमनको प्रतिरोधमा देशव्यापी रूपमा सशक्त प्रतिरोधहरूको सृष्टि भयो ।

अगस्ट १९५७ मा सीमित ठाउँहरूमा संसद्को निर्वाचन भयो । जम्मा १४ स्थानमा भएको उक्त निर्वाचनमा जनप्रगतिशील पार्टीले नौ सिटमा विजयी हासिल गऱ्यो । डा.जागन चिफ मिनिस्टरमा निर्वाचित भए । यो सरकारलाई ब्रिटिस सरकारले पूर्ण रूपमा असहयोग गऱ्यो । ब्रिटिसले मात्र नभई अब त अमेरिकाको सीआईएसमेत डा. जागन सरकारविरुद्ध एकजुट भएका थिए । सीआईएकै उक्साहटमा फुटेर गएका नेता बर्नहामको नेतृत्वमा देशमा विभिन्न जातीय दङ्गा, हुलदङ्गा, हडताल, विद्रोह आदिको सिर्जना गर्न थाले र देशमा अशान्ति र अस्थितरता पैदा गर्ने काम गरे । सरकारका मन्त्रीहरूमाथि नै पटकपटक भौतिक हमला गर्न थाले । डा.जागनलाई भौतिक रूपमा नै समाप्त गर्न कयौं आक्रमणहरू भए । बर्नहामको कार्यालयमा छापा मार्दा डा.जागनको हत्या गर्न X-13 Plan को नामले कुख्यात् योजना सीआईए र बर्नहामले तयार पारेको कागजात फेला परे । डा.जागनका समर्थकहरूमाथि राजधानी सहरमा हमला गरियो । देशमा व्यापक अशान्ति, भय र त्रासको अवस्था सिर्जना गरी डा.जागनको सरकारलाई पुनः अपदस्थ गरियो । साथै, ब्रिटिस सरकारले संसदीय निर्वाचन प्रणालीको अन्त्यको घोषणा गऱ्यो र समानुपातिक आधारमा सरकार बनाउने षड्यन्त्र सुरु गरियो ।

**विभाजनको पीडा**

डा.जागनले षड्यन्त्रमूलक निर्वाचनहरूमा पराजित हुनुपर्दा कुनै हरेस खाएनन् । बरु उनले आफ्नो पार्टीलाई सही रूपमा मार्क्सवादी-लेनिनवादी बनाउँदै पार्टीलाई पुनर्संरचना गर्नेतर्फ लागे । पार्टीभित्र अवसरवादी तत्त्वहरूले सधैँ चलखेल गरिरहँदा त्यो पराजयको दुःखद पीडा उनले भोगेका थिए । अन्ततः बर्नहामजस्ता अवसरवादी नेतालाई प्रयोग गरी ब्रिटिस-अमेरिकी साम्राज्यवादीहरूले जन-प्रगतिशील पार्टीलाई नै फुटाउने काम गरे र यो क्षति बेहोर्नुपऱ्यो । यस्ता षड्यन्त्रहरूलाई राम्ररी बुझेका डा.जागनले पार्टीको साङ्गठनिक संरचनालाई बदलेर नेता र अध्यक्षजस्ता पदहरूलाई हटाई महासचिवीय पद्धतिमा पार्टीको सङ्गठनलाई विकास र विस्तार गर्न सुरु गरे । परिणामतः अक्टुवर ५, १९९२ को संसदीय निर्वाचनमा जन-प्रगतिशील पार्टीले ५४ प्रतिशत मत प्राप्त गरी संसद्मा बहुमत हासिल गरे । र, जन-प्रगतिशील पार्टीका महासचिव तथा गुयनाली जनताका पिता डा.चेड्डि जागन गुयनाको राष्ट्रपतिमा निर्वाचित भए । सोही पार्टीका नेता साम हिन्डसले प्रधानमन्त्रीको पदभार ग्रहण गरे । मार्च ६, १९९७ मा डा. जागनको दुःखद निधन भयो । र, राष्ट्रपति पदमा साम हिन्ड्स र प्रधानमन्त्रीमा श्रीमती जेनेट जागनलाई नियुक्त गरिए । पार्टीको २९ मार्च १९९७ मा सम्पन्न महाधिवेशनद्वारा पार्टीको महासचिवमा डोनाल्ड रामोटारलाई सर्वसम्मतिले निर्वाचित गऱ्यो । १९९७ को आम-निर्वाचनमा ५५ प्रतिशत मत प्राप्त गरी राष्ट्रपतिमा गुयनाली जनताकी छोरी तथा न्याय, समानता र स्वतन्त्रता सङ्ग्रामकी प्रतिमूर्ति श्रीमती जेनेट जागन निर्वाचित भइन, उपराष्ट्रपति पदमा भरत जगदेव र प्रधानमन्त्रीमा पुनः साम हिन्डस नियुक्त भए । अगस्ट ११, १९९९ मा श्रीमती जागनको स्वास्थ्यमा प्रतिकुलता आएपछि उपराष्ट्रपति भरत जगदेवलाई राष्ट्रपतिमा नियुक्त गरियो । मार्च १९, २००१ मा सम्पन्न आम-निर्वाचनमा बहुमत प्राप्त गरी भारत जगदेव पुनः राष्ट्रपति र साम हिन्ड्स प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । यसरी सन् १९९२ देखि हालसम्म १३ वर्ष लगातार जन-प्रगतिशील पार्टीको सरकार गुयनाली जनताको सेवामा समर्पित भएर लागेको छ ।

◆

# जीवनको गीत गाउने कविताहरू

जीवनको मूल्य लिलाम भइहरेको वर्तमानमा कवि अमर गिरी आफ्नो दोस्रो कवितासङ्ग्रह *'तर पनि हामी जीवित छौँ'* ल्याएर पाठकसामु आइपुगेका छन् । जीवित हुनु नै बहादुरी ठानिने विडम्बनापूर्ण समयमा यस सङ्ग्रहमा गिरीले जीवनको मूल्य खोज्दै यसका विरोधीहरूमाथि एक होइन, अनेक कोणबाट प्रहार गरेका छन् । साहित्यका नियमित पाठकका लागि अमर गिरी नयाँ नाम होइन । मोफसलमा बसेर गम्भीर र सबै दृष्टिले आफ्नो ठाउँमा अब्बल दर्जाका कविता रचना गर्ने गिरी राजधानी भित्रिएको धेरै भएको छैन । तर, यही छोटो समयकै बीचमा उनले काठमाडौँको भूगोलमा पनि आफ्नो भाग खोजेका छन्, अनुनयको भाकामा होइन, हुँकार र अधिकारको भाकामा *'तर पनि हामी जीवित छौँ'* मार्फत ।

द्वन्द्वको आधारभूमि राप्तीको डाङमा बसेर लामो समय युद्धको त्रास भोगेको, युद्धको अभिसाप महसुस गरेको र यसका सैद्धान्तिक केस्रा केलाएकाले होला, अमर गिरीका कविताहरू कुनै न कुनै रूपमा यससँग जोडिएका छन् । युद्धजन्य जटिलताबाट यो युग कसरी अधोगतितिर लाग्दैछ र मानवीय मूल्य र जीवन कसरी अवमूल्यन हुँदैछ भन्ने विषयवस्तु नै उनका कविताको केन्द्रीय विषयवस्तु हो । त्यसबाहेक सामाजिक विसङ्गति र आन्तरिक विघटनको विषयलाई कविले महत्त्व दिएका छन् । आस्थाको लिलामी कविलाई स्वीकार्य छैन, कसैको गुलामी उनलाई पाच्य छैन र स्वार्थको आहालमा बस्न उनलाई कुनै रहर छैन । त्यसको सट्टा उनी निमुखाको आवाजलाई आफ्ना कवितामा उतार्छन्, भोकाको भोकलाई अनुभूत गर्ने प्रयत्न गर्छन् र उत्पीडितको पीडामा ऐक्यबद्धताको मुठी उचाल्छन् । यस आधारमा उनी प्रगतिवादी कवि हुन् र वर्गीय पीडालाई मुखरित गर्ने गायक हुन् भन्न जो-कसैले पनि सजिलै सक्छ ।

आत्मसमर्पणको यो समयमा कवि त्यसका विरुद्ध सम्झौताहीन सङ्घर्षको पक्षमा छन् । संसार बदल्ने बाटोबाट विचलित हुनेहरूलाई कवि घृणा गर्छन् :

*तपाईंले बुनिदिएका सपनाहरू*
*मानिसका आँखामा अहिले पनि जिउँदै छन्*

*केही गर्छ कि राममानले भनेर*
*गाउँलेले मलाई सोधेका सोध्यै छन्*
*भन्नुस् त राममान आफैँ सपना बाँडेर*
*आफैँ सपनाको हत्या किन गर्नुभयो ?*
*जुन धर्ती टेकेर अग्लिनुभो*
*त्यही धर्तीलाई किन बिर्सिनुभो ?*

**(कसरी बदलिनुभयो तपाईं ? : ८४ )**

अमर गिरी पीडाका कवि हुन्, संवेदनाका स्रष्टा हुन् र श्रमका प्रशंसक हुन् । संसार बनाउने परिश्रमी हातहरूप्रति कविको असीम विश्वास छ, आस्था छ । उनी त्यसप्रति गर्व गर्छन् । कवि महलमा होइन, त्यसको निर्माणमा पोखिएको पसिनामा सौन्दर्य देख्छन् । उनी कौसीमा सजाइएको गमलामा होइन, त्यसमा फुलेको फूलको पत्रमा पसिना नै देख्छन् :

*पसिनाबिना/म कल्पना गर्न सक्दिनँ*
*संसारकै/जीवनको/सौन्दर्यको*
*हेर्छु-*
*कौसीको गमलामा फुलेको*
*गुलाफको फूल/त्यहाँ पनि*
*विचित्र छटासहित/मुस्कुराइरहेको हुन्छ पसिना*
*फूलको पत्रपत्रमा ।*

**(पसिना : ४३)**

युद्धका बाछिटाले नै कविलाई धेरै छोएको छ । जीवन सस्तो हुँदै गएकोमा कविको मूल चिन्ता र सरोकार यस सङ्ग्रहका कविताहरूमा मुखरित भएको पाइन्छ । रोल्पाका निमलाल रोका मारिँदा कविलाई जति पीडा हुन्छ, कैलालीको पन्डौनमा भएको नरसंहारले पनि उनलाई त्यति नै छुन्छ । उनी मूलतः संवेदनाका कवि भएकाले पनि यी र यस्तै घटनाले उनलाई विह्वल बनाउँछ :

*विपना खोसेको छ बन्दुकले*
*सपना खोसेको छ बन्दुकले*
*आफू बाँचेको माटो र वर्तमान खोसेको छ बन्दुकले*
*बन्दुकको नलीबाट बोल्ने राज्य*
*पन्डौनलाई विस्थापित गरेर जङ्गलमा*
*बजाइरहेछ नगरा ।*

**(पन्डौन गाथा : १०)**

जनयुद्धको नाममा प्रकट हुने विवेकहीनतालाई कवि छुट दिने पक्षमा छैनन् । जीवनको शत्रुको रूपमा देखापरेको यो युद्धले कति चेलीको सिउँदो पुछेको छ, कति बालबालिकालाई टुहुरा बनाएको छ र कति आमाबाबुको सहारा खोसेको छ, त्यसभन्दा खतरनाक त यसले यस समयलाई संवेदनाहीन बनाएको छ । उनले कयौँ शोकगीत लेखेका छन्, कयौँ कर्को गाएका छन् कवितामा । दृष्टिदोष र अविवेकका कारण मारिएको रातो सिपाहीको मृत्यमा उनी लेख्छन् :

*परिवर्तन पर्खिएको गरिब घर*
*र डरलाग्दो गरिबी*
*उदास थिए/आफ्नो रातो कमरेडको हत्यामा*
*अवाक् थियो बस्ती/राता कमरेडबाट*
*मारिएकोमा रातो कमरेड*
*रोइरहेका थिए पहाडहरू ।*

**(निमलाल रोका : ३२)**

कवि बाहिरका विसङ्गति मात्र देख्दैनन्, आफैँभित्रका फोहोरका डङ्गुरबाट पनि आजित छन् । दमन, शोषण, उत्पीडन र अत्याचार समाप्त पारेर संसार परिवर्तन गर्ने ध्येयसहित आन्दोलनमा लागेकाहरू विचलित भएर आफैँ परिवर्तन भएको देख्दा उनको मन कुँडिन्छ । परिवर्तनका सपना र सैद्धान्तिक गफले अर्थ राख्दैन भन्नेमा कवि जति स्पष्ट छन्, व्यवहारको अग्निपरीक्षामा उत्तीर्ण हुनुपर्ने चुनौतीलाई स्वीकार्नुपर्नेमा पनि त्यत्तिकै स्पष्ट छन् :

*दराजमा मार्क्स, लेनिन र माओका पुस्तकहरू*
*भित्तामा/मार्क्सदेखि चे ग्वेभारासम्मका तस्वीरहरू*
*कोटको कलरमा पनि उनीहरूकै ब्याच*
*बोलीमा पनि उनीहरूकै उद्धरणहरू*
*यही गरेर/मात्र यही गरेर*
*बनिन्थ्यो भने असल कम्युनिस्ट*
*न ढल्थ्यो सोभियत सङ्घ/न ध्वस्त हुन्थ्यो पूर्वी युरोप*
*न भित्रन्थ्यो/हाम्रो रातो र तातो छातीभित्र*
*विकृति र विसङ्गतिको/डरलाग्दो आहाल ।*

**(कम्युनिस्ट : ११०)**

कविले देखेका, भोगेका र अनुभूति गरेका विषयलाई कवितामार्फत स्वर दिएका छन् । उनका कवितामा सामयिकता जति छ, वैचारिक स्पष्टता र प्रतिबद्धता पनि त्यति नै छ । वैचारिक रूपमा उनी जुन राजमार्गमा हिँडेका छन्, निश्चय नै त्यो राजमार्ग काँडैकाँडाले भरिएको छ तर पनि त्यसको भविष्य निकै सुन्दर छ । त्यसैले उनले जताततै पसिना, श्रम, सीप र सङ्घर्षको समवेत

स्वर उरालेका छन् । दासता र पूजाका उनी कट्टर विरोधी हुन् भन्ने तथ्य उनका कविताले प्रमाणित गर्छन् । वैचारिक प्रतिबद्धता र सैद्धान्तिक निष्ठाबिनाको मान्छे वास्तवमा मान्छेको रूपमा देखापरेको बुख्याचा हो । अमर गिरी बुख्याचा होइनन् । त्यसैले उनका कवितामा हामी बाँचिरहेको युगका दुःख, पीडा, कष्ट र कहर छन् । र, *'तर पनि हामी जीवित छौँ'* सरल, सरस र जीवन्त कवितासङ्ग्रहको रूपमा पाठकसामु आएको छ । *'घाम छेक्ने पहाड'* पछि दोस्रो रचनाको रूपमा आएको गिरीको यस सङ्ग्रहमा विभिन्न कालखण्ड र परिवेशमा लेखिएका ८४ कविता सङ्ग्रहित छन् । नेपाली विषयका गुरु हुँदाहुँदै पनि कवि गिरीको यस सङ्ग्रहमा भेटिने व्याकरणीय अशुद्धिले दाँतमा ढुङ्गा लागेको अनुभव हुन्छ । त्यति हुँदाहुँदै पनि उनको यो कृति पठनीय, सङ्ग्रहणीय र प्रशंसायोग्य छ ।

**' विष्णु रिजाल**